# जगतपाल महाविहार : एक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय
अन्तर्गत स्नातकोत्तर तहको दशौं पत्र परिपूर्तिका लागि
बौद्ध अध्ययन केन्द्रीय विभागमा प्रस्तुत

# शोध–पत्र

प्रस्तुत कर्ता

**संघरत्न बज्राचार्य**

शैक्षिक वर्ष (२०६४/०६५)

त्रिभुवन विश्व विद्यालय

**बौद्ध अध्ययन केन्द्रीय विभाग**

कीर्तिपुर, नेपाल ।

वि.सं. २०६६

`

त्रिभुवन विश्वविद्यालय
**मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्था**
## बौद्ध अध्ययन केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं ।

२०६७।९।१३

## स्वीकृति–पत्र

यस बौद्ध अध्ययन केन्द्रीय बिभागबाट बौद्ध अध्ययनमा स्नातकोत्तर तहको दशौंपत्रको आवश्यकता परिपूर्ति गर्न गठित विशेषज्ञ टोलीबाट सोधकर्ता संघरत्न बज्राचार्यद्वारा लेखिएको **जगतपाल महाविहार : एक अध्ययन** शीर्षकको शोधग्रन्थलाई स्वीकृति गरिएको छ ।

स्वीकृत गर्ने

१) ..................................

डा. मिलनरत्न शाक्य (विभागीय प्रमुख)

२) ..................................

श्री शुकसागर श्रेष्ठ (बाह्य परीक्षक)

३) ...................................

डा. भद्ररत्न बज्राचार्य (शोध निर्देशक)

`

# सिफारिश पत्र

**"जगतपाल महाविहार : एक अध्ययन"** शीर्षकको शोधग्रन्थ, शोधकर्ता संघरत्न बज्राचार्यले त्रि.वि.वि. मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत बौद्ध अध्ययन विषयमा स्नातकोत्तर उपाधिको निमित्त दशौंपत्रको परीक्षा पूरा गर्न मेरो निर्देशनमा तयार गरेको हो । यो शोधग्रन्थ स्वीकृतिको निमित्त सिफारिश गर्दछु ।

.........................................

डा.भद्ररत्न बज्राचार्य

मिति : २०६७७२९

`

# कृतज्ञता ज्ञापन

**"जगतपाल महाविहार एकः अध्ययन"** शिर्षकको यो शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तरगत बौद्ध अध्ययन विषयमा स्नातकोत्तर उपाधिको निमित्त दशौं पत्र (१०० अंक) कोलागि तयार पारिएको हो । शोधग्रन्थ तयार गर्ने कार्यमा आवश्यक सुझाव र सहयोग प्रदान गर्नु भएका बौद्ध अध्ययन केन्द्रीय विभागका प्रमुख गुरु डा. मिलनरत्न शाक्यज्यू र शोध निर्देशकको रुपमा बहुमूल्य सुझाव तथा आफ्नो अमूल्य समय प्रदान गर्नु भई निर्देशन दिनु हुने आदरणिय गुरु डा. भद्ररत्न बज्राचार्यज्यू प्रति पनि आभार तथा कृतज्ञता प्रकट गर्न चाहन्छु ।

शोधकार्य तयार गर्ने क्रममा मैले यस महाविहारका चक्रेश्वर, स्थविर आजु, विहारका आदरणीय गुरुवर्ग र गुठीयारहरु तथा अन्य सहयोगी मित्रहरुवाट कीर्तिपुरको ईतिहास, जगतपाल महाविहारको स्थापना, संरचना, निति नियम, प्रवज्या ग्रहण विधि, गुठी, भजन आदि कुराहरुको वारे धेरै जानकारी लिने अवसर पाएको छु । यो शोधकार्य तयार गर्नका लागि आवश्यक सल्लाह, सुझाव र सहयोग प्रदान गर्नेहरुमा श्री शुक्रसागर श्रेष्ठ, श्री बज्रमुनी बज्राचार्य, श्री त्रि.वि.केन्द्रीय पुस्तकालय–कीर्तिपुर, श्री लोटस रिसर्च सेन्टर–ललितपुर, जगतपाल महाविहार संरक्षण समिति–कीर्तिपुर र बौद्ध अध्ययन केन्द्रीय विभागका कर्मचारी साथीहरुमा पनि धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

त्यसरी नै यस कार्यका लागि विशेष सहयोग गर्नु हुने श्री पुष्परत्न बज्राचार्य एवं प्राविधिक सहयोग प्रदान गरिदिनु हुने ग्रुप अफ एस फोर (Group of $S^4$) संस्थाका सजिता बज्राचार्य, सविन बज्राचार्य प्रति पनि आभार व्यक्त गर्दछु ।

अन्त्यमा, यो शोधकार्य तयार पार्न मलाई हरतवरबाट सहयोग एवं हौसला बढाउने मेरी धर्मपत्नी सजनी बज्राचार्यलाई धन्यवाद नदिई रहन सक्दिन ।

मिति २०६७–०७–१५ **संघरत्न बज्राचार्य**

`

## <u>विषय</u> सूची

पेज नं.

**अध्याय एक – परिचय**


| | | |
|---|---|---|
| १.१ | परिचय | १ |
| १.२ | पूर्व साहित्य समिक्षा | ३ |
| १.३ | अध्ययनको समस्या | ५ |
| १.४ | अध्ययनको उद्देश्य | ६ |
| १.५ | अध्ययनको औचित्य | ६ |
| १.६ | अनुसन्धानको क्षेत्र र सिमा | ७ |
| १.७ | अनुसन्धान विधि | ७ |
| १.८ | समयावधि | ७ |
| १.९ | अध्याय विभाजन | ८ |
| १.१० | भाषा | १० |


**अध्याय दुई –कीर्तिपुरको इतिहास, जगतपाल महाविहारको स्थापना र वास्तुकला**


| | | |
|---|---|---|
| २. | पृष्ठभूमि | ११ |
| २.१ | मध्यकालीन कीर्तिपुरको स्वरुप | १५ |
| २.२ | जगतपाल महाविहारको परिचय | १७ |
| २.३ | जगतपाल महाविहारको स्थापना | १८ |
| | २.३.१ धार्मिक क्षेत्रको रुपमा जगतपाल महाविहारको विकासक्रम | २० |
| | २.३.२ जगतपाल महाविहार अन्तरगतका कचा बहालहरु (शाखा विहारहरु) | २१ |
| २.४ | जगतपाल महाविहारको वास्तुकला | २६ |
| | २.४.१ महाविहार प्राङ्गण | २८ |
| | २.४.२ आगँ छेँ (आगम घर) | ३० |


`

**अध्याय तीन – संघ संरचना**


| | | |
|---|---|---|
| ३. | जगतपाल महाविहारको संघ संरचना | ३४ |
| ३.१ | चूडाकर्म संस्कार | ३५ |
| ३.२ | आचार्याभिषेक | ४० |
| ३.३ | स्थविरको चयन | ४२ |
| ३.४ | चक्रेश्वरको काम कर्तव्य | ४४ |
| ३.५ | स्थविरहरुले गर्नु पर्ने कार्यहरु | ४५ |
| | ३.५.१ महाविहारको आगम कोठामा गरीने नित्य पूजा | ४५ |
| | ३.५.२ दिशि (दशमी) पूजा | ४६ |
| | ३.५.३ संल्हु (संक्रान्ति) पूजा | ४६ |
| ३.६ | जगतपाल महाविहारको सर्व संघले गर्ने कार्यहरु | ४७ |
| | ३.६.१ मूख्य चैत्य चिलंच्वमा गर्ने नित्य पूजा | ४७ |
| | ३.६.२ क्वाचपाल (अक्षोभ्य बुद्ध) मा गर्ने नित्य पूजा | ४८ |
| ३.७ | आचार्य गुठी | ४९ |
| ३.८ | अन्य गुठी – सनाः (मृत्युसंस्कार) गुठी | ५१ |
| ३.९ | जगतपाल महाविहारको आर्थिक व्यवस्था | ५२ |


**अध्याय चार – अन्य धार्मिक कार्यहरु**


| | | |
|---|---|---|
| ४. | धार्मिक तथा साँस्कृतिक कार्यहरु | ५४ |
| ४.१ | आर्य नामसंगिती पाठ | ५४ |
| ४.२ | गुंला पर्व | ५५ |
| ४.३ | पंचदान | ५६ |
| ४.४ | श्री पञ्चमी (वसन्त पञ्चमी) | ५८ |
| ४.५ | बुद्ध जयन्ति | ५९ |
| ४.६ | सम्यक पञ्चदान | ५९ |
| ४.७ | विविध धार्मिक कार्य | ६० |

४.७.१ द्यो थाय्गु (देवताको मूर्ति ढाल्नेकार्य) ६०
४.७.२ गोदाः मत बाल्ने ६०
४.७.३ सकिमना पुन्हि (कार्तिक पूर्णिमा) ६१
४.७.४ धलं दनेगु (ब्रत वा उपोषद बस्ने) ६१
४.७.५ बौद्ध प्रार्थना, ध्यान र प्रवचन ६२
४.७.६ चक्रसंम्वर त्रि–समाधि ध्यान ६२
४.७.७ पता चढाउने ६३

**अध्याय पांच**

निष्कर्ष ६४
परिशिष्ट ६७
सन्दर्भ सामाग्री ७९
नक्सा र तस्बिरहरु ८१

`

# अध्याय एक

# परिचय

## १.१ परिचय

धार्मिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिकोणबाट नेपाल मण्डलका तीन प्रमुख शहरहरु कान्तिपुर, ललितपुर र भक्तपुर महत्वपूर्ण छन् । यी तीनै शहरहरु बौद्ध धर्मावलम्वीहरुको प्रमुख वासस्थानका रुपमा चिनिन्छन् । प्राचीनकालदेखि नै नेपाली बौद्ध समाजमा विभिन्न समयमा प्रवेश भएको सांस्कृतिक र धार्मिक संक्रमणको उपज स्वरुप यसको धार्मिक संरचना सुद्धृढ हुँदै आएको देखिन्छ । बुद्धको जीवनकालमै व्यापारीहरुसँग बौद्ध भिक्षुहरु नेपाल पसेको उल्लेख बौद्ध साहित्यहरुमा पाईन्छ । यसरी लिच्छवीकाल अघि देखि नै कपिलवस्तुबाट देशान्तरीत शाक्य कोलिय तथा बौद्ध भिक्षुहरुको आगमन र बसाइबाट नेपाल मण्डल भित्र बौद्ध सांस्कृतिक संरचनाको पूर्वाधार तयार भएको देखिन्छ । नेपालमण्डल भित्र विभिन्न समयमा विविध ठाउँमा अनगिन्ति विहारहरु स्थापना हुनुको पछाडिको कारण यहि हो । त्यस्तै पाटन इलाकाका १८ प्रमुख महाविहारहरु तथा त्यसको शाखा प्रशाखा गरि १८५ वटा बहाः, बहीमध्ये कीर्तिपुरमा रहेका एउटा महाविहार, चारवटा विहारहरु, एउटा बही समेत पर्छन् । काठमाडौंमा पनि १८ प्रमुख विहारहरु तथा शाखा प्रशाखा गरी १२३ वटा बाहाः र बहीहरु रहेका छन् ।

कीर्तिपुर नगर प्राचीनकालदेखि बौद्धधर्म र सँस्कृति एवं पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण रहिआएको छ । कीर्तिपुर, काठमाडौंको केन्द्रवीन्दु हनुमान ढोकाबाट दक्षिण पश्चिम करिब ७ कि.मि. टाढा, उपत्यकाको उच्च स्थलमा बाक्लो वस्ती भएको सहर हो । भौगोलिक मापनमा २७$^{\circ}$x४०'x४०" उत्तरी अक्षांस र ८५$^{\circ}$x१६'x०४" पूर्वी देशान्तरमा रहेको छ । यो समुद्री सतह देखि करिब १४३० मीटर उचाईमा रहेको डाँडा पूर्व पश्चिम लम्बाई करिब १.६ कि.मि. छ ।[1] पुरानो नाम पद्मकूटगिरी, पद्मकाष्ठगिरी, गुँदे, आदी नामले ख्याति पाएको यस ठाउँको सागल टोलका एक ग्वाला परिवारले पालेको एउटी गाईले ठूलो कीर्ति रहने काम गरेकोले नै यस डाँडाको

---

1 स्रोत, स्थलरुप नापी महाशाखाबाट प्रकाशित टोपोनक्सा ।

`

नाम कीर्तिपुर राखिएको भन्ने किम्वदन्ति छ । कीर्तिपुर डाँडाको पूर्वी थुम्कोमा प्राचीन एवं धार्मिक बौद्ध स्थल जगतपाल महाविहार रहेको छ । यसै महाविहार प्राङ्गणमा रहेको चिलंचो चैत्यनै कीर्तिपुरको चैत्य वास्तुकलामा सबैभन्दा प्राचीन चैत्यवास्तु हो ।

कीर्तिपुर राजनैतिक सिमाङ्कनमा पहिले ललितपुर क्षेत्र अन्तरगत थियो । कीर्तिपुरको ऐतिहासिक जगतपाल महाविहार एक प्रमुख महाविहारको रुपमा रहेको छ । महाविहारको अग्रभागमा अवस्थित चिलंचो चैत्य मूलतः चारवटा वज्रधातु चैत्यहरुको बीचमा ठूलो धर्मधातु चैत्य पुरै तेलिया ईटाबाट बनेको छ । यसले नै चैत्यको ऐतिहासिकतालाई प्रतिविम्वित गरिराखेको छ । चैत्य (स्थानिय भाषामा थूदों) रहेको स्थानबाट दक्षिण तर्फ होचोभागमा जगतपाल महाविहार ( आगंछें) रहेको छ । जगतपाल महाविहार संचालनार्थ कीर्तिपुरमा रहेका बज्राचार्यहरुको एउटा संघ छ । हाल संघमा ७२ परिबार बज्राचार्यहरु सम्मिलित छन् । यो संघले त्यस महाविहारको दैनिक पूजाआजा, पर्व पर्वमा गुठी भजन संचालन गर्दै आईरहेको छ । आफुले गर्नुपर्ने संस्कार एवं पुजाविधि, सांस्कृतिक चाडपर्वहरु र गुठी तथा दैनिक नित्यपूजा, मासिक तथा वार्षिक रुपमा मनाउने आचा गु (आचार्य गुठी), सना गु (मृत्यु संस्कार गुठी), श्री पञ्चमी, बुद्ध जयन्ती, पंचदान आदी सांस्कृतिक र अन्य महत्वपूर्ण कार्यहरु गर्दै आईरहेको छ । साथै पाटन ईलाकामा रहेको १८ मू बहाःलहरु मध्येको एक यो जगतपाल महाविहार पनि भएको हुँदा हरेक ५ वर्षमा नागबहालमां मनाइने सम्यक पंचदानमा यहाँ रहेको दिपंकर बुद्ध पनि सहभागी गराईन्छ । उक्त सम्यक पंचदानमा यहाँको दिपंकरलाई सबैभन्दा अग्र स्थानमा राखिने परम्परा रहेको छ ।

उत्तर मोहडा भएको तीन तल्ले उक्त विहारको लम्बाई ६० फुट, चौडाई २२ फुट र उचाई ३२ फुट छ । महाविहारको भूई तल्लामा तीन वटा ढोका रहेका छन् । बीचको ढोका भित्र मूल क्वाःपाद्य (अक्षोभ्य बुद्ध) उत्तराभिमुख गरी राखिएको छ । महाविहारको पश्चिम ढोकाबाट माथि जांदा पहिलो तलामा बुद्ध, धर्म र संघको रुपमा प्रज्ञापारमिता र षडक्षरी लोकेश्वरका भित्ते चित्रहरु बांकी भएको लामो कोठा छ । सबैभन्दा भित्रको कोठामा चक्रसंवर र बज्रदेवीको आलिङ्गन मुद्राको मूर्ति रहेको छ । त्यो मूर्ति नै स्थानिय बज्राचार्यहरुको मूल आगम देवता हो । यस मूर्तिको दर्शन विशेष दीक्षा भएका बज्राचार्यहरु र चूडाकर्म सकी सकेका बज्राचार्यहरुले मात्र गर्न पाईन्छ । साथै मूल आगम देवता सबैभन्दा पूर्व पट्टीको सानो कोठामा रहेको छ । बाहिर ठूलो कोठामा

`

महाविहारका इताप्राप्त (प्रमुख बाह्र जना भित्र) पर्ने स्थविरहरु बस्छन् तिनिहरुलाई द्वादश पारमिता पनि भनिन्छ । हरेक स्थविरहरुको आशन पछाडी एउटा खोपा (सामान राख्ने ठाउँ) छ, जसमा काठको देव मूर्ति राखिएको हुन्छ । यो नै आगम घरको प्रमुख विशेषता हो । महाविहारको दोस्रो तल्ला पुरा खुल्ला राखिएको छ । पूर्वी छेउमा दुई नालमा दुई वटा सानो कोठा बाहेक यो तल्ला पुरा हल जस्तो खुल्ला छ । यो तल्लामा संघका बज्राचार्यहरुको छलफल, मिटिङ्ग, गोष्ठी, गुठी, भजनको समयमा भोज आदी गर्ने गरिन्छ । यहाँबाट चैत्य प्राङ्गणको विहंगम दृश्य राम्रो देख्न सकिन्छ ।

यस महाविहार अन्तरगत ५ वटा कचा बाहा: (शाखा विहार) हरु छन् । यी पाँच मध्ये चारवटा शाखा विहारहरुको रेखदेख, नित्यपुजा साथै अन्य गुठी चलाउनेहरु जगतपाल महाविहार संघका सदस्यहरुबाट नै भएको छ । एउटा शाखा विहार, जसलाई चलन चल्तीमा चिथू बही: ( पद्मकीर्ति विहार) भनिन्छ । त्यसमा नित्य पूजा एवं अन्य सम्पूर्ण कार्य स्थानिय शाक्यहरुबाट हुने गरेको छ । त्यहां कीर्तिपुरका शाक्यहरुले चूडाकर्म पनि गर्ने गर्दछन । यो विहारसँग सम्बन्धित संघमा १५ परिवार शाक्यहरु रहेका छन् । यो विहारलाई जगतपाल महाविहारको कचा वहा: (शाखा विहार) भनिएता पनि अहिले महाविहार संघ संग कुनै सम्बन्ध देखिंदैन । अन्य चारवटा विहारमा चूडाकर्मको कार्य गरिंदैन । जुनसुकै कार्य गर्नको लागि पनि यी चार वटा विहारका संघ सदस्यहरुले जगतपाल महाविहारबाट अनुमति लिएर मात्र गर्नु पर्दछ ।

## १.२ पूर्व साहित्य समिक्षा

जगतपाल वर्मा संस्कारीत महाविहारका बारेमा थोरै मात्र पुस्तक प्रकाशित भएका छन् । महाविहार सम्बन्धि लेख रचनाहरु पनि त्यति पाईदैन । यो शोधग्रन्थ तयार गर्न तीनै पुस्तक र केही लेखहरुको सहयोग लिइएको छ । सहयोग लिएका श्रोतको समिक्षा यस प्रकार छ ।

अ) **"केपूया चिलंचो बहा:"** (कीर्तिपुरको चिलंचो बहा:) मा चिलंचो बहाल जगतपाल महाविहारको एक प्रमुख चैत्य हो भन्ने जानकारी दिएको एउटा पुस्तिका हो । यसका लेखक सुख सागर श्रेष्ठ हुनुहुन्छ । प्राचीनकाल देखि भएको माटाको ढिस्को (थुर) लाई जगतपाल वर्माद्वारा चैत्यको रुपमा जिर्णोद्वार गरि, उक्त चैत्यको दक्षिणमा महाविहार

(आगमघर) बनाइएको र आगमघर जग देखि नै शुरु गरिएको जानकारी शिलापत्रमा उल्लेख गरिएको छ । यस पुस्तिकामा चिलंचो चैत्य जगतपाल वर्माद्वारा जिर्णोद्वार मात्र गरेको भन्ने व्यक्त गरिएको छ । यो पुस्तिका जन चेतना प्रकाशन, केपूबाट ने.सं. १११५ ( वि.सं. २०५१) सालमा प्रकाशित भएको थियो । यस पुस्तिकामा चिलंचो चैत्यलाई अशोक चैत्य भनि उल्लेख गरिएको छ । यहां वरिपरि भएका स–साना मन्दिर, धर्म धातुहरु धेरै पछि मात्र स्थापना भएको हो भनी उल्लेख भएको छ । यो पुस्तिका छपाईको वारेमा लेखक आफै भने अनभिज्ञता प्रकट गर्दछन् । कसरी यो पुस्तिका छापीयो थाहा नभएको कुरा बताउँदै अचम्म मान्छन् ।

**आ)** **"प्राचीन कीर्तिपुर"** मा जगतपाल महाबिहार कीर्तिपुरको धार्मिक साँस्कृतिक दृष्टिकोणबाट विहारको संक्षिप्त रुपमा उल्लेख छ । यो संकलित लेखका सम्पादक चन्द्रमान बज्राचार्य हुन् । यो संकलित पुस्तक जन चेतना प्रकाशन, केपूबाट ने.सं. १११६ (वि.सं. २०५२) सालमा प्रकाशित भएको थियो । कीर्तिपुरको विषयमा अनभिज्ञ समस्त पाठक बृन्दका लागि यस पुस्तकको प्रकाशनबाट ठूलो गुण लगाउने कुरा प्रकाशक आशावादी रहेका छन् । पुस्तकमा प्राचीन कीर्तिपुरलाई गुँदे भनिन्छ, यहाँको एउटा गाईले ठूलो कीर्ति राख्ने काम गरेको हुंदा कीर्तिपुर नाम रहन गएको भन्ने उल्लेख छ । राजा शिवदेवले पुरानो गुँदेलाई नै कीर्तिपुरको रुप दियो भनी उल्लेख गरिएको छ ।

**इ)** **"कीर्तिपुरको सांस्कृतिक र पुरातात्विक ईतिहास"** जगतपाल महाविहार वारे छोटकरीमा जानकारी दिने एउटा पुस्तक हो *"कीर्तिपुरको सांस्कृतिक र पुरातात्विक ईतिहास* का लेखक शुक्र सागर श्रेष्ठ हुनुहुन्छ । इतिहास तथा संस्कृतिको अध्ययन विना कुनै पनि मुलुकले सभ्यताको विकास गर्न नसकिने उल्लेख लेखकले यस पुस्तकमा गर्नु भएको् छ । यो पुस्तक नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वबिद्यालय, कीर्तिपुर, काठमाडौंबाट बि.सं.२०५७ सालमा प्रकाशित भएको थियो । यस पुस्तकमा लेखकले जगतपाल महाविहारको साथै कीर्तिपुरका अन्य महत्वपूर्ण सांस्कृतिक बौद्ध धर्मको परम्परा धेरै पुरानो रहेको उल्लेख गरेका छन् भने हालको स्थितिको बारेमा पनि केहि उल्लेख गरिएको छ ।

`

ई) **“किपूया जगतपाल महाविहार (चिलंचो बहा:)”** मा जगतपाल महाबिहार संघ संरचनाको वारेमा उल्लेख गरिएको एउटा पुस्तिका हो । यस पुस्तिकाका लेखकहरु कविन्द्र बज्राचार्य, समेनन्द बज्राचार्य र हिरारत्न बज्राचार्य हुन् । यो पुस्तिका चिलंचो बिकास समितिवाट वि.सं. २०५९ सालमा प्रकाशित भएको थियो । यस पुस्तकमा लेखकहरुद्वारा जगतपाल महाविहारको संघ सदस्यहरुको तथ्याङ्क प्रस्तुत गरेका छन् । संघका बज्राचार्यहरुको रहन सहन, इतिहास, संस्कार, दशकर्म आदी बारे राम्रोसंग प्रस्तुत गरिएको छ । संघभित्र संख्या बढ्दै गएको जनसंख्याको चापले गर्दा ठाउं सानो भएकोले संघका सदस्यहरु लुभू, कलंकी, डल्लु, चित्लाङ्ग, पोखरा आदी ठाउँमा विस्थापीत हुन पुगेको कुरा उल्लेख छ ।

उ) **“Buddhist Monasteries of Nepal”** जगतपाल महाविहार वारे छोटकरीमा जानकारी दिन खोजिएको एउटा पुस्तक हो । पुस्तकका लेखक स्वर्गिय John K. Locke हुनुहुन्छ । यो पुस्तक सहयोगि प्रेस, त्रिपुरेश्वर, काठमाडौवाट वि.सं. २०३५ सालमा प्रकाशित भएको थियो । यस पुस्तकमा लेखकले कीर्तिपुरको जगतपाल महाविहार एवं यसका पाँचवटा शाखा विहारहरु (कचा बहा:) को समेत छोटकरीमा उल्लेख गरेका छन् । जगतपाल महाविहारका संघसदस्यहरु र स्थानिय मानिसहरुलाई समेत थाहा नभएको शाखा विहारहरुको नाम र त्यसबारे पनि छोटकरि विवरण यस पुस्तकमा उल्लेख छ । थप अनुसन्धान जरुरी छ ।

## १.३ अध्ययनको समस्या

ने.सं. ६३५ मा पाटनका शक्तिशालि प्रमुख महापात्र जगतपाल वर्माले चिलंचो चैत्य जिर्णोद्वार एवं जगतपाल महाविहार स्थापना गरेको हुंदा धार्मिक, सांस्कृतिक कार्यमा ललितपुर संग निकतम सम्बन्ध रहन गएको हो । प्रशासनीक दृष्टिकोणले बि.सं.२०२२ साल पछी काठमाडौं जिल्लामा गाभीन जांदा सम्बन्धित गुठीयारहरुले व्यावहारीक कठीनाइ भोग्नु परेको छ ।

ऐतिहासिक एवं पुरातात्विक महत्वका संरचनाहरु, अभिलेखहरु नासिंदै गएका छन् । परम्परागत कार्यहरु बिस्तारै लोप हुंदै गएको छ । त्यस सम्बन्धि ज्ञान भएका बुढापाकाहरु कम हुंदै जांदा धार्मिक तथा सांस्कृतिक कार्यहरु संचालन प्राय लोप हुंदै गएको छ । बांकी भएका पुराना

पुरातात्विक अभिलेखहरु राष्ट्रिय संग्रहालयमा बुझाई सकेको अवस्थामा महाबिहारका बारे अध्ययन गर्न कठिनाई भएको छ ।

संघ सदस्यहरुमा धर्म संस्कृति प्रति चेतना कम हुंदै गएकोले यजमानहरु कहां पुजाआजा गर्दै आएका महाविहारका बज्राचार्य (गुरुजु) हरुमा आफुले गर्दै आएको कार्यको सांस्कृतिक महत्व बुझ्न र बुझाउन सकिरहेका छैन । यस अवस्थामा जगतपाल महाबिहारको ऐतिहासिक गरिमा, धार्मिक र सांस्कृतिक चेतना जगाउनु आबश्यक देखिन्छ । संस्कृत गाथा र बौद्ध विधानको थप प्रशिक्षणको आवश्यकता महशुस गरीएको छ ।

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि काम गर्दा त्यस कामको उद्देश्य के हो भनि बुझेर वा आवश्यक परेपछि मात्र गरिन्छ । विना उद्देश्यको कुनै पनि काम हुंदैन, चाहे त्यो सकारात्मक काम होस् या नकारात्मक । कीर्तिपुरको ***जगतपाल महाविहारः एक अध्ययन*** शोध कार्यको पनि केहि उद्देश्य रहेका छन् । आज सम्म यस महाविहारको शोध कार्य कसैले पनि गरेको नदेखिएको हुंदा शोध कार्य गरी यस महाविहार बारे थप कुराहरु जान्न खोज्ने जिज्ञासुहरुलाई सहयोग हुने गरि रेकर्ड तयार गर्नु नै प्रमुख उद्देश्य हुनुको साथै थप उद्देश्यहरु निम्न छन्–

क) जगतपाल महाविहार र यसका कचा बहाः (शाखा विहार) को इतिहासमा प्रकाश पार्ने ।

ख) जगतपाल महाविहारको संघ संरचना बारे जानकारी दिने ।

ग) जगतपाल महाविहारमा सम्पन्न हुने धार्मिक सांस्कृतिक कार्यहरु वारे जानकारी दिने ।

घ) विहार सम्वन्धी छरिएर रहेका श्रोत सामाग्रीहरुलाई एकै ठाउँमा संग्रहित गर्ने ।

## १.५ अध्ययनको औचित्य

जगतपाल महाविहार, कीर्तिपुरको इतिहास, स्थापना, संघको संरचना, प्रवज्या एवं आचार्याभिषेक, स्थविरको काम कर्तव्य, दैनिक, मासिक र वार्षिक गर्ने पूजाआजा एवं गुठी, भजन आदिको बारेमा जनसाधारणलाई जानकारी दिने उद्देश्यले यो शोधप्रवन्ध तयार गरिको छ । यस

अध्ययनबाट महाबिहार भित्र गरिने पूजाहरु एवं अन्य धार्मिक कार्यहरु बारे पाठक वर्गमा थप जानकारी मिल्नेछ । यस शोधकार्यले जगतपाल महाबिहार वरपर, यहांको प्राचीन नेवार बस्ती, कीर्तिपुरको धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्व बारे जानकारी प्राप्त गर्न सकिने छ । यसले जगतपाल महाविहारका संघ सदस्यहरुले गर्नु पर्ने कर्तव्य र दायित्व बोध गराउने छ । साथै जगतपाल महाविहारमा हुने धार्मिक कार्यहरु विस्तारै आधुनिकतामा परिणत हुदै जान लागेको परिप्रेक्षमा सबै संघका सदस्य एवं महाविहार सम्बन्धि चासो राख्ने जो कोहिलाई पनि सजग गराउने छ ।

## १.६ अनुसन्धानको क्षेत्र र सिमा

यो शोधपत्र कीर्तिपुरको जगतपाल महाविहार र यसको सेरोफेरो भित्र सीमीत रही तयार गरिएको छ ।

## १.७ अनुसन्धान बिधि

यो शोधकार्य पुस्तकालय अध्ययनमा केन्द्रीत छ । शोध कार्य सम्पन्न गर्न जगतपाल महाबिहार संग सम्बन्धि प्रकाशीत पुस्तक, पत्र-पत्रिका, लेख आदिको सहयोग लिइएको छ । प्रकाशीत पुस्तकहरुको अध्ययनसंगै बिहारको सेरोफेरोमा प्राप्त अभिलेख, शिलालेख आदि सामाग्रीहरुपनि अध्ययन गरिएको छ । बिहारको धार्मिक सांस्कृतिक गतिविधि संग सम्बन्धित विषयहरुमा यस महाविहारका स्थविर तथा अन्य संघसदस्यहरु र स्थानिय बुद्धिजिविहरुसंग प्रत्यक्ष भेटघाट गरि जानकारी संकलन गरिएको छ ।

## १.८ समयावधि

यो शोधपत्र तीन महिनाको अवधिमा सम्पन्न गरिएको छ । अनुसन्धानको अवधि तीन महिनालाई तीन चरण गरी समय विभाजन गरिएको छ । पहिलो एक महिनामा आवश्यक स्रोत ग्रन्थहरु पुस्तकालय, पुस्तक पसल तथा विज्ञहरुबाट संकलन गर्ने र संकलीत ती सामाग्रीहरुको विस्तृत अध्ययन गरिएको छ । यस्तै दोस्रो महिनामा संकलित सामाग्रीहरुको आधारमा अध्याय विभाजन गरी लिपिबद्ध गर्ने र सम्पादन गर्ने कार्य गरिएको छ । अन्तिम महिनामा लेखिएका सम्पूर्ण

सामाग्रीहरुलाई टाईप गर्ने, प्रुफ हेर्ने, प्रिन्ट गर्ने कार्य गरी तयार भएको शोधपत्रलाई त्रि.वि.केन्द्रीय विभागमा बुझाईएको छ ।

## १.९ अध्याय विभाजन

प्रस्तुत अनुसन्धानमा अध्याय विभाजन निम्न अनुसार गरिएको छ । अध्ययनको क्रममा संकलित स्रोतको आधारमा अध्याय विभाजनमा सामान्य हेरफेर भएको छ ।

अध्याय एक – *परिचय*

१.१ परिचय

१.२ पूर्व साहित्य समिक्षा

१.३ अध्ययनको समस्या

१.४ अध्ययनको उद्देश्य

१.५ अध्ययनको औचित्य

१.६ अध्ययनको क्षेत्र र सिमा

१.७ अनुसन्धान विधि

१.८ समयावधि

१.९ अध्याय विभाजन

१.१० भाषा

अध्याय दुई –*कीर्तिपुरको इतिहास, जगतपाल महाविहारको स्थापना र वास्तुकला*

२. पृष्ठभूमि

२.१ मध्यकालीन कीर्तिपुरको स्वरुप

२.२ जगतपाल महाविहारको परिचय

२.३ जगतपाल महाविहारको स्थापना

२.३.१ धार्मिक क्षेत्रको रुपमा जगतपाल महाविहारको विकासक्रम

२.३.२ जगतपाल महाविहार अन्तरगतका कचा बहाल (शाखा विहारहरु)

२.४ जगतपाल महाविहारको वास्तुकला

२.४.१ महाविहार प्राङ्गण

२.४.२ आगँ छेँ (आगम घर)

अध्याय तीन – *संघ संरचना*

३. जगतपाल महाविहारको संघ संरचना

३.१ चूडाकर्म संस्कार

३.२ आचार्याभिषेक

३.३ स्थविरको चयन

३.४ चक्रेश्वरको काम कर्तव्य

३.५ स्थविरहरुले गर्नु पर्ने कार्यहरु

३.५.१ महाविहारको आगम कोठामा गर्ने नित्य पूजा

३.५.२ दिशि (दशमी) पूजा

३.५.३ संल्हु (संक्रान्ति) पूजा

३.६ जगतपाल महाविहारको सर्व संघले गर्ने कार्यहरु

३.६.१ मूख्य चैत्य चिलंच्वमा गर्ने नित्यपूजा

३.६.२ क्वाचपाल (अक्षोभ्य बुद्ध) मा गर्ने नित्य पूजा

३.७ आचार्य गुठी

३.८ अन्य गुठी–सनाः (मृत्युसंस्कार) गुठी

३.९ जगतपाल महाविहारको आर्थिक व्यवस्था

अध्याय चार – *अन्य धार्मिक कार्यहरु*

४. धार्मिक तथा साँस्कृतिक कार्यहरु

४.१ आर्य नामसंगिती पाठ

४.२ गुंला पर्व

४.३ पंचदान

४.४ श्री पञ्चमी (वसन्त पञ्चमी )

४.५ बुद्ध जयन्ती

४.६ सम्यक पञ्चदान

४.७ विविध धार्मिक कार्य

४.७.१ द्यो थाय्गु (देवताको मूर्ति ढाल्नेकार्य)

४.७.२ गोदा: मत बाल्ने

४.७.३ सकिमना पुन्हि (कार्तिक पूर्णिमा)

४.७.४ धलं दनेगु (ब्रत वा उपोषद बस्ने)

४.७.५ बौद्ध प्रार्थना, ध्यान र प्रवचन

४.७.६ चक्रसंम्वर त्रि–समाधि ध्यान

४.७.७ पता चढाउने

अध्याय पांच –

निष्कर्ष

परिशिष्ट

सन्दर्भ सामाग्री

नक्सा र तस्विरहरु

## १.१० भाषा

यो शोध कार्य नेपाली भाषामा तयार गरिएको छ ।

# अध्याय दुई

# कीर्तिपुरको इतिहास, जगतपाल महाविहारको स्थापना र वास्तुकला

## २. पृष्ठभूमि

भौगोलिक दृष्टीकोणबाट हेर्दा कीर्तिपुर पूर्व पश्चिम लाम्चो र उत्तर दक्षिण चौडाई भएको एउटा नेवार वस्ती हो । नेपालको इतिहासमा यसको आफ्नै किसिमको सांस्कृतिक, धार्मिक र सामाजिक महत्व छ । केहि वर्ष अघी सम्म यहाँ शतप्रतिशत नेवार जनसंख्याको बाहुल्यता थियो । तर अहिले नेपालभाषा बोल्ने बाहेक अन्य भाषा बोल्नेहरुको संख्यापनि निरन्तर रुपमा बृद्धी हुँदै गएको छ । यहाँका स्थानीय जनता अधिकांस खेतीपातीमा निर्भर थिए । बांकी अन्य घरेलु शिल्पकला, कपडा बुन्ने, काठमा बुट्टा कोर्ने, नेपाली कागजको खाम फाइलहरु बनाउने, दकर्मि, ठेकेदार, जागिरदार र व्यापार आदि व्यवसायमा लागेका छन् ।

कीर्तिपुर काठमाडौंको हनुमानढोकाबाट ७ किलोमिटर दक्षिण पच्छिम नैऋत्य कोणमा अवस्थित छ । यो शहर पूर्व पश्चिम करिब १.६ किलोमिटर लाम्चो र उत्तर दक्षिण तर्फ करिब ६०० मिटर चौडाईमा फैलिएको छ । यस डाँडाको पच्छिम तर्फ क्वाचोको सबै भन्दा उच्च स्थानमा उमा महेश्वरको मन्दिर छ भने पूर्वको उच्च भागमा जगतपाल महाविहार (चिलंच्व बाहा:) छ । यी दुई उच्च स्थानको वीचमा बाघभैरब (आजु द्यो:) मन्दिर रहेको छ । चारैतिर समतल मैदानको वीचमा उठेको यो डांडा, वरिपरिको सतह भन्दा करिव ७० मिटर अग्लो छ । डांडाको बनोट Quartzite र बलौटे ढुङ्गाले बनेको हुंदा चारै तर्फको सतह भन्दा यो भाग खंदिलो र बलियो भै यसको भौगर्भिक खिइने क्रम ज्यादै कम छ । वर्षाले पनि यसलाई त्यति असर पार्न सकेको छैन । पूर्व र पश्चिम दुवै टुप्पो उठी वीचमा घोडाको काठि जस्तै थेप्चिएको छ (हेर्नुहोस फोटो संख्या ३) । कीर्तिपुर डाडाको पूर्वी भाग भाजंगाल गाउंको खोंचमा गई टुगिन्छ भने पश्चिमी भाग बल्खु खोलाले काटी नैकापको डाँडो सँग छुटिन्छ । डाँडोको पुरा भागनै उत्तर र दक्षिण भिरालो परी बनेको छ । उत्तरी भागमा बढि भिरालो परेको छ भने दक्षिणी पाखो कम भिरालो र पारिलो घाम लाग्ने खालको छ । केहि दशक अगाडि सम्म उत्तरी भिरालो घना जंगलले ढाकेको थियो । दक्षिणी

पाखोमा भने घना वस्ती वसेको छ । प्राचिनकालमा पश्चिममा बल्खु खोला, उत्तरमा जंगल र पोखरी, पूर्वमा खाई तथा जंगल र दक्षिणमा खाई रुपी पोखरीले यस सहरको सामरिक सुरक्षा गरेको थियो । काठमाडौं उपत्यका जब कालीदहको रुपमा थियो, त्यस समयमा कीर्तिपुर, चोभार र स्वयम्भू स–साना टापूका रुपमा थिए ।[2]

कालीदहको अवशेषको रुपमा जमेको कालिमाटी माटो (Lignitic Layers) कीर्तिपुरको खासी बजार र चोभारको ढुङ्गा पेल्ने क्रशर मेशीन भएको स्थानमा अहिले पनि देख्न पाइन्छ । त्यो कालीमाटी कालीदहको पानीको पींधमा रहेको हिलो माटो थियो । अहिलेको सम्मोच्च रेखाको नापीलाई हेर्दा दोस्रो कालिदहको पानीको सतह हालको १३२० मिटरको उचाई सम्म आएको देखिन्छ । यस हिसावमा कीर्तिपुर कालीदहको पानीको सतह भन्दा करिब ४० देखि ५० मीटर सम्म उठेको पाइन्छ ।

कीर्तिपुरको ईतिहास नेपाल उपत्यकाको उत्पत्तिसंग जोडिएको पाईन्छ । गोपालराज वंशाबली अनुसार एक समय कीर्तिपुरको एक ग्वाला परिवारले पालेको बहुऱ्ही नामको एउटी गाईले दिन दिनै कसैले नदेख्ने गरि खुसुक्क गई देवपतनमा दूध चढाउने गर्दथी । यसरी दिन दिनै गाईले दुध चढाउने ठाउंमा के रहेछ भनि खनेर हेर्दा पशुपतिको उत्पति भएको भनिन्छ ।[3] पशुपति पत्ता लगाई ठूलो कीर्ति राखेको हुंदा उक्त गाई भएको ठाउंलाई नै कीर्तिपुर भनिएको हो । गोपाल वंशावली अनुसार पशुपति पत्ता लगाउने गाई पाल्ने गोपालीहरुको पुर्खा गोपाल वंशका भुक्तमानलाई कीर्तिपुरका प्रथम राजा बनाइयो । यसबाट पशुपति पत्ता लगाउने कार्य कीर्तिपुरका एक ग्वाला परिवारले पालेको गाईले गरेको हो भन्ने कुरा थाहा हुन आउँछ । यसर्थ कीर्तिपुर डांडा पशुपति पत्ता लाग्नु भन्दा निकै अघि नै बस्ती बसीसकेको ठाउं भनेर भनिन्छ ।

कीर्तिपुरलाई  विभिन्न समयमा विभिन्न नामले पनि चिनिन्थ्यो । कीतिपुरलाई गुंदे पनि भनिन्छ । गुं संस्कृत शब्द होइन । यो किराती शब्द हो भन्ने धनबज्र बज्राचार्यको कथन छ । गुंको अर्थ अग्लो ठाउँमा भएको जंङ्गल हो । यस्तो ठाउँ प्राय घना जङ्गल भई रहन्थ्यो । सम्भवतः घना

---

2 शुक्रसागर श्रेष्ठ, *कीर्तिपुरको सांस्कृतिक र पुरातात्विक इतिहास* (काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५७), पृ. २ ।

3 देबिचन्द्र श्रेष्ठ, *रत्न मल्ल र उनको समकालीन नेपाल मण्डल* (काठमाडौंः आर्थिक नेपाल, २०५९), पृ. ५५ ।

`

जङ्गल वीच बस्ती बसाइएको भएकाले यो ठाउँको नाउँ कालान्तरमा गुंदे रहन गयो । सुरुमा गुंदेका रुपमा चिनीने यस ठाउँलाई राजा शिवदेव तृतीयको राज्यकाल ने.सं. २१९–२४६ (इ.सं.१०९९–११२६) मा कीर्तिपुर नामाकरण गरी व्यवस्थित वस्ती बनाएका थिए । यसरी वस्तीको क्रमिक रुपमा विकास हुंदै आएपछि धार्मिक, सांस्कृतिक चेतना बढ्दै विभिन्न ठाउंमा देव देवीको मन्दीर, पाटी, पौवा आदि स्थापना गर्ने काम भयो ।

लिच्छविकाल पछि र शिवदेव तृतीयको राज्यकाल ने.सं. २१९–२४६ को वीचमा कीर्तिपुरमा के भयो ? के थियो ? कुनै ऐतिहासिक तथ्य भेटिदैन । शिवदेव तृतीयले पुरानो गुंदेलाई कीर्तिपुरमा परिणत गरे । त्यसकारण शिवदेव तृतीयलाई पुरानो वंशावलीले कीर्तिपुर शहर बनाएको श्रेय दिएका छन् । साथै उनले कीर्तिपुर शहर बसाउंदा “शाद्यन्त कोष शार” नामक ग्रन्थलाई आधार बनाएको थियो । यस अनुसार कीर्तिपुर शाखा नगरमा पर्न आउंछ । नगर र शाखा नगरको वर्णन गर्ने क्रममा उक्त ग्रन्थमा पर्खाल, खाई, गढी, राजधानी, देव, मण्डप, वेद जान्ने ज्योतिष आदि पण्डीत मण्डली समेत भएको ठाउँलाई मुख्य नगर भनिन्छ तथा यो संगै रहेको यस्तै सानो शहर शाखा नगर भनिन्छ भनेर उल्लेख गरिएको पाईन्छ ।[4] (हेर्नुहोस परिशिष्ट १ मा)

कीर्तिपुरको निर्माणमा शिवदेवले धेरै कुराको विचार पुऱ्याएको देखिन्छ । उनले बसाएको कीर्तिपुर हालको कीर्तिपुर भन्दा धेरै सानो थियो । उत्तरी, पूर्वी र पश्चिमी पाखो सबै जङ्गलले भरिभराउ नै थियो । वीचको दक्षिण पाखो र त्यस माथिको उच्च भागको समथर जग्गामा मात्र बस्ती बसालिएको थियो । उनले केवल कीर्तिपुर शहर मा वस्ती मात्र बसाएनन् परन्तु त्यहाँ बस्ने प्रजालाई आर्थिक रुपले आत्मनिर्भर गर्न चन्द्रागिरिको फेदबाट बग्ने हालको बोसन खोलालाई रानीबनमा बांध बांधी त्यहांबाट ठूलो कुलो ल्याई कीर्तिपुरको ठाउँ ठाउमा पोखरी, कुवा, इनार बनाई दिए । कीर्तिपुर सम्म आईपुग्दा शहर देखि दक्षिणको सबै जग्गामा पटनी गर्न सकिने व्यवस्था गरी कीर्तिपुरमा पुग्दा विभिन्न पोखरीमा पानी खसाली पानी खाने, हांस पाल्ने, पात उमार्ने, कमलका फूल रोपी चाड पर्वमा समेत चढाउनु पर्ने व्यवस्था गरी ती पोखरीहरुमा बढी

4 शुक्रसागर श्रेष्ठ, *पूर्ववत* (पाद टीपणाी संख्या २), पृ. ६ ।

`

भएको पानी पूनः कीर्तिपुरको फेदफेदै नहर बनाई हालको ट्याङ्गला फांट र विश्वविद्यालय रहेको फंाट समेत सिंचाइ हुने गरी व्यवस्था गरेको देखिन्छ ।

शिवदेवले कीर्तिपुरको स्थापना गर्दाको आकार आजभन्दा धेरै सानो थियो । वस्ती बाघभैरव मन्दिरभन्दा दक्षिण पश्चिममा मात्र फैलिएको थियो । हालको बाघभैरव र देपुखुको पूर्वतर्फ त्यति बस्ती बसि सकेको देखिंदैन । भैरव मन्दिरको स्थापना गर्दा मुख्य बस्तीको उत्तर पूर्वमा गर्ने विधान प्राचीन वास्तुशास्त्रमा उल्लेख गरेको पाइन्छ । त्यस अनुरुप नै शिवदेवले बाघभैरव मन्दिरको चयन यस स्थानमा गरेका थिए ।

गोपालबंशीहरुले काठमाडौं उपत्यकामा राज्य गर्दा नै कीर्तिपुरमा कुनै न कुनै रुपमा बस्तीको विकास भै सकेको थियो, चाहे त्यो गाउं स्तरमै किन नहोस् । समाजमा मानिसले गर्दै आएका विभिन्न रीति रिवाजले उसको प्राचीनता झल्काई रहेको हुन्छ । त्यस्तै किसिमले कीर्तिपुरमा गोपालवंशीहरुको उपस्थितिको पनि यस्तै केही अवशेष बचेका थिए । तर ती अहिले लुप्त भैसकेका छन् । प्राचिनकालमा गोपाल वंश पछि किरांत र महिषपालले राज्य गरेका थिए । तर त्यस समयको पुरातात्वीक वस्तुहरु खोज्ने कुनै प्रयास भएको पाईदैन । किरांतहरुले कीर्तिपुरमा राज्य गर्दा त्यति जरो गाड्न सकेनन् होला । त्यस पछि लिच्छविहरुले राज्य गरे । चारै तिर जंङ्गलले घेरिएर बीचमा देवस्थल रहेको यो भेक लिच्छविकालमा धार्मिकस्थलकै रुपमा मात्र सिमित रह्यो । लिच्छविकालमा कीर्तिपुरलाई शैव मतको रुपमा विकसित गरियो, भने चोभारलाई बौद्ध क्षेत्रको रुपमा विकास गरियो भनेर शुक्रसागर श्रेष्ठ उल्लेख गर्नुहुन्छ । दुवैठाउँबाट उपलव्ध लिच्छविकालीन शैव मूर्ति तथा बौद्ध चैत्यहरु यसका ज्वलन्त उदाहरण भएको बताउनुहुन्छ ।[5]

शिवदेवले नगरको रुपमा स्थापित गरे पछी कीर्तिपुरको १०५ वर्ष सम्म कहिं कतै उल्लेख भएको पाईदैन । ने.सं.४६७ मा एक्कासी देवलदेवी र अनखरामले पाटनका अतिरिक्त मुन्हिंखु र कीर्तिपुर समेत आफ्नो नियन्त्रणमा लिएको थियो भन्ने कुरा गोपालराज बंशावलीमा वर्णन गरिए पछि पून उल्लेख आउँछ ।[6] (हेर्नुहोस परिशिष्ट २ मा)

---

5 शुक्रसागर श्रेष्ठ, *पूर्ववत* (पाद टीपणी संख्या २), पृ. ५ ।

6 शुक्रसागर श्रेष्ठ, *पूर्ववत* (पाद टीपणी संख्या २), पृ. ८ ।

`

यक्षमल्लको मृत्यु पछि केही समय उनका छोराहरु रायमल्ल, रत्न मल्ल र रण मल्लको संयुक्त शासन चल्यो । उनीहरु मध्ये रत्न मल्ल निकै चलाख भएर निस्के । बाबुको मृत्युपछि काठमाडौका महापात्रहरुलाई आफ्नो पक्षमा मिलाई उनी कान्तिपुरका राजा बन्न सफल भए । त्यसै समयताका रत्नमल्लले पाटन पिम्बहालका एक प्रधान महापात्र जगतपाल वर्मालाई आफ्नो पक्षमा मिलाई उनी मार्फत अरु महापात्रलाई पनि आफ्नो वशमा पार्न सफल भए । यसपछि रत्न मल्लको छत्र छायामा पाटनको राजकाजमा जगतपाल वर्मा शक्तिमान भै निस्के । जगतपाल वर्माको शक्ति हुंदा कीर्तिपुरमा धेरै सांस्कृतिक बिकास भयो ।

## २.१ मध्यकालीन कीर्तिपुरको स्वरुप

यहांनिर एउटा कुरामा दृष्टि दिनु आवश्यक छ । महापात्र जगतपाल वर्माले पाटन भेग वरपर केहि कृति राखेको भेटिँदैन । तर कीर्तिपुरमा भने ब्याघ्रेश्वर मन्दिर र चिलंचो चैत्यको जिर्णोद्वार गरी चिलंच्वमा एउटा महाविहार नै निर्माण गरेको वर्णन पाईन्छ । यसकारण जगतपाल वर्माले कीर्तिपुरमा किन यस्तो कीर्ति राख्न लगाए भन्ने प्रश्न उठ्नु स्वाभाविक छ । यसलाई चिलंच्वको अभिलेखमा उल्लेख भएका वर्णनले स्पष्ट पार्न सघाउँछ ।

ने.सं. ६३५ को चिलंचो चैत्यको शिलालेख अनुसार यिनले कीर्तिपुरको एउटा उच्च ठकुरी परिवारको छोरी रुपलक्ष्मी ठकुरीनी संग विवाह गरेका थिए । त्यस शिलालेखमा उल्लेख भए अनुसार जगतपालकी पत्नी कीर्तिपुरकी रहिछन् भन्ने बुझिन्छ । जगतपालकी पत्नी कीर्तिपुरकी हुंदा उनैको प्रेरणामा जगतपालले कीर्तिपुरमा विभिन्न कृतिहरु राखेका थिए । फलस्वरुप उनले कीर्तिपुरमा बाघभैरब मन्दीरको जिर्णोधार तथा जगतपाल महाविहारको स्थापना गरी ससुराली भेकमा आफ्नो प्रभाव जमाउन सफल रहे । उक्त कुरा विहार प्राङ्गणमा पाईएको ने.सं. ६३५ को सबैभन्दा पुरानो शिलापत्रमा उल्लेख भएको छ । (हेर्नुहोस परिशिष्ट ३ र फोटो संख्या १४)

जगतपाल वर्माद्वारा चिलंचो विहारको जिर्णोधार भएपछि मात्र हालको बाघभैरव क्षेत्रबाट पूर्वतर्फ बस्ती बढेको देखिन्छ । त्यस भन्दा अघि पश्चिमको अनुपातमा पूर्वमा जनघनत्व धेरै कम थियो । भनिन्छ कीर्तिपुर क्षेत्रमा धार्मिक विश्वास अनुसार शिवगल (शैव) र देवगल (बौद्ध) क्षेत्र बिकास गरी लगे । पूर्व पट्टि बौद्ध मार्गिहरु र पश्चिम पट्टि शैव मार्गिहरुले आफ्नो श्रद्धा अनुसारको

मठ मन्दिर र देवस्थलहरु निर्माण गरे । यसैले ने.सं. १०५५ भन्दा अघि सम्म शिवगल क्षेत्रमा बौद्ध स्मारकहरु निकै कम थियो ।

रत्न मल्लको ने.सं. ६४० मा मृत्यु भए पश्चात जगतपाल वर्माको स्थिति पहिले जस्तो रहेन । कीर्तिपुरको पालिफल गणेशको अभिलेख अनुसार ने.सं. ६४७ को भाद्र महिनाको कुशे औंशी (गोकर्ण औंशी) का दिन पाटन चापागाउंका मानिसहरु आई उनको आफ्नै घरमा जगतपाल वर्मालाई टुक्रा टुक्रा गरि मारिदिए । उनको हत्यामा कीर्तिपुरका लुन्ते भन्ने व्यक्ति पनि परेका थिए । लुन्तेको सम्झनामा उनका बाबु आमाले पालिफल गणेशको स्थापना गरेका थिए । उक्त गणेश स्थानमा कुशे औंशीको रात्रिमा जागराम बसि पूजा गर्ने गरिन्छ । दुखद घटना उक्त शिलापत्र राख्नु डेढ महिना अघि घटेको हो भन्ने कुरा उक्त अभिलेखले बताउंछ । जगतपाल वर्माको वंश वृक्ष यस प्रकार छ ।

मेघपाल वर्मा (५९२ ने.सं.)
í
.....
í
हर्षपाल वर्मा (६१५ ने.सं.)
í
जगतपाल वर्मा + रुपलक्ष्मी ठकुरीनी (६३५ ने.सं.)
í
रक्षपाल वर्मा + हेरलक्ष्मी ठकुरीनी
í
विरपाल वर्मा

साथै उनी नेपालका प्रथम प्रधानमन्त्री मेघपाल वर्माको सन्तान भएको अनुमान गर्न सकिन्छ ।[7]

यस पछि धेरै वर्ष सम्म कीर्तिपुरको ऐतिहासिक, धार्मिक र सांस्कृतिक पक्ष बारे कुनै उल्लेख पाईदैन । यक्षमल्लको मृत्युपछि उनका छोराहरुका पालामा नेपाल मण्डल टुक्रिएर धेरै स–साना राज्यहरुको उदय भयो । प्रत्येक राज्यले आफ्नो राज्यको सुरक्षा गर्न गढ पर्खाल बनाउन लगाए । कीर्तिपुरमा पनि डांडा वरपर पर्खाल बनाउन लगाई चार दिशामा चार वटा प्रवेशद्वार राखि यस

7 शुक्रसागर श्रेष्ठ, *पूर्ववत* (पाद टीपणी संख्या २), पृ. ९ ।

`

भेकलाई गढका रुपमा परिणत गरे । फेरी गढ वरपर बोट विरुवा लगाई यो भेग जंगल क्षेत्र भई गढका रुपमा विकास गरी कीर्तिपुरको वातावरण राम्रो र यहाँको वस्ती सुरक्षित गरियो । यसरी गढ पर्खाल द्वारा सुरक्षा गरिएको ठाउँबाट कसैले पनि रुख काट्न नपाउने गरियो । कीर्तिपुरको भौगोलिक स्वरुप पछिसम्म यथावत राख्न जयप्रकाश मल्लका भाई राज्यप्रकाश मल्ल ललितपुरका राजा भएपछि सम्वत ८७० मा गढ पर्खाल भित्रको एउटा पनि रुख काट्न नपाउने कडा नियम बनाईयो भन्ने कुरा यहाँको बाघभैरव मन्दीरको ताम्रपत्रमा उल्लेख गरिएको पाईन्छ ।[8] (हेर्नुहोस परिशिष्ट ४ मा)

## २.२ जगतपाल महाविहारको परिचय

जगतपाल महाविहार कीर्तिपुर नगर पालिका, वडा नं.४ मा अवस्थित छ । यो विहार स्थानिय जन समुदायमा चिलंचो बहालको नामबाट बढी प्रसिद्ध छ । चिलंचो चैत्य स्थापना भै रहेको प्राङ्गण भित्र जगतपाल वर्माले निमार्ण गर्न लगाएको विहार भएकाले यो विहार जगतपाल महाविहार कहलियो भनेर माथि उल्लेख भैसकेको छ । धार्मिक स्मारकका रुपमा स्थापित प्राचीन चिलंच्व चैत्य, कीर्तिपुर नगरका बौद्धमार्गीहरुका लागि आस्थाको केन्द्रको रुपमा रहेको छ । यो बौद्ध स्मारक बुद्ध धर्मको महायान तथा वज्रयान शासनको केन्द्रको रुपमा रहेको छ (हेर्नुहोस फोटो संख्या ७) ।

जगतपाल महाविहार प्राङ्गणमा निर्माण भईरहेका चैत्य (विहार) लाई चैत्यरङ्ग, चित्ररंग, भट्टारक, धर्मधातु बागीश्वर आदि नाउँबाट संम्बोधन गरिएको पाइन्छ । चैत्यरंङ्ग र चित्ररंग अपभ्रंश भएर 'चिलंच्व' हुन गएको हो भनी शुक्रसागर श्रेष्ठ उल्लेख गर्नुहुन्छ । त्यस्तै चन्द्रमान बज्राचार्यले "चिलंचो विहार" को अर्थ चिरं/चिल ं= चिरञ्जीवी । चो = डांडा । बहाः = विहार । चिलंद्यः = चिरंञ्जीवी देवता भनी चिलंचो विहार डांडामा अवस्थित चिरञ्जीवी चैत्य हो भन्ने संकेत गरेका छन् ।[9] 'चिलं' एउटा चोक वा डांडाको नाम हुन सक्दछ । उक्त डांडाको पनि च्व (टाकुरा) मा

8 रामजी तेवारी, सहित (सं.), *ऐतिहासिक – पत्रसंग्रह दोस्रो भाग,* (काठमाडौंः नेपाल सांस्कृतिक परिषद्, २०२१), पृ. ६७ ।

9 चन्द्रमान बज्राचार्य, *कीर्तिपुर नगरपालिका भित्रका प्रमुख पर्यटन स्थलहरु : एक झलक* (कीर्तिपुरः जन चेतना प्रकाशन, १९९८), पृ. ६ ।

अवस्थित चैत्य (विहार) भनिएको हुन सक्दछ । काठमाडौं उपत्यकाका चार डांडाहरु जामाच्व, फूलंच्व, सिफूच्व, ध्यानाच्व जस्तै चिलंच्व शब्द वनेको अनुमान लगाउन सकिन्छ । चिलं = डांडाको च्व = टाकुरामा अवस्थित चैत्य भएर चिलंच्व चैत्य कहलिएको हुन सक्छ ।

महाविहारको अग्रभागमा भएको चिलंच्व चैत्य मूलत चारवटा चैत्यहरुको बिचमा ठूलो चैत्य हो । यहां सम्पूर्ण तेलिया ईंटाबाट निर्मित चैत्यहरु अवस्थित रहेबाट नै यसको पौराणीकतालाई प्रतिबिम्ब गरीराखेको छ (हेर्नुहोस फोटो संख्या ९) । चिभा (चैत्य) रहेको स्थानबाट दक्षिण होचो भागमा जगतपाल महाविहार (क्वापाछें) रहेको छ । उत्तर मोहडा भएको तीन तले दुई नाले महाविहारको भूईं तल्लामा तीन वटा ढोका रहेका छन् (हेर्नुहोस फोटो संख्या १२)। बीचको ढोका भित्र महाविहारको मूल देवता (क्वाःपाद्यो अर्थात अक्षोभ्य बुद्ध) उत्तराभिमूख गरि बिराजमान गराईएको छ ।

## २.३ जगतपाल महाविहारको स्थापना

पाटन मूबहाःलका शाक्यहरु पिंम्बहाःलमा बसोबास गरेपछी सोही पिम्बहाःलमा रहेको सम्राट अशोकद्वारा निर्माण भएको विश्वास गरिएको चैत्यलाई जिर्णोद्वार गरि चैत्यको स्वरुपमा ल्याईयो । त्यसै वेला पाटन क्षेत्रका शक्तिशाली प्रधान महापात्र जगतपाल वर्मा कीर्तिपुरको विभिन्न धार्मिक स्थानहरु जिर्णोधार एवं नयां निर्माणमा लागेका थिए । निमार्णको सिलसिलामा बौद्ध धर्मका प्रमुख संरक्षक सम्राट अशोकद्वारा निर्माण गरिएको विश्वास गरिएको चिलंच्व बहाःलमा रहेको बौद्ध चैत्यलाई जिर्णोधार गरी पाटनको पिम्बहालको चिलंःद्यो चैत्यको दुरुस्त हुने गरि चिलंच्व चैत्य जिर्णोधार गरि एउटा महाविहारको स्थापना गऱ्यो ।

चिलंच्व चैत्य र जगतपाल महाविहार ने.सं. ६३५ फाल्गुन शुक्ल द्वितियाको दिन पदस्थापन गरी त्यसै सालको जेष्ठ कृष्ण दशमिका दिन रात्रि कृया-होम यज्ञादि देशबलि गरी निर्माण कार्य पूर्ण गरिएको थियो । त्यस बेला रत्न मल्ल, राम मल्ल र रण मल्लले नेपाल मण्डलमा संयूक्त शाषन गरी रहेको कुरा यहाँको शिलालेखमा उल्लेख भई रहेको छ ।[10] यस अभिलेखले पाटन हेर्ने

---

10 धनबज्र बज्राचार्य, *पूर्ववत* (पाद टीपणाी संख्या ७), पृ ४७७ ।

`

महापात्रहरु मध्ये प्रधानमहापात्र जगतपाल वर्मा निकै शक्तिशाली भन्ने देखिन्छ । अभिलेखमा जगतपाल र उनका परिवारको मात्र वर्णन गरीएको छ । यसबाट जगतपाल वर्माको त्यसबेला राजनैतिक प्रभाव मात्र होईन आर्थिक दृष्टिकोणबाट पनि उत्तिकै सम्पन्न भएकाले कीर्तिपुरलाई धार्मिक, सांस्कृतिक दृष्टिले उल्लेखनिय बनाउन महत्वपूर्ण काम गरेको देखिन्छ । जगतपाल महाविहार पनि पाटन क्षेत्रका १८ महाविहार मध्येको एउटा प्रमुख विहार हुन गयो ।

जगतपाल महाविहारको प्राङ्गणभीत्र पाइएको सबै भन्दा पुरानो शिलालेख ने.सं. ६३५ जेष्ठ महिनाको रहेको छ । यो शिलालेख जगतपाल वर्माले महाविहार निर्माण गरी सकेपछि राखेको देखिन्छ । उक्त महाविहार निर्माण पछी आफ्नै नामले जगतपाल वर्मा संस्कारित पञ्चकाष्ठ गिरी महाविहार नामाङ्कन गरे । त्यस बखत जसले स्थापना गऱ्यो उसकै नाममा संस्कारित विहार ( महाविहार) भन्ने चलन थियो । यस प्रकारको नाम अक्सर संस्कृतमा राख्ने गरिन्थ्यो ।

ने.सं. ६३५ भन्दा पहिलेनै यो चैत्यको स्थापना भैसकेको थियो वा जगतपाल वर्माले सो चैत्य स्थापना गरेको हो भन्ने कुरा स्पष्ट छैन । यस सम्वन्धमा दुई किसिमका अड्कल रहेको पाईन्छ । पहिलो – यस ठाउंमा सानो ढिस्कोको रुपमा चैत्य पहिले देखि नै थियो जसलाई जगतपाल वर्माले जगतपाल महाविहारको स्थापना पछि जिर्णोद्धार गरि हालको स्वरुपमा ल्यायो । विहार वास्तुकला अनुसार महाविहार भित्र चैत्य पनि अभिन्न अंङ्ग हुने भएकाले जगतपाल महाविहार अन्तरगत नै यस चैत्यलाई समाहित गरेको हुन सक्छ । कीर्तिपुरका बज्राचार्यहरुको एउटै मात्र महाविहार यो जगतपाल महाविहार हुनु र यसै संग सम्बन्धित बज्राचार्यहरुद्वारा नै यस चैत्यको नित्यपूजा हुने गरेबाट यस कुरामा थप पुष्टि मिल्दछ । दोस्रो – जगतपाल महाविहारको स्थापना संगै विहार वास्तुकला अनुसार चिलंच्व चैत्यलाई संगै समाहित गरियो ।

ललितपुर ईलाका (ल.पु.ई.) अन्तगर्त रहेको कीर्तिपुर क्षेत्र पञ्चायत कालमा काठमाडौं अन्तगर्त पार्न लगीयो । वि.सं. २०२२ सालमा नेपाल अधिराज्यलाई ७५ जिल्लामा बांडफांड गर्दा बागमतिबाट पारी भएको कारणले हाल यो काठमाडौं जिल्ला भित्र परेको हो । सम्पूर्ण धार्मिक, सांस्कृतिक कियाकलाप, रहन सहन आदि पाटनको विहारहरु संग मिल्दो भए पनि प्रशासनीक र राजनैतिक क्षेत्रको आधारमा काठमाडौं भित्र पर्न गएको हो । कुनै पनि धार्मिक कार्य गर्नु पर्दा पाटन (ललितपुर) को अठार महाविहारहरु संग समन्वय गरि गर्ने चलन आज सम्म पनि छ ।

ललितपुर इलाकाको अठार महाविहारहरु मध्ये जगतपाल महाविहार पनि एउटा भएको हुंदा पाटनमा हुने कुनै पनि अठार महाविहारको कार्यक्रमहरुमा परम्परा देखि अहिले सम्म सहभागी हुंदै आइरहेको छ । वहालको कुनै पनि निर्णायक परिस्थितिमा यिनै अठार वहालका चक्रेश्वर (आजू) समूहले निर्णय गर्छ । महाविहार भित्रको कला, संस्कृति, पूजा विधि ललितपुर क्षेत्र संग धरै समानता रहेको छ ।

## २.३.१ धार्मिक क्षेत्रको रुपमा जगतपाल महाविहारको विकासक्रम

धार्मिक, सांस्कृतिक चेतना बढ्दै विभिन्न ठाउंमा देवी देवता स्थापना गर्ने कार्यको विकास संग संगै चिलंच्व चैत्यको जिर्णोद्वार एवं महाविहारको स्थापना भयो । चैत्यको जिर्णोद्वार गर्ने क्रममा प्रमुख ठूलो चैत्य बीचमा राखी त्यस्को प्रत्येक कुनामा अन्य चार वटा सानो आकारमा चैत्यहरु बनाईयो । त्यसै चैत्यको सतह भन्दा ६ मीटर तल दक्षिणमा जगतपाल महाविहार निर्माण गरियो । ने.सं. ६३५ फाल्गुन शुक्ल द्वितियाको दिन पदस्थापन गरी जेष्ठ कृष्ण दशमिका दिन समापन गरि आश्विन पूर्णिमा देखि संचालन गरेको कुरा माथी उल्लेख भै सकेको छ । अहिले सम्म पनि उक्त दिनमा महाविहारको बुसाधं (जन्मोत्सव) गर्ने परम्परा रहेको छ ।

कीर्तिपुरका बासिन्दाहरु मध्ये करिब ८० प्रतिशत जनसंख्या बुद्ध धर्म मान्ने बौद्ध धर्माबलम्बिहरु रहेको छ भने बांकी अन्य धर्ममा आस्था राख्नेहरु पाइन्छ ।[11] यस क्षेत्रको जनसंख्या मध्ये बौद्ध धर्माबलम्बिहरु अधिकांस महर्जन (ज्यापू) जातिहरु रहेको छ । यिनिहरु करिब ६८ प्रतिशत छ, बज्राचार्य तथा शाक्यहरु ६ प्रतिशत, मानन्धरहरु ६ प्रतिशत, अन्य २० प्रतिशत रहेको देखिन्छ । बज्राचार्य (गुरुजु) हरु चिलंच्व वहालको वरीपरि र महाविहार परिसर भीत्र बसोबास गर्छन् । यस ठाउंका बज्राचार्यहरु महायानी र वज्रयानी बौद्ध अनुयायीहरु हुन् । यिनीहरुको आफ्नै परम्परा, संस्कार रहेको छ । नेपाल अधिराज्य भित्र विभिन्न समुदायहरु मध्ये कला, संस्कृति र परम्पराका धनि मानिने बज्राचार्य समुदाय हुन् । यहाँका बज्राचार्यहरुको आफ्नो छुट्टै कला, संस्कृति र परम्परा रहेको पाइन्छ । जुन परम्परालाई उत्कृष्ट मान्न सकिन्छ । कीर्तिपुरका बज्राचार्यहरुले आफ्नो संस्कार र परम्परालाई निरन्तरता दिंदै आएको छ । यसै महाविहार भित्र कीर्तिपुरका

---

[11] स्रोत : तथ्याङ्क विभागबाट २०५८ सालमा भएको जनगणना अनुसार ।

`

बज्राचार्यहरुको धार्मिक तथा सांस्कृतिक संस्कार हुन्छ । यस विहारको सदस्यहरु भनेकै चूडाकर्म गरि आचार्याभिषेक लिइ बसेका बज्राचार्यहरु हुन् ।

## २.३.२ जगतपाल महाविहार अन्तरगतका कचा वहालहरु (शाखा विहारहरु)

हरेक ठूला महाविहार अन्तरगत केहि शाखा विहारहरु (कचा वहाल) पनि रहेको हुन्छ । कुनै रुख हुन त्यसमा हाँगा भए जस्तै नेवारी भाषामा रुखको हाँगालाई कचा भनिन्छ । त्यसैगरी यस्ता शाखा विहारहरुलाई कचा बहाल भनिन्छ । जगतपाल महाविहारको पनि पाँच वटा कचा वहाल ( शाखा विहारहरु) छन् । यी पाँच कचा वहालहरु – हर्षकीर्ति विहार (च्वे बहाः), करुणाकर विहार ( क्वे बहाः), महेन्द्रकीर्ति विहार (कुसी बहाः), जीवधर्म विहार (याकः बहाः) र पद्मकीर्ति विहार (चिथु बही) हुन् । प्रत्येक विहारहरुको लिखौटमा संस्कृत नाम हुन्छ भने बोलीचालीमा नेवारी नाम पनि साथ साथै चलीरहेको हुन्छ । त्यसैले प्रत्येकको दुई नाम संस्कृत र नेवारी नाम आएको हुन्छ । प्रत्येकको छोटकरी वर्णन :

`

क)  हर्षकीर्ति विहार (च्वे बाहा:)

सिंहदुवाल टोल ।

जगतपाल महाबिहार पस्ने मूल प्रवेश मार्ग संगै दक्षिण तर्फ रहेको हर्षकीर्ति बिहारलाई स्थानीय बोलीचालीको भाषामा च्वे बाहा (माथिल्लो विहार) भन्ने गरिन्छ । यो विहार ने.सं. ७६२ अघि नै बनिसकेको देखिन्छ, किनभने त्यस साल ज्येष्ठ कृष्ण अष्टमीका दिन यहां श्रीशाक्यमुनि र श्रीधर्मधातु चैत्य चढाईएको थियो ।[12]

यो बहालको पूर्व रुप हाल छैन । स्थापनाको केहि काल पछि भत्कीन गए पछि यस्को जीर्णोधार राम्रोसंग हुन सकेन । आगमघर जीर्णोधार पछि सानो तुल्याइएको देखिन्छ । आगमघरको मूल ढोका मात्रै यसको पुरानो अवशेष हो । त्यस माथिको पाशुका झ्याल पनि केवल खण्डित अवस्थामा मात्र बांकी छ । चोकको भूईमा तेलिया ईंटाले छापेको छ र बीचमा एउटा शिखराकूट चैत्य र धर्मधातु मण्डल स्थापना गरिएको छ । बांकी चोकका दुवैतर्फका घरहरु व्यक्तिगत भएको र यसको संरक्षणमा पनि त्यति ध्यान पुऱ्याउन नसकेको देखिन्छ । यसको गुठी जग्गा त्रिभुवन विश्वविद्यालयले अधिग्रहण गरेपछि कीर्तिपुरका अन्य स्मारकहरु जस्तै यो विहार पनि अधोगती तिर लागेको छ । ऐतिहासिक रुपमा ने.सं. ९३७ (ई.सं. १८१७) सम्म यहां राम्रैं धार्मिक कार्यहरु हुने गरेको तथ्य त्यस वर्ष धर्मधातु मण्डलमा तामाको मण्डपले छोपी चढाइएको व्यहोराबाट स्पष्ट हुन्छ ।

यस वहालको संघमा दुई बज्राचार्य परिवार भए पनि केवल एउटै परिवारले हेर्दछ । हाल सम्म दैनिक नित्य पूजाआजा तिनैवाट हुंदै आएको छ । उनी जगतपाल महाविहार संघका सदस्य पनि हुन् ।

12 धनबज्र बज्राचार्य, *पूर्ववत* (पाद टीपणी संख्या ७), पृ. ४९० । ( हेर्नुहोस परिशिष्ट ५,)

`

ख)  करुणाकर विहार (क्वे बाहाः)

तःजाफः टोल ।

कीर्तिपुर तःजाफः टोलको सडक सतहभन्दा एक तल्ला माथि चोक भित्र यो विहार रहेको छ । साधारण बोलीचालीमा यसलाई क्वे बाहाः भनिन्छ । क्वे बाहाः भनेको तल्लो बाहाः हो । हर्षकीर्ति विहार (च्वे बाहाः) भन्दा सतहमा यो तल परेको हुनाले क्वे बाहाः भनिएको हो । संस्कृतमा यस विहारको नाम करुणाकर विहार हो ।

बहालको मूल आगमघर चोकको पश्चिम पट्टी छ, मूल आगमघरमा पस्ने ढोकामाथि लामो पाशुका झ्याल र त्यस भन्दा माथि एउटा मात्रै भए पनि विधि झ्याल बनाइएको छ । विधि झ्यालको दायां बायां याक झ्याल र पाशुका झ्यालको दायां बायां आँखि झ्याल (तिकी झ्या) जडिएको छ । त्यस्तै भूईं तल्लामा आगमको मूलढोका भन्दा पर दुवै तर्फ एक एक वटा ढोका जडान गरिएका छन् । केहि वर्ष पूर्व सम्म विधि झ्यालको माथि झिंगटीको छाना थियो । हाल त्यसमाथि तल्ला थपी आधुनिक घर बनाइएको छ । त्यसैगरी चोकका अन्य घरहरु पनि आधुनिक बन्दै गएका छन् ।

चोक सानै भए पनि तेलिया ईंटाले छापेका छ । बीचमा शिखराकुट चैन्य प्रतिष्ठापन गरिएको छ । यहां धर्मधातु छैन । पुरानो चैत्यसंगै एउटा शिलापत्र अड्याई राखेको थियो, हाल त्यो शिलापत्र त्यहां छैन । स्व. फादर लकले उक्त शिलापत्र ने.सं. ७५३ को भनि लेखेका छन् । तर त्यसको व्यहोरा उल्लेख गरेको पाइएन । यस विहारको बारे त्यहां पूजा गर्दा गाईने चर्या (चःचा) गीतमा उल्लेख गरेको पाइन्छ ।[13]

प्रवेशद्वारवाट पस्ना साथ दांया गणेश र महांकालको मूर्ति रहेका छन् । यस विहारमा प्रवेश गर्दा अन्य विहारमा जस्तो आगम घर सामुन्ने पर्दैन । दक्षिणतिर तःजाफःबाट पसी देब्रे फर्किंदा मात्र आगम घर पर्दछ । आगमघर पूर्वाभिमुख छ । तर प्रवेशद्वार भने दक्षिणि दिशामा पर्दछ । विहार वास्तुकलामा यस्तो विरलै मात्र पाइन्छ । यस विहारको क्वापाद्यः अक्षोभ्य बुद्ध हुन् । मूल

---

13 सौजन्य, करुणाकर विहारका पूजारी श्री कूलरत्न बज्राचार्य । ( हेर्नुहोस परिशिष्ट ६,)

`

ढोका माथि यिनै बुद्धको सानो मूर्ति कुंदिएको छ । यस विहारको संघमा चार परिवार वज्राचार्यहरु छन् । यी सबै जगतपाल महाविहार संघका सदस्य पनि हुन् । चार बज्राचार्य परिवार सदस्यहरु भए पनि यस विहारमा धार्मिक कार्यहरु केवल एउटै परिवारले गर्ने गर्दछ । हाल सम्म दैनिक नित्य पूजा तिनैवाट हुंदै आएको छ । विभिन्न पर्वहरु (दशैं, दिसिपूजा, श्रीपञ्चमी पूजा, बसुन्धरा पूजा, आदि) नित्यपूजा चलाउने परिवारवाट नै हुंदै आएको छ । यस विहारको गुठी जग्गा त्रिभुवन विश्वविद्यालयको अधिग्रहणमा परे तापनि क्षतिपूर्ति स्वरुप केही रकम वर्सेनी गुठी संस्थानवाट पाई आएको छ ।

ग) महेन्द्रकीर्ति विहार (कुसी बाहाः)

कुसीचा टोल ।

जगतपाल महाविहारको पश्चिम कुसिचा टोलमा बाटोको सतहभन्दा एक तल्ला तल घर लाइनको पछाडिपट्टि यो सानो बहाल रहेको छ । स्थानीय व्यक्तिहरु यसलाई टोलको नामवाटै कुसि बाहाः भन्दछन् । संस्कृतमा यस विहारको नाम महेन्द्रकीर्ति विहार हो । यस बहालमा प्रवेश गर्ने प्रवेशद्वार पनि व्यक्ति विशेषको घरवाट पस्नु पर्ने भएकोले झट्ट हेर्दा कुनै बाहाल जस्तो देखिंदैन । तर भित्र सानो पुरानो र सुरक्षित बहाल छ । यस्को पूर्वरुप पनि परीवर्तन भैसकेको छ ।

मूल आगमघर उत्तर फर्केको छ । क्वापाद्यःको रुपमा अक्षोभ्य बुद्धको मूर्ति प्रतिष्ठापित छ । आगमको प्रवेशद्वारको दुवै तर्फ एक एक वटा आंखी झ्यालहरु र त्यस भन्दा पर एक एक वटा ढोका छन् । पहिलो तल्ला आगमको माथि पाशुका झ्याल र त्यसको दांयां बांयां आंखी झ्याल छन् ।

चोक सानो चतुष्कोणमा बनाइ पेटी भन्दा एक फुट गहिरो सतह निकालेर तेलिया ईटाले छापिएको छ । आगमघरको नजिक पारी चोकको बीचमा शिखराकूट चैत्य निर्माण गरिएको छ । त्यस चैत्यमा भएको ताराका मूर्तिहरु सानो भए पनि आकर्षक ढंगले सन्तुलित कलाकारिता भएको पाइन्छ । बहाल सानो भए पनि प्राचीनता झल्काउने अवशेषहरु प्रशस्त पाइन्छ । यस बहालको संघमा एउटै वज्राचार्य परिवार छ । दैनिक नित्य पूजा तिनैवाट हुंदै आएको छ । उनी पनि जगतपाल महाविहार संघका सदस्य हुन् । यो बाहाल व्यक्तिगत जस्तै देखिन्छ ।

`

घ) जीवधर्म विहार (याकः बाहाः)

ल्वंदेग टोल ।

जगतपाल महाविहारको वायव्य कोणमा करिव १०० मीटरको दुरिमा यो बहाल रहेको छ । स्थानिय व्यक्तिहरु यसलाई याकः बाहाः अर्थात एक्लो बहाल भन्ने गर्छ । यस बहालको संस्कृत नाम जीवधर्म विहार हो । पूर्वाभिमुख यस बहालको प्रवेशद्वारमा पुरानो ढोका र ढोका माथि सिंहाकृति कुँदिएको छ । मूल आगमघरको पहिलेको स्वरुप करिव नष्ट भैसकेको छ । तर अवशेष स्वरुप प्रवेशद्वार माथि पाशुका झ्याल र दांया बांया एक एक वटा आँखि झ्याल (तिकि झ्या) हरु भने पुरानै प्रयोग भै रहेको देखिन्छ । विहारको अन्य चारैतिरका घरहरु आधुनिक रुपमा बनिसकेका छन् ।

आगमघर भित्र गणेश, महांकाल, सम्भर देव, बुद्ध धर्म संघ, तारा र अन्य देव देवीका मूर्तिहरु भने अझै बांकी छन् । ती मूर्तिहरु ने.सं. ७८३ मा चन्द्रज्योतिले आफ्नो बाबु जीवधर्मको नाउमा चढाएका थिए । ने.सं. ८०६ को शिलापत्र अनुसार यो बहालको उदघाटन राजा सिद्धिनरसिंह मल्लको उपस्थितिमा ने.सं. ७६७ जेष्ठ कृष्ण चतुर्दशीका दिन गरिएको थियो (हेर्नुहोस परिशिष्ट ७ मा)। यस विहारको संघमा पनि एक परिवार बज्राचार्य मात्र रहेको छ । तिनैद्वारा दैनिक पूजाआजा हुंदै आएको छ । यस बहालको गुठी संचालन गर्न कारो बुं र बरबुंको गरि ४ रोपनी जग्गा भएको पनि शिलालेखमा उल्लेख गरिएको छ । यस विहारका पुजारी जगतपाल महाविहार संघका सदस्य पनि हुन् ।

ङ) पद्मकीर्ति विहार (चिथु बही)

चिथु टोल ।

जगतपाल महाविहारको प्राङ्गण पछि अन्य विहारहरु भन्दा ठूलो प्राङ्गण भए पनि हाल यस विहारको आगमघर भने अन्य विहारको तुलनामा साह्रै सानो छ । सायद प्रतिष्ठापन गरेको केही समय पछि भत्केर गई दांया बायांबाट अतिक्रमण हुन गएको देखिन्छ । पुरानो स्वरुप थोरै मात्रै बांकी छ । आगमघर बाहेक चारैतर्फका घरहरु आधुनिक बनिसकेको छ । चोकको सतहमा रहेको तेलिया ईंटा र आगमघर मात्र यसको पुरानो स्वरुप हो ।

`

पद्मकीर्ति विहारलाई स्थानिय व्यक्तिहरुले चिथु बहीः भन्ने गर्छ । यो विहारमा बज्राचार्य नभै शाक्यहरुको मात्र संघ भएको हुनाले बहिःको संज्ञा दिएको हुनु पर्दछ । यो विहार ने.सं. ७७१ भन्दा पुरानो देखिन्छ । उक्त सालमा यहां अग्निशाला बनाई धेरै शाक्य भिच्छुहरुले विभिन्न बस्तु दान दिएका थिए (हेर्नुहोस परिशिष्ट ८ मा) । उत्तराभिमुख गरी बनाइएको यस विहार सडकको सतह भन्दा दुई तल्ला माथि छ । लामो खुडकिला चढिसकेपछि मात्र मूल प्रवेशद्वार आउंछ । प्रवेशद्वार पस्ना साथ दायां गणेश र महांकालको मूर्ति छ । यहां भएको महांकालको मूर्तिलाई कीर्तिपुरका वासिन्दा विशेष रुपले मान्दछन् ।

क्यापाद्यःको रुपमा यहां समन्तभद्र बोधिसत्वको मूर्ति पूजा गरिन्छ । प्रवज्जित भएका सदस्यहरु मध्येवाट क्रमश पालै पालो पूजा गरिन्छ । आगमघर माथीको तल्लाको बीचमा पाशुका भ्याल र उक्त भ्यालको दांया वायां आंखी भ्याल राखिएको छ । आगमघर भित्रको मूलदेवता सन् १९८५/८६ तिर चोरी भएपछि हाल आगम देवता अड्याई राखेको काष्ठफलकमात्र बांकी छ । तर पनि पालो पर्ने संघका सदस्यवाट दैनिक नित्य पूजा भने गर्दै आएको छ । त्रिभुवन विश्वविद्यालय स्थापनाको बेला यहांको जग्गा अधिग्रहणमा परेको हुंदा हाल यस विहारको कुनै आयश्रोत छैन ।

यस पद्मकीर्ति विहार (चिथु वहिः) एउटामा नित्य पूजा एवं अन्य कार्यहरु कीर्तिपुरका शाक्यहरुको सर्वसंघबाट गर्दै आएको छ । यस विहारमा शाक्य संघको चूडाकर्महरु समेत गरिन्छ भने अन्य चार वटा शाखा विहारहरुमा चूडाकर्म गरिंदैन । यो विहारको संघमा ४५ जना प्रवजित शाक्यहरुको संघ रहेको छ । चूडाकर्म गर्दा चारदिन प्रवज्जित जीवन विताउने भए तापनि आचार्याभिषेक गर्नु पर्दैन । त्यसकारण यहांका संघ सदस्यहरुलाई शाक्य भनिएको हो । तर बोलीचाली र शिलालेखहरुमा ब्रम्हचर्य भिच्छुनै भन्ने गरिएको देखिन्छ ।

## २.४ जगतपाल महाविहारको वास्तुकला

जगतपाल महाविहार विशेष गरी ईटा र काठ प्रयोग गरी माटोको जोडाईमा निर्माण गरिएको छ । विहार निर्माण कार्यमा पनि यहांको हावापानीलाई सुहांउदो र यहां आउन सक्ने सम्भाव्य प्राकृतिक प्रकोपबाट सुरक्षित हुने गरी निर्माण गरिएके छ । यहांका बौद्ध विहार कालक्रमले जीर्ण भई पटक पटक जीर्णोद्धार एवं पूनर्निर्माण कार्य गरिएको भए पनि भुइँ तल्ला र

`

पहिलो तल्ला हाल सम्म विहार वास्तुकला अनुसार लक्षण प्रमाण मिलाई बनाएको हुंदा विहारको दुई तल्लाको प्राचीन स्वरुप कायमै भएको पाईन्छ । तर त्यस भन्दा माथीको भाग तेश्रो तल्ला र छाना भने परिवर्तन भै सकेको छ ।

बौद्ध विहारहरुमा मूल रुपमा क्वापाद्यः (क्वाचपाल देवता) को कलात्मक मन्दिर सहित श्री स्वयम्भूको प्रतीक चैत्य एवं धर्म धातुमण्डल राखिएका हुन्छन् । साथै बुद्ध बोधिसत्व एवं अनेक देवी देवताहरुको मूर्तिले भरिएका हुन्छन् । वास्तुकला, चित्रकला, मूर्तिकला र मांगलिक विषय वस्तुहरु समेत समावेश गरी बनाइएका यहांका विहारहरु कलाकृतिको अनुपम नमुना स्थलको रुपमा लिइएको हुन्छ ।

वास्तुकलाको दृष्टिकोणले जगतपाल महाविहार वास्तवमा कीर्तिपुरको मात्र नभई देशकै एक महत्वपूर्ण प्राचीन बौद्ध स्मारक ठहर्दछ । यो विहारको वास्तुकला हेर्दा मल्लकालीन भन्दा अगाडीको देखिन्छ र बुद्ध धर्मको बज्रयानी धर्म दर्शनमा आधारित छ । यस्तो महत्वपूर्ण विहार वास्तुकला भएकोले यहां विस्तृत रुपमा प्रस्तुत गरीएको छ ।

चिलंचो प्राङ्गणको मूल प्रवेशद्वार पूर्व पट्टि रहेको छ । सिंहदुवाल टोलबाट सोझै पर्ने चिलंचो प्राङ्गणको प्रवेशद्वारका लागि कालो ढुङ्गा बिछ्याएको पेटी रहेको छ । उक्त पेटीमा 'लुकमा द्यः' प्रतिस्थापन गरिएको छ । चिलंचो प्राङ्गणबाट हुने देवीदेवताको जात्रा, प्राङ्गण भित्र वसोवास गर्नेहरुको विवाह आदि संस्कार गर्दा 'लुकमा द्यः' अगाडि राखि पूजा गरेर मात्र चिलंचो बहाल भित्र प्रवेश गराईन्छ । त्यसपछि दायांबायां ढुङ्गाका दुई ठूला सिंहहरु राखिएका छन् । प्रत्येक महाविहारहरुको प्रवेशद्वारमा जस्तै यहां पनि गणेश र महाकालका मूर्तिहरु छन् । प्रवेशद्वारको बांया बाहिरी भागमा कुनैपनि शुभकार्य प्रारम्भ गर्दा चाहिने गणेश र बांया धर्मरक्षकका रुपमा महांकालको मूर्ति स्थापना गरिएको हुन्छ । यहां घरको भित्तामा ने.सं. ६३६ मा स्थापित भएको ताराको मूर्ति थियो । हाल त्यो मूर्ति हराइसकेको छ ।

बाहिरी भागमा बांया पट्टी हनुमानको मूर्ति रहेको छ । बि.सं.२०३३ साल फागुन कृष्ण औंसीका दिन राम लक्ष्मण र सीता सहित हनुमानको मूर्ति स्थानिय समाज सेवी भाई महर्जनद्वारा प्रतिस्थापन भएको थियो ।

`

## २.४.१ महाविहार प्राङ्गण

प्रवेशद्वार भित्र पुगे पछि लामो ढुङ्गाको सिंढी चढ्नु पर्दछ, त्यसपछि चिलंचो प्राङ्गणमा प्रवेश हुन्छ । चिलंचो चोक प्रवेश गर्दा पूर्व दिशाको दांयाबांया दुईवटा पाटी रहेका छन् । त्यस्तै दक्षिण दिशाको बीच भागमा जगतपाल महाविहार र बांकी चारै तर्फको भागमा बज्राचार्यहरुको घर रहेका छन् । यस सतहको पूर्वपट्टि दांया तेलिया ईंटाको कलात्मक चैत्य, गुरु वज्रसत्वको मूर्ति, अष्टकोणमा इंटाको चैत्य र आग्नेय कोणतिर ढुंगाको चैत्य रहेको छ । पूर्व बांया पानी खानको लागि जरुं हिटि राखिएको छ भने एउटा ढुंगाको चैत्य पनि रहेको छ । यसै चैत्य संगै केही वर्ष अघि दुर्भाग्यवस पानी ट्याङ्की निर्माण गरिएको छ । दक्षिण दिशामा जगतपाल महाविहार संगै बांया सेतो चून लगाएको चैत्य स्थापना गरिएको छ । चिलंचो प्राङ्गण ५० मी. x ५० मी. वर्गाकार जमिनमा रहेको छ ।

मूल प्रवेश मार्ग सिंहदुवाल टोलको सतहबाट विभिन्न उचाइको तह तह पारेर उठाउंदै लगि पांचौ तह (पेटी) माथी मूल चिलंचो चैत्य राखिएको छ । यस जगतपाल महाविहार प्राङ्गणमा प्रवेश गर्ने मूल प्रवेश मार्ग सहित जम्मा दश वटा मार्ग भएको सुनिए तापनि हाल चलन चल्तीमा रहेको जम्मा चार वटा मात्र प्रवेश मार्ग देखिन्छ । साथै पर्व पर्वमा मात्र खोल्ने गरी अन्य तीन वटा मार्ग पनि छ ।

चौथों सतह ३५.७५ मीटर x ३५.७५ मीटरको वर्गाकार क्षेत्र, चारैतिर सानो पर्खाल र पर्खाल माथी फलामको रेलिङ्गले घेरि बनाईएको छ । चार दिशामा चारवटा फलामकै ढोका र ढोकाको दायां र बायां ढुङ्गाको सिंह मूर्ति राखिएका छन् । पूर्व पट्टी प्रवेश गर्दा ढुङ्गाको खुड्किला सकिने वितिकै दांया र बांया दुईवटा पाटी रहेका छन् । बांया पाटीमा तामाको आर्यनामसंगीतिको मूर्ति प्रतिस्थापित छ । दायां पाटीमा दैनिक भजन हुने गर्दछ । सिंढी कै सामुन्ने सिंह जस्मा शिलालेख सहितको ढुङ्गाको खम्बा (धर्मस्तम्भ) छ ।(हेर्नुहोस परिशिष्ट ९ मा) । यस सतहको पूर्वी भागको वीचमा अष्टमंगल सहितको ठूलो धर्मधातु रहेको छ । यस धर्म धातुलाई पितलको मण्डलले ढाकेको छ । त्यसको माथि ढलोटको वज्र प्रतिस्थापन गरिएको छ । धर्मधातु संगै दांया घण्टा झुण्ड्याउने ढुंङ्गाको खम्बा रहेको छ । पुरानो घण्टा चोरी भएकोले यसमा नयां घण्टा र स–साना चारवटा

'ओम् मणि पद्मे हूं' लेखिएको माने राखिएको छ । धर्मधातुको बांया कालो ढुंङ्गाबाट निर्मित कलात्मक चैत्य रहेको छ । आग्नेय कोणमा षड्क्षरी लोकेश्वरको मूर्ति स्थापना गरिएको छ । इशान कोणमा दुईवटा साना ढुङ्गाको मण्डप छ । बि.सं. २०५१ सालमा राखिएको ठूलो 'ओम् मणि पद्मे हूं' मन्त्र रहेको तामाको माने छ । मूल चैत्यसंगै निर्माण गरिएको तर मूल चैत्यभन्दा साना तर अरु साना चैत्यको तुलनामा ठूलो एकै स्वरुपका चारवटा चैत्य पनि स्थापित छन् । यी चारवटा चैत्यहरु मूल चैत्यको इशान, आग्नेय, नैऋत्य र वायव्य कोणमा रहेका छन् । यसै सतहको दक्षिण दिशामा ने.सं. १११० मा निर्मित ईटाको अस्थि चैत्य रहेको छ । चैत्य अगाडी रहेका सानो खाल्डोमा गुठी भित्रका गुठीयारहरुले श्राद्ध गर्दा पिण्ड विसर्जन गर्न ल्याईन्छ । नैऋत्य कोणमा बसुन्धराको मूर्ति बि.सं २०५३ सालको मंसिरमा जगतपाल महाविहार संघका सदस्य निलबज्र बज्राचार्यद्वारा प्रतिस्थापित गरेको छ । मूख्य चैत्यको मध्य भागको पश्चिममा सानो चैत्य रहेको छ । वायव्य कोणमा पनि सेतो चून लगाइएको चैत्य छ । मूल चैत्यको उत्तरमा सानो पोखरी रहेको छ, आकासबाट पानी नपरी देशमा खडेरी लाग्दा पानी माग्नको लागि पूजा गरिने यस ठाउंमा पहिले नागको वासस्थान रहेको भन्ने भनाई छ । हाल सम्म पनि खडेरीको समय यस ठाउंमा नागको पूजा गर्दा वर्षा हुन्छ भन्ने जन विश्वास रहेको छ । पोखरी संगै ने.सं ११११९ को भाद्र महिनामा मैत्रि बोधिसत्वको मूर्ति स्थापना गरिएको छ । उत्तर पूर्व कुनामा स्वयम्भूको प्रतिक स्वरुप ढुङ्गाको दुई वटा मण्डप स्थापना गरिएको छ ।

मूल चैत्यको दांया पेटी मुनि भित्तामा शाक्यमुनि बुद्ध र दांया बांया दुई बोधिसत्वहरुको मूर्ति छ । चैत्यको पूर्वउत्तरपेटीमा ठूलो घण्ट स्थापना गरिएको छ । त्यस्को मुनि घण्ट र गोदाल चढाउने भक्तको सालिक र शिलापत्र राखिएको छ (हेर्नुहोस परिशिष्ट १० मा) । उक्त शिलापत्र अनुसार ने.सं. ८७६ (वि.सं. १८१३) बैशाष शुक्ल षष्ठीका दिन चढाइएको उल्लेख छ ।[14] मूख्य चैत्य माथी जाने सिंढिको दायां बायां ठुलो ढुङ्गाको हात्ति राखिएको छ । हात्तिमा लेखिएको शिलापत्र अनुसार ने.सं ७८९ आश्विनमा स्थापना भएको हो (हेर्नुहोस परिशिष्ट ११ मा) । सिंढी माथी जांदा अक्षोभ्य तथागतको मूर्ति छ भने दायांबांया लोकेश्वको मूर्ति छ । दायां लोकेश्वरको मूर्ति स्पष्ट छैन । लोकेश्वरको पादपीठमा अभिलेख छ (हेर्नुहोस परिशिष्ट १२ मा) ।  चैत्यको चारै तिर बीचमा अक्षोभ्य,

---

14 धनबज्र बज्राचार्य, *पूर्ववत* (पाद टीपणी संख्या ७), पृ. ५६४ ।

`

रत्नसम्भव, अमिताभ र अमोघसिद्धि तथागतको मूर्ति छ । त्यस्तै चैत्यको चारै कुनामा लोचनी, मामकी, पाण्डुरा र आर्यताराका मूर्ति रहेको छ । यस संगै चिलंच्व चैत्यको कलात्मक चौथो सतह पुरा हुन्छ ।

## २.४.२ आगँ छेँ (आगम घर)

चिलंचो चैत्यलाई मूख्य केन्द्र बनाई जगतपाल वर्माले ने.सं. ६३५ जेष्ठमा यो विहार निर्माण गरेका थिए । पुरानो स्वरुपमा बनाईएको यस महाविहारको एक तर्फ मूल देवताको मन्दीरको भाग छुटचाईएको छ । तीन तल्ले दुई नाले यस विहारको पूर्व पच्छिम लम्बाई ६० फुट र उत्तर दक्षिण चौडाई २२ फुट छन् । उक्त महाविहारको भूईं तल्लामा तीन वटा ढोका रहेको छ । बीचको ढोका अगाडी दुई ठूला सिंहका मूर्ति राखिएको छ । सिंहको मूर्तिको तल स्थापना गरेको साल र अन्य विवरण उल्लेख गरेको छ (हेर्नुहोस परिशिष्ट १३ मा) । बीचको ढोका भित्र महाविहारको मूल क्वाःपाद्यो (अक्षोभ्य बुद्ध) उत्तराभिमूख गरी राखिएको छ । सबै भक्तजनहरुले यसै ढोकामा उभिई भित्र क्वापाद्य (अक्षोभ्य बुद्ध)को पूजा गर्ने चलन छ । बज्राचार्य पुजारी बाहेक अन्यलाई यहां प्रवेश निषेध छ । पर्वका दिनहरुमा यिनै पुजारीद्वारा सबै भक्तजनले ल्याएको पूजा गरिदिने चलन थियो । मूल ढोका माथि एउटा प्राचीन काष्ठको तोरण रहेको छ । यो प्राचीन तोरण कीर्तिपुरमा पाइएका काठका तोरणहरु मध्येकै एउटा विशिष्ट कलात्मक तोरण मानिन्छ । महाविहारको पूर्वको ढोका भित्र भण्डारको रुपमा प्रयोग गरिएको छ । यस ढोका माथि त्रिखाभ्र्याल राखिएको छ, यस भ्र्यालमाथि कलात्मक स–साना तोरणहरु समेत बनाएर राखिएका छन्  महाविहारको पच्छिम ढोकाबाट पसेर माथि जांदा पहिलो तल्लामा बुद्ध, धर्म र संघको रुपमा प्रज्ञापारमिता र षड्क्षरी लोकेश्वर र ताराको भित्ते चित्रहरु कोरीएको ठूलो कोठा आउँछ । जगतपाल वर्माको अभिलेखमा पनि यहाॅ विभिन्न किसिमको चित्रकोरेको र उक्त चित्रकलाको विशेषताका बारेमा उल्लेख भएको छ । यस कोठा भित्रको कोठामा स्थानीय बज्राचार्यहरुको आगम देवता छ । यी देवीको नाम शिलापत्रमा उल्लेख भए अनुसार *पिवखादेव* (चक्रसम्बर बज्रदेवी) हो ।[15] मुख्य चक्रेश्वर थपाजु र अन्य चौध जना स्थविरहरुले पालै पालो पूजा गर्ने यी देवी आलिङ्गन यौन मुद्रामा भएकाले दीक्षा नभएका व्यक्तिहरुलाई देखाउने गरिँदैन । निलो वर्ण भएका चक्रसम्वरले रातो वर्णको वज्रदेवीलाई

---

15 धनबज्र बज्राचार्य, *पूर्ववत* (पाद टीपणी संख्या ७), पृ. ४७४ ।

`

आलिङ्गण मुद्रामा लिएको छ । चक्रसम्बरको चारैतिर चार मुख रहेको छ भने शिरमाथी विश्ववज रहेको छ । ती चार मुखलाई आनन्द (निलो वर्ण), परमानन्द (पहेंलो वर्ण), विरमानन्द (रातो वर्ण), सहजानन्द (हरियो वर्ण) भनिन्छ । त्यस्तै दायां र बायां ६, ६ गरि बाह्रवटा हात रहेका छन्, ती हातहरुले क्रमश बज्र, घण्ट, गजचर्म, डमरु, खट्वाङ्ग, कर्त्रि, पात्र, परशु, पास, त्रिशुल र ब्रम्हशिर लिईएको छ ।  शिरमा दांया चन्द्र र बायां शुक्लमूण्ड रहेको छ । गलामा ५० वटा नरशिरको माला लगाएको छ, भने ६ प्रकारको गहना रुद्र, कण्ठी, कूण्डल, रेचक, मेखला र घँघला लगाएको छ । कमरमा बाघको छालाले बेरिएको छ, दांया खुट्टाले रातो वर्णको आलीलाई र बायां खुट्टाले निलो वर्ण भएको कालीलाई कुल्चीराखेको छ । (हेर्नुहोस परिशिष्ट १४ र फोटो संख्या २१)

चक्रसम्बर संग आलिङ्गन मुद्रामा भएको बज्रदेवीको शरिर नाङ्गो छ । दांया खुट्टाले चक्रसम्वरको कम्मरमा च्यापेको छ र बांयां खुट्टा चक्रसम्वरको दांया खुट्टामा जोडिएको देखिन्छ । एउटा हातमा कर्त्रि र अर्को हातमा कपाल पात्र लिएको छ ।

महाविहारको मूल आगम देवता सबैभन्दा पूर्वमा रहेको सानो कोठामा छ भने बाहिर भित्ते चित्र रहेको कोठामा महाविहारका जेठा (थकाली) दशपारमिता आजूहरु बस्ने गर्छन् । प्रत्येक आजूहरु बस्ने ठाउंको पछाडी भित्तामा एक एक वटा खोपा (सामान राख्ने ठाउं) छ, जसमा बुद्ध धर्म संग सम्बन्धित काठको विभिन्न देव मूर्ति राखिएको हुन्छ ।

चोटा तल्ला सबै खुल्ला हलको रुपमा छ । प्राचीनकालमा यस तल्लामा विमाझ्याल अथवा विधिझ्याल राखी बनाइएको थियो । तर वि.सं. १९९० सालमा भएको विनासकारी भूकम्पको समयमा भत्केपछि पून निर्माणको बेला सजिलोको निमित्त केबल बार्दली निकाली बनाइएको छ । पुरानो झ्याल कहां गयो थाहा भएन । यस तल्लामा बज्राचार्यहरुको भोज, भतेर तथा सभा, मिटिङ्ग, गरिन्छ । यस तल्लाको पूर्व पट्टि स–साना दुई वटा भण्डार कोठा बनाईएको छ । अगाडीको मोहडा पुरा बार्दली राखी खुल्ला गरिएको हुंदा महाविहारको सम्पूर्ण क्षेत्र यहाँबाट राम्रो देखिन्छ ।

यस महाविहारको निर्माण संग संगै बीचको ढोका (क्वा:पाद्य:) बाहिर दायां बांया शारीपुत्र र मौदगल्यायणका मुर्तिहरु स्थापना गरिएको थियो ।[16] उक्त मूर्तिहरु बि.सं.२०४९ मा चोरी भै

16 धनबज्र बज्राचार्य, *पूर्ववत* (पाद टीपणाी संख्या ७), पृ. ५१

`

सकेको छ । यसको ठीक अगाडी पेटीमा ने.सं. ८३४ र ८३७ मा प्रतिस्थापन गरीएका दुई वटा ढुङ्गाका सिंह राखिएका छन् । सिंह भन्दा पच्छिममा घण्ट भुण्डयाईएको छ । महाविहार भवनमा पाइएको टुंडालहरुको मिति अध्ययन गर्दा समय समयमा यो महाविहार जिर्णोधार हुंदै गएको देखिन्छ । महाविहार बनेको ११४ वर्ष पछी नै यसमा केहि कार्य भएको कुरा टुंडालहरु मध्येको एउटा टुंडालमा कुदिएको नेपाल सम्बत् ७४९ भएबाट थाहा पाउन सकिन्छ । त्यसको ५१ वर्ष पछि पूनः अर्को टुंडालमा सम्बत् ८०० लेखिएकोले त्यस साल पनि महाविहार जिर्णोधार भएको तथ्य खुल्न आउँछ । ई.सं. १९३४ सालको महाभूकम्पमा कीर्तिपुरको कुनै पनि स्मारकमा नोक्सानी पुगेको थिएन । तर समय समयको हुरी बतासले गर्दा यस्को छाना अक्सर विग्रेरै बसेको हुन्थ्यो । ई.सं. १९३४ को भूकम्प पछि काठमाडौं उपत्यकाका अन्य भत्केका मन्दीरहरु तथा पाटीहरुमा जस्ता पाताले छाना लगाई जिर्णोधार गरेको बेलामा यस महाविहारको छानामा पनि भिंगटीको सट्टा जस्तापाताले छाएको थियो । छाना भन्दा माथि तीन चूली भएको तामाको गजुर राखिएको छ । सन् २००५ मा स्थानीय गुठीयारहरु मिलेर अन्तिम पटक जिर्णोद्वार गरि हालको अवस्थामा ल्याइएको छ ।

जगतपाल महाविहारको सांस्कृतिक परम्परा संचालन गर्न प्रसस्त जग्गा गुठी राखिएको थियो । प्रत्येक दशपारमिता चक्रेश्वर (आजु) हरुको भागमा प्रति व्यक्ति ४ रोपनीका दरले गुठीमा जग्गाको आयस्ता स्वरुप व्यवस्था गरेको थियो । साथै, भोजको लागि पात र सगुनकोलागि ताजा माछाको ब्यवस्था गर्न पोखरी समेतको व्यवस्था गरेको छ । पोखरीको रेखदेख गर्न द्योलाहरुलाई लगाएको पाइन्छ र पोखरी पली पुखूको नामले कीर्तिपुरमा चिनिन्छ । गुठीको समय पूजागर्न फुलकोलागी ४ रोपनी जग्गा कीर्तिपुर वाहिरि गाउंको सडक किनारामा नै व्यवस्था गरी राखेको छ । उक्त जग्गालाई स्थानिय व्यक्तिहरुले फूलवारी वगैंचा भन्ने गर्छ । त्यस जग्गाको संरक्षण गर्न यस महाविहारका पुजारीहरु मध्ये एकलाई चलाउन दिएको छ । यसरी गुठीको सम्पत्ती प्रसस्त रहेको छ, साथै केहि जग्गाहरु संरक्षणको अभावमा जजस्ले भोग गरीरहेको छ उनीहरुले नै बदमासी गरि गुठीको सम्पतिको जग्गा बेचेर पैसा लिएको छ ।

# अध्याय तीन

# संघ संरचना

## ३. जगतपाल महाविहारको संघ संरचना

संघको व्यवस्थापनमा  गृहस्थ भै रहने बौद्ध भिक्षुहरु वसोवास गर्ने स्थानलाई विहार तथा महाविहार भनिन्छ । नेपाल उपत्यकामा यस्ता विहारहरु ५०० भन्दा बढी छन् भन्ने हेमराज शाक्यको कथन छ ।[17] सामान्यतया यस्ता विहारहरुलाई मूल विहार अथवा मू बहा, शाखा विहार अथवा कचा बाहा, विहार तथा बही-विहारमा बर्गीकरण गरिएको पाईन्छ ।[18]  संघात्मक शैलीमा जीवन यापन गर्ने बौद्धहरु एकीकृत भई बस्ने, ध्यान भावनामा बुद्ध बोधिसत्वको पूजा उपासना भईरहने यस्ता बौद्ध धार्मिकस्थलका रुपमा चिनिने मूल विहारहरु ललितपुर भेकमा १८ वटा छन् । यीनमा जगतपाल महाविहार एक पर्छ । अन्य कचा बाहा र बहिहरु यी १८ वटा मूल विहारहरुमा अनगिन्ति छन् ।

बौद्ध समाजलाई धर्मानुकुल जीवन यापन गर्नका लागि, बुद्ध धर्म अनुरुपको शिक्षा दिक्षा प्रदान गर्ने, धार्मिक एवं सांस्कृतिक कार्यक्रमहरु सन्चालन गर्ने देखि लिएर संघका सदस्य तथा बौद्ध उपासक उपासिकाहरु बीच मैत्रीपूर्ण सम्बन्ध कायम गराउने आदि कार्यमा यहाँका बौद्धसंघहरु कार्यरत हुन्छन् ।[19] जगतपाल महाविहारको पनि यस्तै छुट्टै संघ संरचना छ । जगतपाल महाविहारको संघ संरचना, स्वरुप, संघका सदस्यहरुको काम, कर्तव्य आदि नेपालमण्डलका अन्य विहारहरुमा जस्तै बौद्ध परम्परा अनुसार व्यवस्था गरिएका छन् । यी संघ सदस्यहरुको जन्म देखि मरणोपरान्त गर्नु पर्ने विभिन्न पूजा आजा विहारद्वारा निर्देशित हुन्छन् । अहिले जगतपाल महाविहारमा १३७ जना चूडाकर्म एवं आचार्याभिषेक गरिसकेका संघ सदस्यहरु  छन् ।

---

17 हेमराज शाक्य, *स्वयम्भू महाचैत्य* (काठमाडौं: स्वयम्भू विकास मण्डल, ने.सं. १०९८), पृ. २० ।

18 ऐजन, पृ. २१

19 हेराकाजी बज्राचार्य, *यलया बौद्ध विहार – संक्षिप्त परिचय* (ललितपुर, बौद्ध विहार संघ, २०५७), पृ. २४ ।

`

महाविहारमा संघ सदस्य बन्न तथा संघ सदस्यका हैसियतले दैनिक, मासिक र वार्षिक रुपमा गर्नु पर्ने पूजाहरु लगायत विभिन्न गुठी पर्वहरु, अनेक छन् । यी कार्यहरुका बारेमा तल विभिन्न शिर्षक दिई चर्चा गरिएका छन् ।

## ३.१ चूडाकर्म संस्कार

बौद्धसंघ भित्र प्रवेश पाउन चूडाकर्म सम्पन्न हुनु अनिवार्य छ । बुद्धद्वारा प्रतिपादित बुद्ध धर्ममा  श्रावक (भिक्षु) यानमा प्रवेश भई बहुजन हिताय बहुजन सुखायको निम्ति जगतपाल महाविहारका संघ सदश्यहरुले आफ्नो जीवन समर्पण गरिरहेका छन् । चूडाकर्म गर्ने परम्परा कहिले देखि शुरु भयो भन्ने तथ्य एकिन नभए पनि ऋकुछन्द तथागतले गूणध्वज, प्रभूति, अभयानन्द क्षेत्री आदि विभिन्न कूलका व्यक्तिहरुलाई चूडाकर्म (प्रवज्या) गरिदिए पश्चात यो परम्परा शुरु भयो भन्ने संकेत श्री स्वयम्भू महापुराणमा उल्लेख गरेको पाईन्छ ।[20] बंशावलीमा लिच्छविराजा शिवदेव स्वयंलें शिवदेव महाविहारमा चार दिन सम्म श्रावकचर्या अन्तर्गत भिक्षु जीवन यापन गरेको वर्णन गरेको पाइन्छ ।[21] भनिन्छ, चार दिन पछि गुरुको अनुमति लिइ उनी गृहस्थ जीवनमा फर्केको थिए । त्यसैले शिवदेव राजाको समय देखि नेपालमा श्रावकयान अन्तरगत चार दिन मात्र भिक्षु हुने परम्परा शुरु भयो भन्ने देखिन्छ । यसै परम्परालाई अंगिकार गर्दै बुद्ध धर्ममा गृहस्थ जीवनमा बसेर पनि कम्तीमा चार दिन श्रावकयानी भिक्षु हुनु पर्ने अनिवार्य नियम बनाईयो ।

नेपाल उपत्यकामा रहेको महायानी महाविहारहरुका सदस्यहरुका कूलपुत्रहरु अनिवार्य रुपमा चार दिन श्रावकयानी भिक्षु हुनु पर्दछ । यसरी भिक्षु बनाउने कार्यलाई नै चूडाकर्म (वन्दे) संस्कार भनिन्छ । तर भक्तपुरमा कान्तिपुर, पाटन, कीर्तिपुर भन्दा भिन्दै चूडाकर्म (वन्दे) संस्कार गर्दछन्, त्यहाँ चार दिन गर्नु पर्दैन । चूडाकर्मको केहि घण्टामात्र बालकलाई चिवर लगवाइन्छ र त्यहि दिन चिवर त्याग गराई चूडाकर्म संस्कार समाप्त भएको मानिन्छ । साह्रै छोटकरी किसिमले गरीन्छ ।

---

20 बद्रीरत्न बज्राचार्य, *श्री स्वयम्भू महापुराण* ( येंः मन्त्रसिद्धि महाविहार महाबौद्ध, ने.सं.१११६), पृ.२७ ।

21 धनबज्र बज्राचार्य. *लिच्छविकालिन अभिलेख* (काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द, २०५६), पृ. ५०२ ।

`

यो विधि मूलसर्वास्तिवाद विनयवस्तुमा उल्लेखित प्रवज्या ग्रहण विधि र महापण्डित कुलदत्त आचार्यको 'क्रियासंग्रह पंञ्जिका'मा उल्लेख भएको प्रवज्या विधि विनय पिटक संग समानता रहेको पाइन्छ । 'क्रियासंग्रह पंञ्जिका' मा यो विधि प्रवज्या कार्यमा शिष्य परीक्षा, त्रिशरण सहीत पंञ्चशिक्षापद प्रदान, प्रवज्याग्रहणको लागि प्रार्थना, केशावतार्य तथा स्नान कार्य (शिखालाई छाडी), शिष्य प्रतिज्ञा एवं भिक्षुनामोचरण, त्रिशरण सहित दशशिक्षापद प्रदान, पात्र, चिवर आदिको लागि अध्येषणा, संघ समक्ष प्रतिवद्धता शिर्षक आदिबाट चर्चा गरिएको छ ।[22]

जगतपाल महाविहारका सदस्यहरुले आफ्ना छोरा नातीहरुलाई यही विधि अनुसार चूडाकर्म गरिआएको पाईन्छ । परम्परा अनुसार चार दिन भिक्षु जीवनमा बस्नु पर्ने अनिवार्य छ तापनि अन्य विहारहरुमा भन्दा जगतपाल महाविहारको चूडाकर्म विधिमा सामान्यतया केही फरक रहेको पाईन्छ । साधारणतया विजोड ३, ५, ७, ९, ११, १३ वर्ष उमेर पुगेका कूलपुत्रहरुको चूडाकर्म सम्पन्न गरिन्छ । यो भन्दा वढी उमेर भएकाहरुको चूडाकर्म गरींएको उदाहरण भेटिंदैन् । महाविहारका सम्पूर्ण सदस्यहरु बज्राचार्य मात्र भएको हुंदा क्वाचपाल अर्थात अक्षोभ्य बुद्धको अगाडी र आगम कोठामा चक्रसम्वर वज्रदेवी सामुन्ने चूडाकर्म सम्पन्न गर्ने गरिन्छ ।

चूडाकर्म ज्योतिषीद्वारा हेरिएको साइतमा सम्पन्न गर्ने गरिन्छ । यसैले चूडाकर्म गर्नु पूर्व चूडाकर्म गर्ने बालकको चिनो लिएर ज्योतिषीलाई देखाउनु पर्छ । बालकको चन्द्रायण तीथि अनुसार उमेर, दिन, दशा आदिलाई हेरि चूडाकर्म गर्न मिल्छ वा मिल्दैन भनि ज्योतिषीद्वारा हेरिन्छ । यदि बालकको चिनो अनुसार चूडाकर्म गर्न मिल्ने भएमा कुनदिन गर्न मिल्छ भनि साइत हेरिन्छ । साइतको दिन तय भए पछि त्यो जानकारी सर्वसंघलाई दिइन्छ । त्यस पछि साईतको पूर्जी ( दिं पौ) ज्योतिषीद्वारा बनाउन लगाई महाविहारको प्राङ्गण (सूचना पाटी)मा टाँस गरिन्छ ।

परम्परा अनुसार जगतपाल महाविहारमा चूडाकर्म गर्नु एक दिन अगाडी ग्वेदां राख्ने कार्य गरिन्छ । साधारणतया संघ सदस्यहरुलाई चूडाकर्म कार्य हुंदै छ भन्ने जानकारी तथा महाविहारका सम्पूर्ण देव देवी लगायत मान्यवर स्थविर (आजु) हरुलाई निम्ताको रुपमा *ग्वेदां* राख्ने गरिन्छ । केहि महाविहारहरुमा चूडाकर्म गर्नु भन्दा चार दिन अगाडी ग्वेदाँ राख्ने चलन छ । *ग्वेदां* राखेको

---

22 कूलदत्त आचार्य. *क्रियासंग्रह पंञ्जिका* (संस्कृत पाण्डुलिपि, सर्वज्ञराज बज्राचार्यको संकलन) ।

`

दिन दशपारमिता स्थविरहरुद्वारा गुरुमण्डल पूजा गरी पूजाको प्रसाद चूडाकर्म गर्ने बालकलाई दिइन्छ । यसपछिमात्र चूडाकर्म गर्ने कार्य पक्का भएको मानिन्छ ।

जगतपाल महाविहारमा सामूहिक चूडाकर्म गर्ने परम्परा छैन, यहां परिवार परिवारद्वारा आआफै चूडाकर्म गर्ने गरिन्छ । यसरी छुट्टाछुट्टै गर्ने भएकोले एक अर्काको साईत जुध्ला भनेर दिं पौ टास्ने काम हुन्छ । तर अहिले समय र परिस्थिति अनुसार जगतपाल महाविहारमा सामूहिक चूडाकर्म गर्ने कार्यको पनि चलन हुंदै आएको छ । यसरी सामूहिक चूडाकर्म गर्दा सबै भन्दा जेठो बालकको चिनो अनुसारको साईत निकालिन्छ । उक्त साईतमा नै सम्पूर्ण बालकको सामूहिक चूडाकर्म गर्ने गरिन्छ । गत १० वर्ष भित्रमा तीन समूहको सामूहिक चूडाकर्म सम्पन्न भएको छ ।[23]

चूडाकर्म गर्ने दिन बिहान देखि विहारमा चहलपहल सुरु हुन थाल्छ । चूडाकर्म कार्यक्रमको जानकारी दिन कपालीहरुद्वारा महाविहार परिसरमा म्वाय्ली बजाउन लगाइन्छ । पछि कूलपुत्रलाई महाविहारको आगनमा ल्याई नाउद्वारा कपाल (शिखालाई छोडी) खौरीन्छ । कपाल खौरीने काम सकिएपछि चूडाकर्म पूजाको लागि सर सामान तयार गरिन्छ र गुठीका स्थविरहरुलाई ल्यायर यथास्थानमा राखिन्छ । जगतपाल महाविहारका वज्राचार्यहरु आफै पुरोहित काम गर्ने भएको हुंदा चूडाकर्म गर्ने घरको मूली उपाध्यार र आफ्नो पुरोहित मूलाचार्य बनाई पुजा आरम्भ हुन्छ ।

गृहस्थ जीवनमा बसेका कूलपुत्रहरुले आफु श्रावकयानमा प्रवजित हुने चाहना राखि मूलाचार्य र उपाध्याय संग प्रार्थना गर्छन् ।[24] उक्त प्रार्थनालाई मनन गर्दै गुरुवर्गले शिष्य संग प्रश्न गर्छ ।[25] शिष्यले प्रार्थना गर्छ 'भो गुरु ! मैले प्रवजित हुने संकल्प लिई सकें, कृपया करुणा राखि मलाई प्रवजित गरिदिनुस् ।' त्यस पछि गुरुवर्गले प्रवजित गराउनको लागि साधारण वस्त्र त्याग गर्न लगाउंछ । बालकलाई आगमकोठा भित्र चक्रसंम्वर वज्रदेवीको सामुने राखिन्छ । पूजा सुरु गर्नु पूर्व बालकले गुरु संग आफु प्रवज्या व्रत धारण गर्ने मनसाय भएको आग्रह अनुसार गुरुले प्रवज्या

23 जगतपाल महाविहारका संघ सदस्य श्री पूर्ण बज्राचार्यको भनाईमा ।

24 आदरनिय गुरुवर आज उपरान्त म हजुरहरुको मार्ग दर्शन शिरोपर गरि प्रवजित हुने चाहना राखी आएको छुं । प्रवजित गरिदिनु होस् ।

25 हे कुलपुत्र ! गृहस्थी छाडी प्रवज्या व्रत धारण गर्न सक्छ वा सक्दैन ।

`

सम्वर गर्नको लागि बालकलाई "बुद्ध सत्य, धर्म सत्य, संघ सत्य" भनी तीन पटक वाचा गर्न लगाईन्छ । यसरी बालकले वाचा गरेपछि गुरुद्वारा बालकलाई आफ्नो शिष्यको दर्जा दिइ पञ्चशील दिइन्छ । (हेर्नुहोस परिशिष्ट १५ मा) कुलदत्त आचार्यको 'क्रियासंग्रह पञ्जिका'मा उल्लेखित प्रवज्या ग्रहण विधिमा बालकलाई प्रवज्याग्रहणको लागि प्रार्थना र शिष्य प्रतिज्ञाको शीर्षक संग समानता भएको पाइन्छ ।

पूजा आरम्भ गर्नु भन्दा अघि पूजा अनुसारको मण्डलहरु बनाईन्छ । त्यसमाथि पूजाका सामाग्रीहरु स्थापना गरिन्छ । यसरी स्थापना गरीने सामाग्रीहरु मध्ये बुद्ध धर्म संघ, कलश, ज्वला न्हायकँ, सिन्हमू, कुनाल, पिण्डपात्र, खिर्क्खिलिका (सिलाय् कू), चीवर, कसाःगा, पूवा लिविं, क्व, चिकं (तेल), जज्ञौषधी, पान, सुपारी, पञ्चामृत, पञ्चगव्य, पञ्चरत्न, पञ्चौषधी आदि अनिवार्य रुपमा चाहिन्छ ।

पूजा सामाग्री यथास्थानमा राखीसके पछी गुरु र मूलाचार्यद्वारा मण्डल पूजा आरम्भ गरिन्छ । त्यस पछि सिन्ह पूजा, रहस्य मण्डल पूजा, त्रिसमाधि पूजा गरि बालकलाई बली पूजा गराईन्छ । क्रमश कलश पूजा, बुद्ध धर्म संघ पूजा, पञ्चोपचार पूजा अनि बुद्ध वली, धर्म वली र संघ वली दिइन्छ । प्रथमाहुति, ज्ञानाहुति, देवाहुति गरि चूडाकर्म गरिने बालकलाई पञ्चगव्य दिई शंखमा राखिएको जल दिई कूलदेवताको दर्शन गर्न लगीन्छ ।

गुरुद्वारा पञ्चशील धारण गर्ने काम सकेपछि फुफूले थाय्भू समाती केश खौरेर बांकी भएको शिखा (टुपी) लाई सुन र चांदीको छुराद्वारा चक्रसम्बर वज्रदेवी सामुने मामाले खौरने कार्य गर्छ । यो काम ज्योतिषीको साईत अनुसार सम्पन्न गर्नु पर्छ । (हेर्नुहोस फोटो संख्या २३)

साईत अनुसारको काम सकेपछि चतुर्सागर पीसकं(चार समुद्रको पानी भरिएको माटोको कलश) पूजा गरिन्छ । पूजा पछि बालकलाई सहश्रदलपद्ममा राखि प्रवज्या विधि अनुसार 'चतुः समुद्रजलैः स्नानपयित्वा' अर्थात चार समुद्रको पानीले स्नान गराउनु पर्ने विधि अनुसार चारवटा कलश पानीलाई चार समुद्र जलको भावना गरी स्नान गराईन्छ । यहां बौद्ध संघका प्रतिनिधिस्वरुप संघनायक स्थविर (आजु) हरुवाट ती कलश पानीले प्रवजित हुनेलाई स्नान गराईन्छ । कुलदत्त आचार्यको 'क्रियासंग्रह पञ्जिका' अनुसार यहि प्रक्रियालाई यसरी व्याख्या गरिएको पाइन्छ ।

`

दशकर्म विधि अन्तरगत देवता प्रतिस्थापन गरी, चूडाकरण प्रकरणमा शिखा (टुप्पी) काटींदा शुभ साइतमा सवै क्लेशावरण, ज्ञेयावरणलाई हटेर जान्छ । अज्ञान, अविद्यारुपी केशच्छेदन गर्नेछ भन्ने भावले गुरु पुरोहितद्वारा 'ॐ सर्व अज्ञान बालानं छेदय् छेदय् हुँ फट्' इत्यादि मन्त्रवाचन गरि सुवर्ण छुराले मामाद्वारा केश काटिन्छ । सोहि प्रकरणमा चूडा काटेपछी कूलपुत्रलाई कलशाभिषेक दिइने कुरा उल्लेख छ । उक्त अभिषेकमा चार समुद्रजलको प्रतिक स्वरुप चारवटा कलशद्वारा कूलपुत्रलाई स्नान गर्दा रत्न सम्भव तथागतको (समता ज्ञान) लाभ होस भन्ने भावले 'यत्मंगलं मणिभृत्येस्येत्यादिं' भन्ने मंगलगाथा वाचन गरी कलशाभिषेक दिइन्छ ।[26]

स्नान पश्चात काषायवस्त्र ओढाइन्छ । यहाँ कायायवस्त्र चीवर होइन गेरु रंगको खाष्टोलाई संकेत गरेको छ । तर अचेल बालकलाई काषायवस्त्रको बदलामा भुवाको रुमाल ओडाउने चलन छ । त्यसपछि प्रवजित भएकालाई भिक्षुनाम दिने गरिन्छ । भिक्षुनाम प्राप्त गरिसकेको व्यक्तिले पुनः त्रिशरण गमन र दशशिक्षापद ग्रहण गर्नु पर्दछ । जगतपाल महाविहारको परम्परामा दशशिक्षापद ग्रहण अन्तरगत त्रिशरणमा जानु अघि त्रिरत्नलाई स्मरण गर्ने चलन छ । त्रिरत्न मध्ये बुद्धरत्नको रुपमा वैरोचन आदि पञ्चबुद्ध र लोचनी आदि चारतारालाई लिइएको छ । धर्मरत्नको रुपमा प्रज्ञापारमिता आदि नवग्रन्थलाई लिइएको छ र संघरत्नको रुपमा आर्यावलोकितेश्वर प्रमुख मैत्रेय आदि अष्टबोधिसत्वलाई लिइएको छ । यहांको चलन अनुसार त्रिशरणमा जानु अघि त्रिरत्न रुपि त्रिमण्डलमा पूजा आदि गराइन्छ । त्यसपछि मात्र त्रिशरण गमन गर्ने काम गराइन्छ ।

त्यस पछि थाय्भूमा चीवर, पिण्डपात्र, कुण्डिका र खिर्क्खिरिका राखि पूजा गरिन्छ र बालकलाई गुरुद्वारा यी वस्तुहरु दिइन्छ । सबै भन्दा पहिला चीवर लगाउने कार्य गरीन्छ । शिरमा केशरी रंगले स्वस्तिक (नन्दावर्त) र गौलोचन लेखिन्छ । यसरी चीवर लगाई पिण्डपात्र हातमा लिएका श्रावकयानी भिक्षुलाई सर्व प्रथम महाविहारका प्रमुख स्थविरहरुले भिक्षा दिने र त्यसपछि सम्पूर्ण नाताकुतुम्वहरुले भिक्षा दिने गरिन्छ । नेपालको बौद्ध समाजमा भिक्षाटन गर्न जाने पिण्डपात्रको साथमा खिर्क्खिरिका सानो लठ्ठी (जस्को माथिल्लो भागमा पञ्चबुद्धात्मक चैत्य अंकित भएको हुन्छ) पनि बोकेर जाने प्रचलन छ । भिक्षाटन कार्य पछि क्वाःपा लाकां (खराउ) लगाउन

26 हेराकाजी बज्राचार्य, *क्रियासंग्रह पंञ्जिकामा उल्लेखित प्रवज्याविधिको सम्पादन तथा अध्ययन* (अप्रकाशित शोधपत्र, त्रि.वि.कीर्तिपुर २०६२) पृ. ४० ।

`

दिएर क्वाचपाल अगाडी सात पाईला चाल्न लगाई कुन्धार कलश (कुण्डिका) प्रयोग गरी अक्षोभ्य बुद्ध भएको कोठा (क्वाचपाल) भित्र दर्शन गर्न लगीन्छ र गणचक्र परिक्रमा गराईन्छ । (हेर्नुहोस फोटो संख्या २१)

जगतपाल महाविहारमा संघ सदस्यहरुका कूलपुत्रहरुलाई मात्र चूडाकर्म (वन्दे संस्कार) गरिन्छ । चूडाकर्म पश्चात् बौद्ध संघमा प्रवेशको आज्ञा प्राप्त हुन्छ । चूडाकर्ममा श्रावकयानी भिक्षु बनाइ चार दिन सम्म भिक्षु जीवन यापन गराइन्छ । यी चार दिनमा प्रत्येक दिन सात, सात घरमा भिक्षा माग्न जानु पर्दछ । जगतपाल महाविहारका प्रमुख स्थविर (आजु) हरु र संघ सदस्यहरुका घरमा भिक्षा लिन जाने चलन छ । यो चार दिन गृहस्थ जीवन त्याग गरि भिक्षु जीवन अपनाइन्छ, यो कार्य अनिवार्य रुपमा शाक्यवंशीय कूलपुत्रहरुले गर्नै पर्छ ।

चार दिन पछि पुनः आगमघरमा चक्रसम्बर वज्रदेवीको अगाडी आफुले चार दिन सम्म भिक्षु जीवन यापन गरि सकेपछि गुरु संग भिक्षु जीवन त्याग गरि पूनः गृहस्थ जीवनमा फर्कनको निम्ति अनुमतिको याचना गरिन्छ ।[27] त्यस प्रकारको मागलाई मनन् गर्दै गुरुले आज्ञा दिनुहुन्छ ।[28] त्यस पछि रहस्य पूजा, समाधि पूजा, कुमारी पूजा गरिन्छ । बालकले लगाएको चीवर छोड्न लगाई गृहस्थी वस्त्र गुरुद्वारा दिइन्छ । गृहस्थ जीवनमा फर्कन स्वरुप पूजा, मत पूजा गरि चूडाकर्म कार्य सम्पन्न गरिन्छ । यसरी गरिने कार्यलाई जनभाषामा 'च्योक्वकायग्' अर्थात पुनः गृहस्थ जीवनमा प्रवेश गर्ने भनिन्छ ।

## ३.२ आचार्याभिषेक

चूडाकर्मको चार दिनपछि चीवर त्याग गरेको भोली पल्ट आचार्याभिषेक दिने कार्य हुन्छ । यसरी आचार्याभिषेक दिने कार्यलाई यहाँको जन भाषामा "आचाः लुयेगु" भनिन्छ । आचार्याभिषेक

---

27 भो गुरु ! हजुरवाट निर्दिष्ट गर्नु भएको मार्गवाट पञ्चशील र दशशीलको पालना गरी दशांकुशल पापलाई छाडें, अब ममा महायानमा प्रवेश गर्न इच्छा जागृत भएको हुंदा हजुरले मार्ग निर्देश गरिदिनु हुन अनुरोध गर्दछुं ।

28 हे वत्स, हे शिष्य ! महायान मार्ग अंगिकार गर्नु उत्तम हो । यो भवसागरको मालिक, मोक्षदाता श्री गुरु वज्रसत्वको आराधना गर । महायानको गुह्य कुरा बताउदै छु सुन, गृहस्थी जीवन धारण नगरिकन महायान चर्यामा बस्न सकिँदैन र बसे पनि पूर्ण हुंदैन । साथै तान्त्रिक अभिषेक नभईकन मोक्ष प्राप्ती हुन सक्दैन त्यसैले प्रज्ञा र उपायलाई जानी श्रावकयान छोडी महायानलाई अंगाल्नु ।

`

प्राप्त नभए सम्म पूर्ण रुपमा बज्राचार्य मानिदैन । जन्मले बज्राचार्य भए पनि कर्मले ठहर्दैन । बज्र + आचार्य = बज्राचार्य हुने भएकोले बज्राभिषेक, घण्टाभिषेक र कलशाभिषेक प्राप्त गर्नु पर्दछ । बज्राचार्य, बौद्ध धर्मावलम्बी नेवारहरुको पुरोहित हो । पुरोहित काम गर्न पञ्चाभिषेक (मुकुट, बज्र, घण्ट, नाम र मन्त्र) प्राप्त गरेको हुनु पर्दछ । यी वस्तु प्राप्त भए पश्चात पूर्ण रुपमा वज्राचार्य हुन्छ । त्यसपछि यजमान कहां गएर पुरोहित काम गर्न स्वीकृत भएको मानिन्छ । त्यसर्थ चूडाकर्मले मात्र पुग्दैन । त्यसको लगतै आचार्याभिषेक लिन पनि अनिवार्य हुन्छ । आचार्याभिषेक पश्चात आचार्यसंघको सदस्यता प्राप्त हुन्छ । चूडाकर्म र आचार्याभिषेक गरि संघमा प्रवेश भइसकेका प्रत्येकले आफ्नो विहारको नियम अनुसारको कर्तव्य र दायित्व पालन गर्नु पर्ने हुन्छ ।

कुनै कुनै महाविहारहरुमा चूडाकर्म गर्नासाथ आचार्याभिषेक गर्नु पर्छ भन्ने अनिवार्यता छैन । शुभविवाह हुनु भन्दा अघी भने आचार्याभिषेक लिइसक्नु पर्छ । जगतपाल महाविहारमा चूडाकर्मको लगतै आचार्याभिषेक दिने गरिन्छ । आचार्याभिषेक गर्दा शरिरमा सेतो जामा, लामो परम्परागत बाहूले भोटोको साथै रातो कसाःगा लगाइन्छ । आचार्याभिषेक लिनको लागि चूडाकर्म गर्ने प्रक्रिया जस्तै चक्रसम्बर वज्रदेवीको अगाडी आफ्नो पुरोहित मूलाचार्य घरको मूली उपाध्याय भई गुरु मण्डल, बुद्ध धर्म संघ, गणचक्र आदि पूजा गरीन्छ । आगम घर बाहिर यज्ञ, होम गरिसके पछि माथि आगम कोठामा कुमारीको पूजा गरिन्छ । यस प्रकारको पूजामा थापीं, धौपति, सुकुण्डा, खालवली र गुरुमण्डल राखि थापना पूजा(थापुजा) गरिन्छ । मूलाचार्य (पुरोहित) द्वारा आचार्याभिषेक गरेकालाई मन्त्राभिषेक दिइन्छ । मन्त्राभिषेकको काम सके पछि जगतपाल महाविहार क्षेत्रमा गणचक्र परिक्रमा गरिन्छ । परिक्रमा पछि आगमकोठा माथि नगई महाविहार अगाडीको जग्यशालामा होम कर्मादि गरिन्छ । यज्ञमा शक्तिस्वरुपी योगिनीहरुलाई आव्हान गरि विविध पूजा गरिन्छ । उक्त पूजा आफ्नो पुरोहितबाट हुन्छ भने पूजा संकल्प गर्न स्वयं आचार्याभिषेक लिनेले नै गर्छ । यज्ञ कार्य बिसर्जन पछि घर मूलीले दियो(त्वादेवा), फँ (एक प्रकारको पाथी), भोटे ताल्चाको साँचो हातमा लिएर सगुन दिई आगमकोठा भित्र लगिन्छ । आगमकोठा भित्र बज्राभिषेक दिइ पात्रो लिने काम सकेपछि पूजा बिसर्जन हुन्छ ।

माथि उल्लेखित सम्पूर्ण काम समाप्त भए पछी बज्राचार्य पद प्राप्त व्यक्ति आफ्नो घरको पूजा कोठामा गई गुरुमण्डल, समाधि पूजा, देवदेवीको आव्हान गरि बुद्ध धर्म संघको स्मरण सहित

पूजा गरिन्छ। पूजाको अन्तमा आफ्नो अगाडीको मण्डलमा अक्षेता, फूल र शँखको जलले विसर्जन गरिन्छ (हेर्नुहोस परिशिष्ट १६ मा)। यस प्रकारको पूजा कार्य दैनिक गर्नुपर्ने छ।

बज्राचार्य पदवी पाउन त्यति सजिलो छैन। महाविहारको गुरु सामुन्ने बसेर पूर्ण रुपमा विनय पालन गरि आचार्य शिक्षा लिई बुद्ध धर्म शुद्ध रुपले पालना गर्नेहरुलाई मात्र बज्राचार्य पदवी दिइन्छ। बज्रयान धर्ममा बज्रयान चर्या गर्न जान्ने आचार्य नै बज्राचार्य हो। यस्तो बज्रयान धर्म भित्रको ज्ञान धारण गरि नियम पालनागर्ने आचार्यलाई मात्र बज्राचार्य मानिन्छ। पापकर्मवाट टाढा वसेर धर्मको मार्गमा लीन भएर ज्ञान र दर्शनका कुराहरु सबैलाई बाँड्दै हिड्ने आचार्यलाई नै बज्राचार्य भनिन्छ। (हेर्नुहोस परिशिष्ट १७ मा) तर अहिले विहारको कार्य प्रविद्धि बिस्तारै ह्रास हुँदै गएको समयमा चूडाकर्म गरिसकेपछि सबैलाई बज्राभिषेक दिने कार्य भएको छ। आचार्याभिषेक लिए पछि बज्राचार्य भनिन्छ। (हेर्नुहोस फोटो संख्या २४)

चूडाकर्म र आचार्याभिषेक पछि जगतपाल महाविहार संघको पूर्ण सदस्यता प्राप्त हुन्छ। यसै दिनवाट रोलक्रम अनुसार महाविहारमा गर्नु पर्ने नित्य पूजा, गुठी आदिमा पालो पाउने हुन्छ। महाविहारमा हुने कुनै पनि कार्यमा सहभागि हुन पाईन्छ।

## ३.३ स्थविरको चयन

संघ सदस्यहरुको जेष्ठताको वरियताक्रम अनुरुप संघ सदस्यहरु क्रमश अन्तिम पन्ध्र जनामा पुगे पछि स्थविर बन्दछन्। स्थविर हुने कार्यलाई जनभाषामा *नायो लुयेगु* भनिन्छ। त्यस्तै थकालि स्थविरहरुलाई जनभाषामा *आजु* भनिन्छ। जगतपाल महाविहारमा १५ जना स्थविरको व्यवस्था छ। आ–आफ्नो कवलवाट हुने भएकोले यहाँ दश कवल भन्ने चलन पनि रहेको छ। यहि दश कवलका आजुहरु यस महाविहारमा प्रवेश गर्नको लागि विहार परिशरमा दश वटा बाटो भएको जन धारणा छ।[29] जगतपाल महाविहारको संघमा स्थविर हुन सजिलो छैन। आफ्नो कवल भित्र सवै भन्दा जेठो व्यक्ति भए सम्म अरुले स्थविर हुन पाउंदैन। ठूलो कवल हुनेहरुमा धेरै उमेर पछि मात्र स्थविर हुन पाउँछ भने कति त स्थविर हुन नपाउंदै मृत्यु भएको दृष्टान्त पनि छ। कुनै

[29] जगतपाल महाविहारका थपाजु स्व. धर्ममुनी बज्राचार्यको भनाई अनुसार।

`

कवलमा एउटै मात्र परिवार रहेको पनि छ, यस्तो कवलमा बाबुको मृत्यु पश्चात जेठो छोरा स्थविर हुन्छ । पन्ध्र स्थविर मध्ये कसैको मृत्यु भएमा त्यसको ठीक बाह्रौं दिनमा मृत्यु हुने स्थविरको उत्तराधिकारीलाई चौध जना स्थविर र एक जना मुख्य पुजारी बसि पन्ध्रौं स्थान दिने गरिन्छ । त्यस बेला चूडाकर्म गरे जस्तै साईत हेरि दिं पौ टासिन्छ र ग्वे दां राखिन्छ । त्यसको भोलिपल्ट स्थविर हुने (नायो लुयेगु) काम परम्परागत तरिकाबाट गरिन्छ । त्यस समयमा सबै स्थविरहरुले सेतो जामा, परम्परागत लुगा, कसाःगा, शिरमा मुकुट, हातमा घण्ट, बज्र वा ताः (एक प्रकारको सानो बाक्लो भ्याली जस्तो वाजा) लिएका हुन्छन । पुजा अवधि भर यसै भेषभुषामा वसेका हुन्छन । पूजा समापन पछी सम्पूर्ण स्थविरहरु सहित नयां प्रवेश गर्ने स्थविरद्वारा गणचक्र परिक्रमा गरिन्छ । (हेर्नुहोस फोटो संख्या २५)

स्थविरहरुलाई संघका सदस्यहरु सबैले सम्मानपूर्वक हेरिन्छ भने निश्चित समयमा सम्पूर्ण सदस्यहरु स्थविर हुने प्रावधान छ । स्थविर भए पछि ललितपुर क्षेत्र भित्रका १८ महाविहार मध्ये कुनै पनि महाविहारका सर्व संघले बोलाउने भोज वा पञ्चदान कार्यक्रममा भाग लिन पाउँछन् ।

यस महाविहारमा स्थविर हुने तहहरु यस प्रकार छ – साधारण *स्थविर* पन्ध्र जना भित्र पुगे पछि हुन्छ । *इताप्राप्त स्थविर* हुन बाह्र जना (द्वादश पारमिता) भित्र पर्नुपर्छ, त्यस्तै छत्र प्राप्त स्थविर हुन *दशपारमिता* (दश जना) भित्र हुनु पर्दछ । दशपारमिता स्थविरहरु मूल स्थविरमा गनिन्छन् । उनीहरु दान, शील, क्षान्ति, वीर्य, ध्यान, प्रज्ञा, उपाय, प्रनिधि, बल र ज्ञानको प्रतीकका रुपमा दशपारमिता कहलिएका हुन । यी स्थविरहरुलाई छत्र धारी पनि भनिन्छ । यसरी छत्र प्राप्त गरिसकेको स्थविरहरुलाई, १८ महाविहारका सदस्यहरुमध्ये कसैले पनि छतलंकू (छत्र प्राप्त पछि गर्ने भोज) भोजको आयोजना गरेमा अनिवार्य रुपमा निमन्त्रणा दिनु पर्ने हुन्छ । यस्ता कार्यक्रममा आयोजकहरुबाट पंञ्चदान पनि गरिन्छ ।

पाँच जना भित्र पर्ने स्थविरहरुलाई *पयँथ* (पंञ्च थकालि) प्राप्त स्थविर भनिन्छ । पाँच जना भित्रका स्थविरहरु मध्ये कसैको मृत्यु भएमा छैठौं स्थानमा बसेका स्थविर पंञ्च थकालि हुन जाने चलन छ । यसरी पयँथ प्राप्त गर्नको लागि जगतपाल महाविहारको नियम अनुसार साधारण रुपमा चक्रसम्बर वज्रदेवीको कोठामा गुह्य पूजा गरि चर्या गीत समेत गाउनु पर्दछ । यस स्थान सम्म पुग्ने स्थविर (आजू) हरु पूजाआजा गर्न जानेकै हुनै पर्दछ ।

जगतपाल महाविहारमा १५ जना स्थविरहरुमा सबैभन्दा जेठो *चक्रेश्वर* कहलिन्छ । उनलाई थपाजु भनि सम्बोधन गरिन्छ । थपाजु भन्दा माथि कोही पनि हुंदैन । त्यसैले थपाजु हुन पाउनु भनेको जगतपाल महाविहारका सदस्यहरुको लागि गौरवको विषय हो । मूल चक्रेश्वर थपाजु हरेक गुठीमा मूलाचार्य भई पूजा गर्नु पर्ने व्यक्ति भएकोले अनिवार्य रुपमा पूजाविधि जानेकै हुनु पर्दछ । आगम कोठा भित्र चक्रसम्बर बज्रदेवीको स्थानमा बसि गुह्य पूजा गर्नु पर्ने भएकोले थपाजू हुने व्यक्तिले अनिवार्य रुपमा दिक्षा(देखा) प्राप्त गरेको हुनु पर्छ । अन्यथा थपाजु हुन सक्दैन । देखा प्राप्त नभएको स्थविर सबैभन्दा माथि पुगे पनि चक्रेश्वर पद प्राप्त गर्न सक्दैन । त्यस्तो भएमा त्यस भन्दा मुनिको स्थविरलाई थपाजुको पद तथा कार्यभार दिईन्छ ।

## ३.४ चक्रेश्वरको काम कर्तव्य

जगतपाल महाविहारको संघमा चक्रेश्वर भए पछि महाविहारमा गर्नु पर्ने धार्मिक तथा सांस्कृतिक कार्यहरुमा अनिवार्य रुपमा उपस्थित हुनै पर्दछ । यसरी चक्रेश्वर भए पछि आगम कोठामा बसि दशमी पूजा, संल्हु पूजा आदि सबै पूजाहरु गर्नु पर्दछ । पूजा गर्ने क्रममा उमेरवाट नभइ चक्रेश्वर जो पहिला भयो ऊ नै सिरानमा बस्छ । सबै भन्दा माथि थपाजू (१), त्यस पछी पयँथ आजू (५), त्यस पछि दशपारमिता (छत्रप्राप्त) आजुहरु (१०), त्यस पछी ईताप्राप्त आजूहरु ( १२) र स्थविर (१५) हुन्छन् । जगतपाल महाविहारमा सवै भन्दा माथि पुग्ने चक्रेश्वर (थपाजू) लाई देवदेवी समान पुजिने गरिन्छ । संघका सदस्यहरुले स्थविरहरुलाई संघमा सर्वोच्च स्थान दिई मान्यवरको रुपमा लिन्छन् ।[30] स्थविरहरु जति माथि जान्छ, महाविहार प्रतिको जिम्मेवारी पनि त्यहि रुपमा वढ्छ । महाविहारमा हुने सम्पूर्ण धार्मिक कार्यहरु ती १५ जना स्थविरहरुको जिम्मामा हुन्छ ।

30 जगतपाल महाविहारका स्थविर श्री पूर्णमान बज्राचार्यको भनाइ अनुसार ।

`

## ३.५ स्थविरहरुले गर्नु पर्ने कार्यहरु

जगतपाल महाविहारको विभिन्न ठाउँमा रहेका देव देवीहरुको स्थानमा नित्यपूजा गरिन्छ । यसरी गरिने नित्यपूजामा सबै संघसदस्यहरुले गर्ने र स्थविरहरुले मात्र गर्ने स्थान छुट्याईएको हुन्छ । पन्ध्र स्थविरहरुले नित्य पूजा र मासिक पूजा गर्ने ठाउँहरु तल उल्लेख गरिएको छ ।

### ३.५.१ महाविहारको आगम कोठामा गर्ने नित्य पूजा

जगतपाल महाविहारको पहिलो तल्लामा एउटा आगमकोठा छ । बिहारको त्यो मूख्य स्थान हो । यहाँ विहान नित्य पूजा गरिन्छ, भने प्रत्येक साँझ घिउ वा तेलको दियो बालिन्छ । यस कोठामा स्थापना गरीएका *पिवखादेव* (चक्रसंवर वज्रदेवी) को स्थानमा नित्यपूजा गर्ने गुठीयारहरु मध्येका पन्ध्र स्थविरहरुले मात्र गर्ने गर्दछ । यस कोठामा नित्यपूजा गर्ने व्यक्तिले विशेष दिक्षा ( देखा) प्राप्त गरेको हुनु पर्दछ । महाविहारमा कवलको हिसावले स्थविर भए पनि यदि उसँग विशेष दिक्षा (जनभाषामा देखा) छैन भने आफ्नै पालो भए पनि नित्यपूजा अरुलाई गर्न लगाउनुपर्ने हुन्छ ।

आगम कोठामा नित्यपूजा गर्नको लागि पञ्चोपचार पूजाको लागि श्री खण्ड, केशर, सीम्रिक, अक्षता, फूल, नैवेद्य, फलफूल, घ्योदेवा (दिप) आदिको व्यवस्था मिलाउनु पर्दछ । यस प्रकारको सरजाम राखि पूजा गर्न आउँदा सम्बन्धित पालो वालाको घरवाट शुद्ध भएर कसैलाई पनि नछोईकन पूजा थाली लिएर आउनु पर्छ । यदि बीचमा कसैले छोईदिएमा उक्त दिनलाई राम्रो मानिंदैन । पूनः पूजा थाली नयाँ राखि नुहाई लुगा फेरेर आउनु पर्ने हुन्छ । यस स्थानमा अनिवार्य रुपमा गुरु मण्डल र समाधि पूजा गरिन्छ । (हेर्नुहोस फोटो संख्या २६)

संध्या पूजामा खासै चोखो हुनु पर्दैन । कलः मत भन्ने एउटा विशेष थालीमा दियो राखि सुरुमा आगम कोठामा बाल्नु पर्छ । पहिला आगम कोठामा बाली साँझको पूजा गरिन्छ, त्यसपछि मात्र अन्य ठाउँमा बालिन्छ । यसरी आरती दिन आउने बेला संस्कृतमा वाक्य वाचन गर्ने गरिन्छ (हेर्नुहोस परिशिष्ट १८ मा) ।

यहाँ आगमकोठाको एउटा विशेषता रहेको पाइन्छ । त्यहाँ सफा गर्दा वा कुचो लगाउँदा निस्केको धुलो सिधा बाहिर फाल्न हुँदैन । त्यहाँबाट आएको कुनै पनि प्रकारको फोहरलाई आफ्नो

`

पालो अवधि भर आगमघर मै कहीं जम्मा गरि राख्नुपर्छ । आफ्नो पालो सकेको दिन पालो बुझाईसके पछि जम्मा गरेको धुलो कुनै नजिकको गंगा (बगिरहेको पानी भएको ठाउँ) मा गई बगाईन्छ । यस प्रकारको परम्परा हाल सम्म पनि कायम रहेको छ । प्रत्येक महिनाको प्रतिपदाको दिन पालो बुझाउने गरिन्छ ।[31]

### ३.५.२ दिशि (दशमी) पूजा

जगतपाल महाविहारको आगम कोठामा रहेका चक्रसंम्बर वज्रदेवी कहाँ हरेक महिनाको शुक्लपक्षको दशमीका दिन महाविहारका दशपारमिता स्थविरहरु एवं अन्य पाँच जना गरि जम्मा १५ जना स्थविरहरु बसी साँझ श्री हेरुक चक्रसंम्बर वज्रदेवी कहाँ दशमी पूजा गरिन्छ । पूजा प्रमुख थकाली चक्रेश्वरले गर्छ भने जजमान पालोवाला आयोजक स्थविर हुन्छ । यस प्रकार दशमी पूजा साँझ बत्ती वालेर (चा पूजा गरे जस्तै) गरिन्छ । बज्रयान र तन्त्रयानमा यस प्रकारको पूजालाई बढी महत्व दिई गरिन्छ । विशेष दिक्षा प्राप्त गुठीयार नाईके (स्थविर) हरु द्वारा चःचा ( चर्या) गीतमा, राग र ताल अनुसारको तान्त्रिक नृत्य समेत गरिन्छ । यस प्रकारको पूजामा दिक्षा प्राप्त नगरेको स्थविरलाई प्रवेश निषेध हुन्छ । पालोवाला वाहेकका अन्य गुठीयारहरुका परिवारहरु समेत जान नपाउने भएकाले झ्यालमा समेत कालो कपडाको पर्दा लगाई उक्त पूजा गर्ने गरिन्छ ।

### ३.५.३ संल्हु (संक्रान्ति) पूजा

बिक्रम सम्बतको प्रत्येक महिना १ गते जगतपाल महाविहार परिसरको प्रमुख चैत्य चिलंच्वको बीचमा अवस्थित ठूलो चैत्यमा बिहान १५ स्थविरहरु बसि पंचोपचार पूजा गरिन्छ । चैत्यमा पूजा गर्नको लागि पुरोहितमा १५ जना मध्ये प्रमुख चक्रेश्वरद्वारा गरिन्छ । आयोजकमा श्री चकसम्बर बज्रदेवीको स्थानमा पालो परेको स्थविर हुन्छ भने जजमानको रुपमा पनि उक्त व्यक्ति नै हुन्छ । आयोजक पालोवाला व्यक्तिबाट नै सम्पूर्ण व्यवस्था मिलाउने गरिन्छ । उक्त दिनको पूजामा बिहान चिलंच्व चैत्यमा नै बसि उपस्थित थकाली स्थविरहरु रोल कम अनुसार बसी समयबजी खाने गरिन्छ । यस दिनमा पालोवाला आयोजकको परिवार पूजामा संलग्न रही सम्पूर्ण

---

31 जगतपाल महाविहारका स्थविर ज्योतिराज बज्राचार्यको भनाई अनुसार ।

`

पूजा बिसर्जन नभए सम्म बस्छन् । पूजामा संलग्न भएका सम्पूर्ण स्थविरहरु र आयोजकका परिवारहरु समयबजीको कार्यक्रम समाप्त नभए सम्म अनिवार्य बस्नु पर्ने हुन्छ ।

## ३.६ जगतपाल महाविहारको सर्व संघले गर्ने कार्यहरु

जगतपाल महाविहारमा चूडाकर्म गरि आचार्याभिषेक लिई सकेका सम्पूर्ण संघ सदस्यहरुले रोलक्रमानुसार पूजाआजा एवं गुठीमा पालोलिई परम्परा अनुसारको कर्तव्य पालन गर्नु पर्छ । ति कार्यहरु बारे तल विस्तृत रुपमा उल्लेख गरिएको छ ।

### ३.६.१ मूख्य चैत्य चिलंच्वमा गर्ने नित्यपूजा

बिहान सबेरै महाविहार प्राङ्गणमा रहेका सबै वोधिसत्व, देवी–देवताहरुलाई स्नान नित्यपूजा गर्ने काम जगतपाल महाविहारका गुठीयारहरु मध्ये रोलक्रम अनुसार पालो पर्ने गुठीयार (बज्राचार्य) बाट हुन्छ । नित्यपूजा नगरी अन्यत्र कुनै पनि स्थानमा पूजा गरिंदैन । साथै कुनै पनि भक्तजनहरुको पूजा पनि ग्रहण गरिंदैन । त्यसकारण उक्त ठाउँमा बिहान सबेरै ४:०० वजे देखि ४:३० बजे सम्ममा नित्यपूजा गरेकै हुनु पर्दछ । नित्यपूजामा प्राङ्गणमा भएका दुई ठाउँ (आगम घर र क्वाचपाल) बाहेक अन्य सम्पूर्ण ठाउँमा गर्नु पर्दछ । नित्यपूजा सकेपछि नित्यपूजामा संलग्न भएका भक्तजनहरुले पुजारी सँग जल माग्ने कार्य हुन्छ । जल दिइसके पछि बाँकी जल सबै चैत्य अगाडीको धर्म धातुमा चढाएर जाने परम्परा रहेको छ ।

नित्यपूजामा सम्पूर्ण देव देवीलाई स्नान गराइ ज्वला न्हायकं (पितलको प्रतिविम्ब) देखाईने गरिन्छ । उक्त पूजामा चैत्यमा पूजा गर्ने वाक्य पढिन्छ । (हेर्नुहोस परिशिष्ट १९ मा)

नित्यपूजाको समाप्ती पछी नामसंगिती वाचन गरिन्छ । अनि अन्य भक्तजनहरुको लागि मन्दिर क्षेत्र खुला गरिन्छ । त्यस पछि आउने भक्तजनहरुद्वारा दर्शन र पूजा गरिन्छ । नित्यपूजाका रुपमा साँझ पुजारीको परिवारवाट अनिवार्य रुपमा नियमित बत्ती दिने परम्परा छ । यो कार्य हाल सम्म निरन्तर रुपमा हुँदै आएको छ । यस ठाउँको पालो पनि जगतपाल महाविहारका गुठीयार संघमा चूडाकर्म र आचार्यभिषेक गरिसकेका सम्पूर्ण सदस्यहरुलाई जान्छ । यहाँको पालो प्रत्येक २, २ हप्ताको हुन्छ । दुई हप्तामा आउने आईतवारका दिन पालो फेरिन्छ ।

### ३.६.२ क्वाचपाल (अक्षोभ्य बुद्ध) मा गर्ने नित्य पूजा

जगतपाल महाविहारको भुई तल्लामा स्थापित क्वाचपालमा पहिला दिनको तीन पटक नित्य पूजा गर्नु पर्थ्यो । बिहानको पूजालाई 'देवख्य', दिनको पूजालाई 'माझं' र साँझको पूजालाई 'सं यायग्' भनिन्थ्यो । हाल समयको महत्वलाई ध्यानमा राखि समय र परिस्थितिको परिवर्तन सँग सँगै बिहानको देवख्य र साँझको सं यायगु नित्य पूजा मात्र हुने गर्छ । (हेर्नुहोस फोटो संख्या २७)

यहाँ नित्य पूजा गर्न आउँदा घरबाटै पूजाको व्यवस्था गरिन्छ । नित्यपूजाको समयमा दाँया हातलाई बाहूलाबाट बाहिर निकालिन्छ । पूजा अवधि भर नै दायाँ हातलाई नाङ्गै राखिन्छ । जाडो वा गर्मी दुवै मौसममा यसो गरिन्छ । यहाँको नित्यपूजाको प्रमुख विशेषता भनेको महाविहार परिशर भित्र रहेका सम्पूर्ण देव देवीको मन्दीर दायां हातमा मा ताः (भोटे ताल्चाको साचों) लिई बायां हातले घण्ट बजाई परिक्रमा गरिने कार्य हो । यस प्रकारको कार्य बिहान साँझ दुबै समयमा गर्नुपर्छ । त्यस पछि चिवर र 'क्वापाः लाकां (खराउ)' लगाई द्वार बाहिर रहेको मण्डपमा उभिएर गम्वासिं (एक प्रकारको काठको घण्ट) बायाँ कांधमा राखी अपरिमित्ता धारणी वाचन गरि १०८ पटक बजाउने गरिन्छ । (हेर्नुहोस परिशिष्ट २० मा) यसरी गम्वासिं बजाउने बेला त्यसको आवाज सुन्ने कोहि पनि व्यक्तिले पाइला चाल्नु हुँदैन, जहाँ पुगेको हो त्यहि ठाउँमा उभिएर गम्वासिं बजाउन समाप्त नभए सम्म उभिराख्नु पर्छ भन्ने धारणा छ । यसरी गम्वासिं बजाई सके पछि अक्षोभ्य बुद्ध सामु दशपारमिताको स्त्रोत्र पढ्ने गरिन्छ, जुन स्त्रोत्र वाचन गर्दा श्री बज्रसत्व, श्री मञ्जुश्री, श्री बसुन्धरा, श्री शंकटा आदि देवताहरुको आव्हान गरिन्छ ।

यसरी सम्पूर्ण देव देवीको पूजा सकेपछि बिहानको नित्यपूजा कार्य समाप्त हुन्छ । यसरि नै साँझको सँ यायगु नित्य पूजा पनि हुन्छ । सँ यायगु बेला घण्ट बजाएर घुम्नु बाहेक अरु सबै काम बिहानको नित्यपूजा जस्तै गर्नु पर्छ । हरेक गुठीयारको रोलकम अनुसार पालो आउँछ । यसरी आएको पालो प्रत्येक सदस्यले दुई हप्ताको लागी लिनु अनिवार्य छ ।

`

## ३.७ आचार्य गुठी

प्रत्येक वर्ष चैत्र शुक्ल नवमी, दशमी र एकादशी तीन दिन सम्म संघका चूडाकर्म गरि आचार्याभिषेक लिइ सकेका सम्पूर्ण बज्राचार्यका कूलपुत्रहरु आलोपालो गरि आचार्य गुठीको आयोजना गर्छन् । आचार्यभिशेक लिइसकेका बज्राचार्यहरु सहभागी हुन पाउने यस गुठीमा चूडाकर्म गरेको रोल क्रम अनुसार नाम दर्ता गरिन्छ । गुठीयारहरु उमेरको हिसावले नभई चूडाकर्म र आचार्याभिशेक गरेको रोल क्रम अनुसार राखिन्छ । ललितपुरका प्रमुख १८ महाविहार मध्ये एक भएकोले हरेक धार्मिक कार्यहरुमा १८ विहारको नीति नियम र सरसल्लाह अनुसार हुने गरे तापनि आचार्य गुठी भने आ–आफ्नै अनुकूल समय अनुसार छुट्टा छुट्टै गर्ने गरिन्छ । यो गुठी मनाउने तौर तरिका पनि आफ्नै किसिमको हुन्छ ।

आचार्य गुठी मनाउन हरेक पाला गुठीयारहरु मध्ये एक जनालाई पालो दिने गरिन्छ । गुठी अवधि भर काम गर्नको लागि भने ३ जना गुठीयारहरु सहभागी हुन्छन् । मुख्य पालो वाला गुठीयार एक जना र उनको सहयोगको लागि गएको एक जना र आउने साल पालो लिने एक जना गरि जम्मा २ जनालाई पनि जिम्मा दिएको हुन्छ । यहाँको जन भाषामा मुख्य पालो वालालाई “वालः पाःला” भनिन्छ भने अन्य दुई जनालाई चिह्निपाःला भनिन्छ ।

आचार्य गुठी तीन दिन मनाईन्छ । तीनमा पहिलो दिन, बेलुका सम्पूर्ण गुठीयारहरु छोय्ला–भू को लागि उपस्थित हुन्छन् । उक्त दिन पूजा गर्नु पर्दैन, गुठीयारहरुलाई भोलि र पर्सि हुने कार्यक्रमको बारे जानकारी दिईन्छ । सो दिन पोलेको मासु सालको पातमा राखी गुठीयार सबैलाई रोलक्रम अनुसार खुवाईन्छ ।

दोस्रो दिन मू भू (मुख्य पूजा) गरिन्छ यस दिन विशेष भव्य पूजा हुन्छ । यस दिनको पूजामा मूल चक्रेश्वर थपाजू मुलाचार्य भएर मूख्य पालो पर्ने गुठीयार जजमानको रुपमा हुन्छ भने चक्रसम्वर वज्रदेवी स्थानमा पालो पर्ने स्थविर (पुजारी) उपाध्याय भई पूजा गरिन्छ । पूजा शुभारम्भ भए देखि नै चर्या गीत वाचन गरिन्छ, पूजा गर्दा क्रमश गुरुमण्डल, समाधि, कलस पूजा, पात्र ( मानव खप्पर) पूजा, मूल देवता चक्रसम्वर वज्रदेवी र कुमारी पूजा गरिन्छ । यस दिनको पूजामा आचार्य गुठीका सम्पूर्ण बज्राचार्य सदस्यहरुलाई सम्पूर्ण देव देवीको दर्शन गराई टिका दिई सूत्र (क्व

`

खा) धारण गराई प्रसादको रुपमा समयबजी दिइन्छ । यस दिनको पूजामा विभिन्न चर्या गीत, जस्तै अनिल, कलशार्चन, कुम्भनील, नीलवर्ण, पीतवर्ण, रक्तवर्ण, हरितवर्ण, गोकुदहन, नील हूंकार, मेदनी, अष्टदर, ओं आ हुं आदि चर्या गीत गाउने गर्छ । हरेक पूजासंग सम्बन्धित चर्या गीत गाइन्छ । अन्तमा कलशाभिषेक, सिन्दुराभिषेकको साथै मण्डलाभिषेक एवं मुकुटाभिषेक गरि आचार्य गुठीको मूख्य दिनको पूजा विशर्जन हुन्छ ।

सम्पूर्ण पूजा समाप्त भए पछी गुठीयारहरु क्रमवद्ध रुपमा भोजनको लागि बस्छन् । आ–आफ्नो आसनमा बस्नु भन्दा अघी आफु भन्दा माथिका सबैलाई ढोग गर्दै बसिन्छ । यसरी हुने भोजमा राखेको खानेकुराहरु सबै खानै पर्छ भन्ने बाध्यता हुँदैन । सक्नेले खाने र नसक्नेले घरमा लिएर जान पाइन्छ । भोजको भाग राखिने बेला ठूला साना भन्ने भेदभाव राखिंदैन सबैलाई बराबर राखेको हुन्छ । नापेर अनि जोखेर खानेकुराहरु भाग लगाईने भएकोले सवैलाई बराबर हुन्छ । यसरी भोजको कार्यक्रम पछि दोस्रो दिनको गुठी समाप्त भएको घोषणा प्रमुख चक्रेश्वरद्वारा गरिन्छ । भोलिको कार्यक्रम समेत सुनाइन्छ । यस प्रकारको भोज अन्त कतै पनि सायदै होला ।

तेस्रो वा अन्तिम एकादशीको दिन बिहान पंचोपचार पूजा गरि मरिभू (मिठाई भोज), र जाभू भनेर गरिन्छ । मरिभू गर्ने समयमा– त्रि चक्र, हेवज्रनैरात्मा र चक्रिकुण्डल तीन वटा चर्या गीत गाउने गरिन्छ । गीतको साथ साथै वज्रयोगिनी, वज्रदेवीको रुपमा वस्त्र धारण गरि नृत्य समेत गरिन्छ । दुर्लभ रुपमा पाउने स्यालको सिँग भनि विश्वास गरिएको सिँगमा राखि मध्यपान समेत गराईन्छ (हेर्नुहोस फोटो संख्या २८) । यसरी सिङ्गमा राखि मध्यपान गर्नाले वर्ष दिन सम्म पेटको रोग लाग्दैन भन्ने धारणा छ ।[32]

यस दिन गुठी पालोवाला (आयोजक) का आफन्तहरुले आ–आफ्नो गच्छे अनुसार सम्पूर्ण गुठीयारहरुलाई एक एकवटा मिठाइ थप दिन आउने परम्परा छ । यसले गर्दा पालोवालाको आफन्तहरु कति धेरै वा थोरै छ भनेर हेर्ने पनि गरिन्छ । जसका आफन्तहरु धेरै छ उनको पालोमा धेरै मिठाई हुने गर्छ भने आफन्त कम हुने आयोजकको समयमा मिठाई कम हुन्छ । यस दिन खासै पूजा गर्नु पर्दैन, तर आगामी वर्ष कसको पालो र के के गर्ने भन्ने सर सल्लाह गर्ने गरिन्छ । यसै

---

32 जगतपाल महाविहारका चक्रेश्वर धर्मराज बज्राचार्यको भनाइ अनुसार ।

`

दिन मूख्य पालोवाला कहाँबाट अर्को वर्ष पालो पाउनेको वाल:पा भब्य किसिमले तिम्रो पालो भनि निर्क्यौल स्वरुप एउटा काँसको थालमो ३२ प्रकारको खानेकुराले सजिएको थाल सहित सबै गुठीयारहरु गई पालो पु¥याउन जान्छन् । आगामी पालोवाला कहाँ पु¥याए पछि गुठीयारहरु आगम घरमा आई बिहानको खाना (जा:भू) खाने गर्छ । उक्त दिन भरि अन्य केहि कार्यक्रम हुँदैन । त्यहि रात मूल देवता (गुठीयारहरु बाहेक अन्यहरुले हेर्न नहुने भनिएको) पालो सकिने व्यक्ति कहाँवाट अर्को साल पालो लिने व्यक्तिको घरमा सम्पूर्ण गुठीयारहरु एकत्था भई पु¥याउन जानुपर्छ । राती लाने वस्तु नै यस आचार्य गुठीको मुख्य देवता भनिन्छ । उक्त समयमा सकेसम्म कसैले झ्यालबाट उक्त कार्यक्रम नहेर्नु होला भनि जानकारी दिने गरिन्छ र पालोवाला स्वयंले नै बोकेर उक्त वस्तु अर्को साल पालो लिने व्यक्तिको घरमा पु¥याइन्छ । त्यस घरमा पु¥याउन जाने जति सबैलाई भोज खुवाएर पठाउनु पर्ने चलन छ । यस कार्यक्रम पश्चात त्यस सालको आचार्य गुठी समाप्त भएको घोषणा प्रमूख चक्रेश्वर (थपाजु) बाट हुन्छ । एवं प्रकारले हरेक गुठीयारहरुले आचार्य गुठीको पालो लिनु पर्दछ । तर यो गुठीको पालो जीवनमा एक पटक मात्र आउँछ ।

## ३.८ अन्य गुठी – सनाः (मृत्युसंस्कार) गुठी

जगतपाल महाविहारका संघ सदस्यहरुको एउटा अर्को गुठी पनि छ । यस्लाई सनाः गुठी भनिन्छ । भित्रका गुठीयारहरुको परिवारहरु मध्य कोहीको मृत्यु भएमा जगतपाल महाविहार संघका सदस्यहरु मिलि मृतकलाई मलामि सहित मसानघाट पु¥याई दाह संस्कार गरिन्छ । यस्तो कार्य गर्न महाविहार संघले एउटा गुठी निर्माण गरेको छ । उक्त गुठीलाई नै सनाः गुठी (मृत्यु संस्कार गुठी) भनिन्छ । हरेक वर्षको जेष्ठ कृष्णपक्ष दशमी (तछलागा दशमी तिथी) का दिन मनाइन्छ । यो गुठीमा गुठीयार भित्रका सम्पूर्ण सदस्यहरु मध्ये प्रत्येक घरवाट एक जना मूल व्यक्ति अनिवार्य रुपमा उपस्थित हुनु पर्छ ।

उक्त दिन सम्पूर्ण गुठीयारहरुको घर मूलीहरु मात्र बसि श्री चक्रसम्बर वज्रदेवीको पूजाकोठामा चर्या गीत वाचन गरी गुह्य पूजा गरिन्छ । यो गुठीको लागि गुठीयारहरु मध्ये चार जनाको पालो हुन्छ । यसै दिन पालो फेरिन्छ र नयाँ चार जना गुठीयारहरु आगामी एक वर्षको लागि चुनिन्छन् । सम्पूर्ण गुठीयारहरुलाई दुई समूहमा विभाजन गरीएको हुन्छ । एउटा समूहबाट २

`

जना र अर्को समूहवाट २ जना गरी पालो दिईन्छ । पालो रोल क्रम अनुसार आउँछ । यस गुठीमा पालो पर्ने गुठीयारद्वारा नै वर्ष भरि कुनै पनि कार्य गर्नको लागि सम्पूर्ण गुठीयारहरुलाई बोलाउने, उक्त समयमा नआएको गुठीयारहरुलाई जरीवाना गर्ने, मृत्यु संस्कारको बेला मलामी नजाने गुठीयारहरु, गुठी संचालनको बेला उपस्थित नभएका व्यक्तिहरुको लगत राख्ने कार्यहरु गरिन्छ ।

यस महाविहारमा संचालित गुठीहरु मध्ये सनागुठीलाई प्रमुख गुठीको रुपमा लिईन्छ । यस गुठीबाट नै यहाँको संघ सदस्य हो वा होइन भनि छुट्याईन्छ । कीर्तिपुरको यस महाविहार वरिपरि अन्य बज्राचार्यहरुको पनि बसोबास गरेको पाइन्छ । तर कीर्तिपुरका सवै बज्राचार्यहरु यस महाविहारका छैनन् । छुट्टै गुठी मनाउने बज्राचार्य र शाक्यहरुको एक समूह पनि रहेको छ ।

जन्मे पछि एक दिन अवश्य मृत्यु हुन्छ, यो प्राकृतिक नियम नै हो । कसैको मृत्यु छिटो हुन्छ त कसैको ढिलो, तर मृत्यु एक न एक दिन अवश्य हुन्छ । मृत्युले ठूलो सानो, धनी गरिव छुट्याउँदैन । त्यसैले यो अवस्थाको लागि सबैलाई चाहिने गुठी भएको हुँदा सनागुठी मानव जीवनको लागि महत्वपूर्ण संस्थाको रुपमा लिनु पर्दछ ।

## ३.९ जगतपाल महाविहारको आर्थिक व्यवस्था

जेसुकै काम गर्न पनि सर्व प्रथम आर्थिक राम्रो हुनु पर्दछ । धार्मिक, सांस्कृतिक कामहरु संचालन गर्न पनि आर्थिक रुपमा सम्पन्न भएको हुनु पर्छ । नेपाल उपत्यका भित्र रहेको महाविहारहरुको संरक्षण, संचालन र विकास गर्न आर्थिक श्रोतको महत्व ठूलो छ । जगतपाल महाविहारको आर्थिक स्थितिको कुनै कमी छैन । महाविहारमा संचालन हुने सबै गुठीहरु निरन्तर रुपमा चली रहन सकून भन्ने उद्देश्यले पहिलाका दाताहरुले प्रसस्त जग्गा जमीनहरु राखेका थिए । कीर्तिपुर न.पा. वडा नं ३ र १ मा मात्र ६० रोपनी जग्गा एकै ठाउँमा थियो । त्रिभुवन विश्वविद्यालयले अधिग्रहण गरि लिए पछि अहिले ४ रोपनी जति मात्र बाँकी छ । त्यस्तै हरेक दिन पूजा गर्नका लागि कीर्तिपुर न.पा वडा नं १७ मा रहेको बाहिरी गाउँमा मूल सडकको छेउमा ४ रोपनी जग्गा छ । साथै कमलको फूल र ताजा माछाको लागि कीर्तिपुर न.पा. वडा नं. १ मा पर्ने पले पुखू (पोखरी) करिब ३ रोपनी जग्गा अहिले सम्म बाँकी नै छ । तर २०२२ सालको तथाकथित भूमि सुधारले “जसको जोत उसको पोत” कार्यक्रमले गर्दा जसले जोति राखेको छ उनीहरुले

`

आफ्नै जग्गा जस्तै हक भोग गरि राखेको हुँदा जगतपाल महाविहार संघको आयस्ताको रुपमा हाल केहि नभएको जस्तो भएको छ । करोडौंको चल अचल सम्पति भएर पनि महाविहार संघ गरिब देखिएको छ ।

जग्गा जमिन बाहेक जगतपाल महाविहार संघको अन्य आयश्रोत केहि छैन । संघको हरेक वर्षमा मनाउँदै आएका पर्वहरुको लागि संघ सदस्यहरुसंग ल्हापं (चन्दा) लिएर काम चलाईन्छ । अहिले महाविहार संघका यूवा सदस्यहरुले विभिन्न कार्यक्रमहरु गरेर संघको लागि केहि आम्दानी गरिरहेको छ । सामूहिक ब्रतबन्ध, सामूहिक बेल विवाह, अष्टमी व्रत, विभिन्न धार्मिक स्थलहरुको भ्रमण, ज्योतिषी कार्य आदि कार्यक्रमहरु संचालन गरि जगतपाल महाविहार संघको लागि केहि आर्थिक श्रोतहरु जुटाउने कार्य गर्दै आएको छ । यस्को अतिरिक्त संघको आफ्नै कोष पनि छ । जगतपाल महाविहार संघको आन्दानीको श्रोत सदस्यहरुको ल्हापं, जरिवाना, चन्दा, मन्दीरमा चढाएको भेटी आदि हो । यस प्रकारले महाविहार संघ अहिले आर्थिक मामलामा केहि व्यवस्थित भएको जस्तो देखिन्छ ।

`

# अध्याय चार

# अन्य धार्मिक कार्यहरु

## ४. धार्मिक तथा सांस्कृतिक कार्यहरुः

जगतपाल महाविहार संघ भित्र धेरै धार्मिक एवं सांस्कृतिक कार्यक्रमहरु संचालन हुंदै आइरहेका छन् । ती मध्येको प्रमुख आगम देवता (चक्रसंम्बर वज्रदेवी) स्थानमा पन्ध्र जना चक्रेश्वर आजूहरुद्वारा एक एक महिना गर्ने नित्यपूजा हो । जगतपाल महाविहारमा हुने दैनिक, मासिक र वार्षिक मनाउने गुठीहरु समय सुहाउँदो गरी संचालन हुँदै आईरहेका छन् । ती कार्यहरुको विवरण तल विस्तृत रुपमा उल्लेख गरिएको छ ।

## ४.१ आर्य नामसंगिती पाठ

नामसंगीतिको शाब्दिक अर्थ – यो दुई शव्द नाम र संगीतिको सँधि हो । मञ्जुश्री ज्ञानसत्वका नामहरुको संगीति हो । यसैले मञ्जुश्री नामसंगीति पनि भनिन्छ । आचार्य विलासवज्रले आफ्नो टीका नाममन्त्रार्थ – बलोकिनीमा नाम र संगीतिलाई स्पष्ट पार्दै बताएका छन् –

१. गान नै गीति हो,

२. सम्यक् गीति नै संगीति हो,

३. नामहरुको सम्यक् गीति नै नामसंगीति हो ।

यहाँ नामलाई स्पष्ट गर्दै उनले भनेका छन् – क्रिया, चर्या, योगतन्त्र, सूत्र, अभिधर्म, विनय, सारा लौकिक–लोकोत्तर, स्थावर–जङ्गम जगत् (संसार) नाम हुन् । यिनीहरुको संगीति नै नामसंगीति हो – “नामानि योग क्रियाचर्या तन्त्रप्रवचन सूत्राभिधर्म विनय लौकिक लोकोत्तराणि स्थावर जङ्गमानि च, तेषां नाम्नां संगीतिरिति ।”[33]

33 गजराज बज्राचार्य, *आर्य नामसंगीति–एक अध्ययन* (पलेस्वां, लोटस रिसर्च सेन्टर, ने.सं. १११८, वर्ष ९ अंक १३) पृ. ५ ।

`

जगतपाल महाविहार प्राङ्गणको पूर्व दक्षिणमा रहेको पाटीमा दैनिक बिहान नामसंगिती वाचन गरिन्छ । बिहान सबेरै नामसंगिती पाठ गर्ने परम्परा धेरै वर्ष अगाडी देखि चल्दै आएको भएता पनि नामसंगिती देवीको मूर्ति बनाई उक्त ठाउंमा स्थापना भने बि.सं. २०५९ सालमा मात्र भयो । जगतपाल महाविहारका बज्राचार्यहरुद्वारा "जगतपाल महाविहार संरक्षण संघ" नामको संस्था खोली त्यस अन्तरगत विभिन्न समितिहरु बनायो । यी समिति मध्ये आर्य नामसंगिति वाचन समिति पनि एक हो । उक्त समितिको रेखदेखमा नामसंगिती स्तोत्र वाचन गर्ने गरिन्छ ।

समितिका सदस्य बज्राचार्यहरु तथा अन्य भक्तजनहरु जम्मा भई दैनिक बिहान करिव २ घण्टा र बेलुकी २ घण्टा नामसंगिती वाचन गरिन्छ । प्रमुख गुरुज्यू (बज्राचार्य) बाट सुरु गरि आरती र समापन पनि वहाँ बाटै गरिन्छ । आरती पछि सम्पूर्ण भक्तजनहरुद्वारा जल प्रसाद ग्रहण गर्ने परम्परा रहेको छ । यस कमितिको नियमित कार्यक्रमा नामसंगिति वाचन, ग्रह शान्ति पाठ र पारमिता धारणि पाठ पढ्ने गरिन्छ (हेर्नुहोस फोटो संख्या २९) ।

## ४.२ गुंला पर्व

श्रावण शुक्ल (गुंलाथ्व) प्रतिपदादेखि भाद्र औंसी, प्रतिपदा (यंलाथ्व) सम्मको एक महिनालाई गुंलामास भनिन्छ । धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले यो महिना निकै महत्वपूर्ण छ । पहिलेका मानिसहरुले वर्षा ऋतुमा रोपाई सकाई यस गुंला मासमा  धर्मकर्म गर्ने परम्परा बसालेका थिए  । बौद्ध धर्म मान्ने नेवारहरुले यस महिनालाई धार्मिक दृष्टिकोणले दुःखबाट मुक्त हुन सत्वप्राणीको हितको कामना गरी चैत्य दर्शन गर्ने, मन्दिरमा पूजा गर्ने, गुंला बाजा (धाः बाजा) बजाउने, नेकू ( सिङ्) बाजा बजाउने, नामसंगिती पाठ गराउने, ज्ञानमाला भजन गर्ने जस्ता आदि कार्यहरु गर्छन् । महाविहारका बज्राचार्य र कीर्तिपुरका मानन्धर जातिका समुदायहरु गुंला महिनामा भर बिहान सबेरै जगतपाल महाविहार लगायत कीर्तिपुरका अन्य धार्मिक स्थलहरुमा गुंलाःबाजा बजाएर देश परिक्रमा गर्ने गर्दछन् ।[34] बज्राचार्यहरुले साँझ पनि धाः बाजा बजाएर महाविहार प्राङ्गणमा परिक्रमा गर्ने गर्दछन् । (हेर्नुहोस फोटो संख्या ३०)

---

34 कविन्द्र बज्राचार्य. *कीपूया गुंला धर्म : छगू म्हसिका* (लकस, कीर्तिपुरबाट प्रकाशित हुने साप्ताहिक पत्रिका, ने.सं. ११२४, वर्ष ३ अंक ४६) पृ. ३ ।

`

गुंलामास भनेको नेवार समुदायको प्रमुख महिना हो । यस महिनामा धेरै महत्वपूर्ण धार्मिक पर्वहरु पर्दछन् । जस्तै – नागपंचमी, गाइजात्रा, पंचदान, कीर्तिपुर, बाबुको मुख हेर्ने औंसी आदि ।

काठमाण्डौ शहरका बासिन्दा महिना भरनै सबेरै बिहान स्वयम्भूमा विशेष दर्शनका लागि जाने गर्छन् । जगतपाल महाविहार प्राङ्गणमा रहेको चिलंचो चैत्य कीर्तिपुरको प्रमुख प्राचीन बौद्ध धार्मिक स्थल भएको हुनाले कीर्तिपुर बासीहरु एक महिनासम्म यहाँ अतूत रुपमा दर्शन गर्न, पूजा गर्न, बत्ती बाल्ने आदि जस्ता धार्मिक कार्यहरु गर्न आउँछन् । भक्तजनहरुले यो गुंलामासमा नवसूत्र (नवग्रन्थ) पाठ गराउने पनि चलन रहेको छ । यस मासमा जगतपाल महाविहार प्राङ्गणमा बज्राचार्यहरु उपस्थित गराई एक एक जनाले एउटा एउटा ग्रन्थ पाठ गराउने पनि गरिन्छ ।

गुंलामासमा पर्ने गाईजात्रा पूर्णिमाको रातभर जाग्राम बसि कीर्तिपुरको विहारहरु, मन्दीरहरु घुम्ने (बहाः चाः हिलेगु) गर्दछन् । एक वर्ष भित्र दीवंगत भएका आफन्तको नाममा गुरुजुहरुद्वारा चैत्य पूजा गराउने चलन पनि रहेको छ । यो धार्मिक क्षेत्रको परिक्रममा गर्ने परम्परा धेरै पुरानो नभई वि.सं. २०१३ सालमा स्थानिय बज्राचार्यहरु हिरामुनि, मुनिरत्न, धर्ममुनि, चन्द्रबहादुर बज्राचार्यहरुवाट शुरु गरेको थियो । यो परम्परा पुरानो नभए पनि जनमानसमा लोकप्रिय हुँदै गएको छ । यो रात कीर्तिपुरमा दिनमा जस्तै चहलपहल हुने गर्दछ । यो रात प्रमुख रुपमा जगतपाल महाविहार प्राङ्गण मेलाको रुपमा देखिन्छ ।

## ४.३ पंचदान

गुंला मासमा पर्ने भाद्र कृष्ण त्रयोदशीको दिनलाई कलियुग शुरु भएको युग चह्रे (जुगः चह्रे) पनि भनिन्छ । यसको अघिल्लो रात जगतपाल महाविहार प्राङ्गणमा दिपंकर बुद्ध, तारा आदि देवताहरु प्रदर्शन गर्ने, रातभरी ज्ञानमाला भजन, नामसंगिति पाठ गरि जाग्राम बस्ने र जुगः चह्रेका दिन बिहान सबेरै देखि विभिन्न वस्तुहरु दान गर्ने गरिन्छ । यसरी दान दिने क्रममा कीर्तिपुरका बौद्ध धर्माबलम्बीहरुले दिपंकर बुद्ध, तारा, बोधिसत्वहरु लगायत बज्राचार्य, शाक्य तथा गुरुजुहरुलाई दान दिन्छन् । उक्त दानलाई पंचदान भनिन्छ । कीर्तिपुरको जगतपाल महाविहारको सम्पूर्ण पाठ, पूजा, पर्व आदि पाटन क्षेत्र सँग मिलेको भए तापनि पंचदान पर्व एउटा पाटनमा गर्ने दिन गुंला

`

मासको शुक्लपक्ष अष्टमीका दिनमा गरिदैन । नेपाल मण्डलमा रहेका पाटन बाहेकका अन्य ठाउँहरुमा गरिने जुगः चह्रेका दिन पंचदान गर्ने गरिन्छ ।

यस महाविहारका गुठीयारहरुले आफ्नो घरमा पंचदानको निमित्त एक दिन अघि पुरै घर लिपपोट र सफासुग्घर र स्वच्छ गरिन्छ । यस दिन दीपंकर तथागत, शाक्यमुनि बुद्ध, बोधिसत्वहरुका चित्र वा मूर्तिहरु, ग्रन्थहरु प्रर्दशन गर्ने गरिन्छ । बज्राचार्य, शाक्य लगायत अन्य जातमा घरका मूलीले ती देवताहरुलाई पूजा गर्छन् । देवताहरुका अगाडि विभिन्न दान सामाग्रीहरु पनि राखिन्छ । यस्तो दान सामाग्री राखिएका स्थानलाई दानशाला भनिन्छ । दानशालालाई सके सम्म श्रृङ्गार गरि विभिन्न मिठाई र फलफूलले सजाएर राखेको हुन्छ । पंचदानको दिनमा आ–आफ्नो गुरुबाट पूजा गराई आफ्ना गुरुलाई पहिले पंचदान दिइन्छ । पंचदान दिने दाताहरुले शाक्य र बज्राचार्यका कुलपुत्रहरुलाई मात्र दिने गर्दछन् । शाक्य बज्राचार्यका कुलपुत्रहरुलाई दानशालामा राखेका देवताहरु सँगै जल दिएर टीका लगाई जजँका (पंचशूत्र) हातमा बेरी, शिरमा फूल राखेर पंचदान दिने गरिन्छ । पंचदानमा पाँच प्रकारका वस्तुहरु दान दिने गर्दछन् । ती हुन धान, चामल, गहुं, मकै अनि गेडागुडीमा केराउ, भटमास, गेडा मास, आदि, वस्त्रमा जजंका (हातमा लगाउने धागो), रुमाल, कमिज, कपडा आदि, भोजनमा क्षिर, फलफूल, सख्खर पानी (पाँ ति), मिठाई आदि र दक्षिणा गच्छे अनुसारको रकम, पैसा । साथै सक्नेले यो भन्दा पनि बढी नै दिने पनि गरिन्छ । तर पंचदान भन्ना साथ पाँच वस्तु भनि बुझ्नु पर्दछ । यसरी दान दिने बेलामा दान दिने वस्तु अनुसार वाक्यहरु वाचन गर्ने गरिन्छ । (हेर्नुहोस परिशिष्ट २१ मा)

नेपाल मण्डलका अन्य विहारहरुमा भन्दा जगतपाल महाविहारमा पंचदानको नियम अलि फरक रहेको छ । बिहान देखि पूजामा आउने भक्तजनहरुले महाविहारको प्राङ्गणमा विराजमान गराईएका दिपंकर बुद्ध एवं शाक्यमुनि बुद्धको दर्शन गरे पछि त्यहाँ उपस्थित महाविहारका स्थविर हरुलाई कमबद्ध रुपमा दान दिने चलन छ । साथै त्यस दिन सम्पूर्ण भक्तजनहरुलाई महाविहारको माथिल्लो तल्लामा राखिएका चकसम्बर वज्रदेवीको दर्शन गर्न दिईन्छ । सर्व साधारणहरुले त्यस दिन आगम कोठाको वाहिर लामो वरण्डा देखि धान छर्दै भित्र पस्ने गर्छ, उक्त कार्यलाई स्थानिय भाषामा 'वा होलेगु' (धान छर्ने) पर्व भन्ने गर्छ । उक्त पंचदानको दिन बाहेक अरु दिनमा सर्व साधारणलाई यस महाविहारमा प्रवेश निषेध गरिएको छ ।

`

## ४.४ श्री पञ्चमी (वसन्त पञ्चमी)

माघ शुक्लपक्ष पञ्चमी अर्थात श्री पञ्चमीका दिन ऋतु फेरिने, जाडोको मौसम सकीने विश्वास भएकोले यो दिन भव्य रुपमा मनाउने चलन रहेको छ । विद्यार्थीहरुको लागि पढाई शुरु गर्ने दिन, कुनै पनि शुभ कार्य प्रारम्भ गर्नको लागि साइट हेर्न नपर्ने दिनको रुपमा पनि यस दिनलाई लिइन्छ । जगतपाल महाविहारका चक्रेश्वर आजुहरुबाट उक्त दिनमा चक्रसम्वर वज्रदेवीको स्थानमा मामकीको पनि पूजा गरिन्छ । यस पूजामा १५ जना स्थविरहरु मात्र बसेर वज्रयानी मत अनुसार गुह्य पूजा गरिन्छ ।

आगम घरको पूजा पछि जगतपाल महाविहार प्राङ्गणको पूर्वमा रहेको सरस्वतीको स्थानमा आई कलशार्चन पूजा गरिन्छ । उक्त पूजामा १५ स्थविरहरुद्वारा मन्जुश्रीको मन्त्र जप गरिन्छ (हेर्नुहोस परिशिष्ट २२ मा)। उक्त पूजामा १५ स्थविरहरु मात्र नभई उपस्थित अन्य गुठीयारहरुलाई पनि सम्मिलित गराइन्छ ।

करिव २० वर्ष अगाडी देखि स्थानिय यूवा बज्राचार्यहरुको सक्रियतामा चिलंच्व चैत्य अगाडी सामूहिक ब्रतबन्ध र सामूहिक बेलविवाह गर्ने कार्यको थालनी भएको छ (हेर्नुहोस फोटो संख्या ३१) । उक्त कार्यले अहिले ख्याती पाएको छ । शुरु गर्दा ८, १० जना केटाकेटीबाट मात्र सुरु गरेको सामूहिक कार्य गत सालमा ३०० जना सम्म पुगेको तथ्याङ्क रहेको छ ।[35]

व्यक्तिगत रुपमा आ–आफ्नो घरमा ब्रतबन्ध वा बेलविवाहको कार्य गर्दा पैसा बढी खर्च हुने र झन्झट पनि हुने हुँदा आजभोलि यो परम्परा धेरै लोकप्रिय भएको देखिन्छ । यस कार्यक्रममा कीर्तिपुर नगरबासी मात्र नभई काठमाडौं, ललितपुर, ठिमी, पाल्पा, पोखरा, नारायणगढ, चैनपुर, धरान आदि ठाउँबाट पनि मानिसहरु आएको देखिन्छ । उक्त दिन जगतपाल महाविहारको प्राङ्गणमा हजारौं मानिसहरुको घुइँचो देख्न पाईन्छ ।

## ४.५ बुद्ध जयन्ती

35 सौजन्य. जगतपाल महाविहार संरक्षण संघका अध्यक्ष श्री बाबुकाजी बज्राचार्यबाट ।

`

शान्तिका नायक भगवान गौतम बुद्धको जन्म भएको, बोधिज्ञान प्राप्त गरेको र महापरिनिर्वाण लाभ गरेको त्रिसंयोगको दिनलाई बुद्ध जयन्तीको रुपमा मनाइन्छ । देश भरिका विभिन्न स्थानहरुमा हर्षोल्लासका साथ वैशाष पूर्णिमाका दिन बुद्ध जयन्ती मनाइने गरे झैं, कीर्तिपुरको जगतपाल महाविहारमा पनि बुद्ध जयन्ती भव्य रुपमा मनाउँदै आएको छ ।

पूर्णिमाको दिन सर्वप्रथम आगमघरमा रहेका चक्रसम्वर वज्रदेवीको स्थानमा महाविहारका स्थविरहरु वसी पूजा गरिन्छ । बुद्ध पूर्णिमाको दिन बिहान देखि विभिन्न कार्यक्रमहरु हुन्छन् । बिहान भजन किर्तन, नामसंगिति गायन, फोटो प्रर्दशन, स्वास्थ्य शिविर, बुद्ध पूजा, धर्म देशना गरिन्छ भने मध्यान्ह पछि शाक्यमुनी बुद्धको खट् साथै दिपंकर बुद्धलाई पनि बाजागाजा सहित कीर्तिपुर परिक्रमा गराइन्छ । जगतपाल महाविहार प्राङ्गणवाट जात्रा शुरु गरी स्वही ठाउँमा आएर समापन गरिन्छ । जात्रामा विभिन्न टोलमा रहेका बाजा गाजा सहित बौद्ध धर्मावलम्बीहरुले भागलिने गर्छन् (हेर्नुहोस फोटो संख्या ३२) ।

बुद्ध संम्बत २५५३ मनाउने कममा यस महाविहारवाट पहिला जस्तै **“२५५३ बुद्ध जयन्ती विशेषांङ्क”** पनि प्रकाशित गरेको थियो ।

## ४.६ सम्यक पञ्चदान

ललितपुरको नागवहालमा हरेक पांच वर्षको फरकमा मनाइने पंचदानलाई सम्यक पञ्चदान भन्ने गर्छ । नागबहालमा मनाइने सम्यक पञ्चदानलाई स्थानिय भाषामा ईल्हने सम्यक भन्छन् । यो सम्यक पर्व पाटनमा मनाइने पर्वहरु मध्ये कै महत्वपूर्ण पर्वको रुपमा हेरिन्छ । सम्यक पर्वमा दिपंकर बुद्धलाई विषेश स्थान दिएको हुन्छ (हेर्नुहोस फोटो संख्या ३३) । पाटन इलाका भित्रका मूख्य १८ महाविहार, शाखा विहार, बहीः, आदि गरि करिव १०५ स्थानवाट नागवहालको चोकमा ल्याइने दिपंकर तथागत, शाक्यमुनि बुद्ध, मैत्रेय बोधिसत्व, आर्यतारा, प्रज्ञापारमिता, वसुन्धरा, आर्यावलोकितेश्वरलाई विशेष स्थान दिएको पाइन्छ । यसरी निमन्त्रण स्विकार गरि आउनु हुने बुद्ध बोधिसत्वहरु क्रमवद्ध मिलाएर राखेको हुन्छ । अनि राखेका देवदेवीहरुलाई भक्तजनहरुद्वारा आफ्नो गच्छे अनुसारले दान गरीन्छ ।

`

जगतपाल महाविहारमा भएको सम्यक तथागतको लागि पनि निमन्त्रणा आउंछ, उक्त पञ्चदानमा यस महाविहारवाट लगीने सम्यक तथागतलाई अग्रस्थानमा राखिने गरिन्छ । पाटनमा हुने कुनै पनि बौद्ध कार्यक्रममा यस महाविहारको सहभागिता निरन्तर हुने गर्छ ।

## ४.७ विविध धार्मिक कार्य

माथि उल्लेख गरिएका धार्मिक कार्य बाहेक जगतपाल महाविहार प्राङ्गणमा बेलाबखत निम्न धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरु पनि हुंदै आएका छन् ।

### ४.७.१ द्यो थाय्गु (देवताको मूर्ति ढाल्नेकार्य)

श्रावण शुक्ल प्रतिपदा देखि भाद्र औंशीसम्मको गुंला मासमा जगतपाल महाविहार संरक्षण संघको सक्रियतामा यहांका बज्राचार्यहरुवाट द्यो थाय्गु (माटोको देवताको मूर्ति बनाउने) धार्मिक कार्यक्रम संचालन गरिन्छ । यसका लागि विशेष प्रकारको शुद्ध कालो माटो प्रयोग गर्ने गरिन्छ । महिनाभरि साधक र साधिकाहरुद्वारा तयार गरेको माटाको मूर्तिहरुलाई अन्त्यमा कुनै बौद्ध धार्मिक स्थलमा राख्ने वा गर्भमा हालेर नयां चैत्य स्थापना गरिन्छ । माटोद्वारा मूर्ति बनाउने समयमा मन मनले निम्न वाक्य उचारण गरिन्छ ।

*ॐ नमो बुद्धाय ॥ ॐ नमो धर्माय ॥ ॐ नमो संघाय ॥ ॥ स्वस्तिवः कुरुतांबुद्धः स्वस्तिदेवाः सशतकाः ॥ स्वस्तिसर्वाणि भूतानि सर्वकाले विशन्तुवः ॥* (हेर्नुहोस परिशिष्ट २३ मा)

### ४.७.२ गोदाः मत बाल्ने

कति पुन्हि वा आश्विन पूर्णिमाका दिन जगतपाल महाविहारको प्राङ्गणको पूर्वी दिशाको दायां भागमा १३३ वटा गोदाः मत (आकाश दीप) प्रज्वलन गर्ने गरिन्छ । यो दिनमा विहान देखि महाविहार वरपर सरसफाइ गर्ने, महाविहार तथा चिलंच्व चैत्य लगायत सबै ठाउंमा चून पोत्ने कार्य गरिन्छ ।

तहतह परेको काठको खट माथि बत्ती (दीप) राख्ने ठाउं बनाइन्छ । तलबाट माथि दीपको संख्या कम हुंदै सबैभन्दा माथि एउटा मात्र दीप राखिन्छ । गोदाः मत बाल्ने जिम्मा गोदाः मत गुठीले गर्दै आएको छ । त्रिभुवन विश्वविद्यालयले जग्गा अधिकरण गर्दा गुठीको जग्गा परेकाले

गुठियारहरुले हाल यो कार्यक्रम चन्दा उठाई त्यस रकमबाट गर्दै आएका छन् । साथै थानकोटका मानन्धरहरुले यस दिन महाविहार प्राङ्गणमा वार्षिक यज्ञ गर्ने गर्दछन् । यो परम्परा ने.सं. ९८० मा मूल चैत्य माथि छत्र चढाए देखि शुरु भएको हो । यो कुरा मूल चैत्यको खुडकिलामा राखेको ढुङ्गाको हात्तिमुनीको शिलापत्र (फोटो संख्या २०)मा उल्लेख गरेको पाइन्छ । यो जगतपाल महाविहारको जन्म जयन्तिको दिन पनि हो ।

### ४.७.३ सकिमना पुन्हि (कार्तिक पूर्णिमा)

सकिमना पुन्हि वा कार्तिक पूर्णिमाका दिन बेलुकी जगतपाल महाविहारको प्राङ्गणमा भजन गर्ने, नामसंगिती पाठ गर्ने र भक्तजनहरुले श्रद्धाले ल्याएको हलिमलः (भुटेको गेडागुडी), उसिनेको सख्खरखण्ड, पिंडालु आदि राखेर चैत्य स्वरुपको आकृति बनाउने परम्परा छ, जसलाई हलिमलः पासा तय्गु भनिन्छ । भजन, नामसंगिती पाठको समाप्ति पछि उपस्थित भक्तजनहरुलाई त्यो हलिमलः प्रसादको रुपमा बांडीन्छ । सबैले प्रसाद स्वरुप हातमा लिएर खाँदै घर फर्कन्छन् ।

### ४.७.४ धलं दनेगु (व्रत वा उपोषद बस्ने)

प्रत्येक महिना अष्टमीको दिन पारी एक दिनका लागि व्रत बस्ने गरिन्छ । गुरु बज्राचार्यहरुले सिकाए अनुरुप गुरुमण्डल बनाएर पूजा गर्ने गरिन्छ । यस दिन ब्रतालुहरुले अष्टशील पालन गर्ने गर्दछन् । यस्तो ब्रतको कार्यक्रम पनि जगतपाल महाविहारका यूवा सदस्यहरुको सक्रियतामा संचालन हुंदै आएको छ । विहार प्राङ्गणमा मात्र नभएर विभिन्न धार्मिक स्थानहरुमा गई पूजापाठ तथा व्रत बस्ने पनि गरिन्छ । वज्रयानी व्रत निम्नानुसारको हुन्छ–अष्टमी व्रत, तिला व्रत, धर्मधातु व्रत, आर्यतारा व्रत, आदि । व्रत बस्ने पर्वहरु, जस्तै–मुखः अष्टमी, गातिला, गुंला व्रत, चतुर्दसि व्रत आदि ।

बौद्ध धर्म, बौद्ध संस्कृति भित्र बौद्धआचरणको अभ्यासको कममा बुद्ध बोद्धिसत्वहरुको स्मरण पूजा पाठ गरि निरामिस भोजन गर्ने तथा दश अकूशल कार्यलाई छोड्ने नै व्रत वा उपोषद व्रतको मुख्य उद्देश्य हो । दश अकूशल भन्नाले काय (शरीर) – १. प्राणिहिंसा, २. चोरी, ३. परस्त्री गमन, नगर्ने । वाक (वचन) – ४. झुठा कुरा, ५. चुक्ली, ६. अरुलाई विगार्ने, ७. मन दुःख्ने गरी भन्न छोड्ने । चित्त(मन) – ८. लोभ, ९. मोह, १०. ईर्ष्या आदि नगर्ने पर्दछन् ।

`

### ४.७.५ बौद्ध प्रार्थना, ध्यान र प्रवचन

वि.सं. २०६० सालमा त्रिभुवन विश्वविद्यालय बौद्ध अध्ययन केन्द्रीय विभागका तत्कालिन प्रमुख डा.नरेशमान बज्राचार्यको संरक्षकत्वमा, स्थानीय ज्येष्ठ गुरुजु स्व.धर्ममुनी बज्राचार्यद्वारा समुद्घाटन भई नेपाल परम्परागत बौद्ध धर्म संघको शाखा कीर्तिपुर जगतपाल महाविहारमा स्थापना भयो । यस शाखावाट प्रत्येक हप्ताको शनिवार विहान स्थानिय यूवाहरुको सक्रियतामा बौद्ध प्रार्थना, ध्यान र प्रवचनको कार्यक्रम संचालन भै आएको छ ।

जगतपाल महाविहारको प्राङ्गणमा हुने उक्त कार्यक्रम हाल निक्कै लोकप्रिय भएको छ । प्रत्येक हप्ताको एक पटक हुने उक्त कार्यक्रममा सहभागि हुने श्रद्धालुहरुको संख्या दिन पर दिन वढ्दै गएको कुरा आयोजकहरु भन्छन् । स्थानिय वज्राचार्य यूवाहरुले संचालन गर्दै आएको कार्यक्रमहरु समय सुहांउदो रुपमा संचालन भएकाले भागलिने श्रद्धालुहरु धेरै जसो यूवा यूवतिहरु वढी भएको देखिन्छ । शुरुमा पाटनको उपशाखाका रुपमा स्थापना भएको थियो । अहिले आफै एक शाखाको रुपमा संचालन भएको छ ।

### ४.७.६ चक्रसंम्वर त्रि–समाधि ध्यान

जगतपाल महाविहारमा दिक्षा प्राप्त गरी सकेका सदस्यहरुको लागि २०६५ साल फागुन महिनामा डा.नरेशमान बज्राचार्यद्वारा त्रिसमाधि योग तथा ध्यान प्रशिक्षण दिनु भयो । श्रद्धेय् गुरु श्री बद्रिरत्न बज्राचार्यद्वारा समापन गरिएको उक्त ध्यान प्रशिक्षण कार्य एक महिना चलेको थियो । विहारका २२ जना दिक्षा प्राप्त सदस्यहरुको सहभागिता थियो । त्रिसमाधि ध्यान प्राप्त गरि सकेका सदस्यहरु सवै मिलेर हरेक महिना पूर्णिमाको दिन विहान करिव २ घण्टा योग तथा ध्यान गर्ने गर्दै आएको छ ।

वज्रयान भित्र तीन चरणको समाधि(योग) हुन्छ । १. आदियोगनाम – प्रथम समाधि, २. मण्डलराजग्रीनामः – द्वितीयः समाधि र ३. कर्मराजग्रीनामः – तृतीयः समाधि । यसरी तीन चरण युक्त भएको समाधिलाई 'त्रिसमाधि' भन्छन् । श्रीचक्रसम्बर त्रिसमाधिको मूल विषय 'श्रीचक्रसम्बर' हो । श्रीचक्रसम्बरलाई श्रीहेरुक पनि भनिन्छ । श्रीचक्रसम्बर अर्थात श्रीहेरुक कुनै पनि शब्दकोशमा उल्लेख भएको हुंदैन । यो बज्रयान बौद्ध धर्म–दर्शनको परिभाषिक शब्द हो । श्रीचक्रसम्बर एउटा

शिर, दुई हात भएको मुर्ति पनि देख्न पाइन्छ, भने चारवटा शिर, छ वटा हातको पनि छ । त्यस्तै जगतपाल महाविहारमा चारवटा शिर, बाह्रवटा हात भएको मुर्ति छ । यस्को विस्तृत विवरण माथी भै सकेको छ ।

## ४.७.७ पता चढाउने

जगतपाल महाविहारका यूवा सदस्यहरुको सक्रियतामा नेपाल परम्परागत बुद्ध धर्म संघको आयोजनामा विभिन्न देव देवीका स्थानमा पता चढाउने कार्यक्रम चलिरहेको छ । जम्मा पांच ठाउँमा चढाउने कार्यक्रम रहेकोमा अहिले सम्म तीन ठाउँ जगतपाल महाविहार, चिलंच्व कीर्तिपुर, बुँगद्यः(रातो मच्छिन्द्रनाथ) पाटन र बाघ भैरव स्थान कीर्तिपुरमा सम्पन्न भईसकेको छ । बांकी आनन्दादि लोकेश्वर, चोभार र सृष्टिकान्त लोकेश्वर, नाला काभ्रेमा चढाउन वांकी रहेको कुरा आयोजकहरु बताउनु हुन्छ ।

पता चढाउने मात्र नभई सत्व पूजा, ध्यान, प्रवचन, नामसंगिती वाचन आदि कार्यक्रम पनि समय समयमा गरिन्छ । पता चढाउनु भन्दा बुन्न ज्यादै कठीन हुन्छ । मन्दीरको उचाई जति छ त्यती नै लम्वाईको कपडा बुन्न चोखो भएर केही पनि नखाई बुन्नु पर्दछ । लम्वाइलाई जोड्न नमिल्ने, पुरा एउटै हुनु पर्ने हुन्छ । यसरी कठीन भएको कारणले गर्दा आजभोली यस प्रकारको पूजा गर्ने भक्तजनहरु कम हुंदै गईरहेको कुरा महसूस भईरहेको छ । जगतपाल महाविहार संघवाट यसरी गरिएको कार्यक्रममा हरेक पटक ५०० भन्दा बढी भक्तजनहरुले भागलिएको जानकारी प्राप्त भएको छ । हिनयानमा यस्लाई कठीन महोत्सव भन्ने गरीन्छ । यो पूजामा सहभागि हुने सवैद्वारा ध्यान गर्दा मन मनै यो मन्त्र वाचन गरिन्छ ।

*ॐ नमो आर्यावलोकितेश्वराय बोधिसत्वाय महासत्वाय महाकारुणिकाय तद्यथाः*

*ॐ धरणिधरे धराधरे भद्रे सुभद्रे स्वाहा ॥*

`

# अध्याय पाँच

## निष्कर्ष

जगतपाल महाविहार उपत्यकाको प्रमूख तीन शहर मध्ये पाटनका १८ महाविहारहरु मा एक हो । पाटनमा कुनै पनि धार्मिक कार्यक्रमको लागि १८ महाविहारहरुको छलफल हुने बेला यस महाविहारलाई पनि समावेश गरिएको हुन्छ । पाटनका प्रधान महापात्र जगतपाल वर्माद्वारा ने.सं. ६३५ मा पाटन पिम्बहालमा भएको चिलंद्य चैत्य वास्तु संग हु बहु मिल्ने गरि यस महाविहारको प्राङ्गणमा भएको चिलंच्व चैत्यको जिर्णोधार गरियो । चिलंच्व चैत्य जिर्णोधार गरि त्यसैको दक्षिणमा जगतपाल महाविहार स्थापना गरेका थिए । निर्माण पछि ने.सं. ७८१ र ने.सं. ८३६ मा विहार जिर्णोधार भएको पुष्टि मिल्दछ ।

यस्को केहि वर्ष पछि ने.सं. ८७७ मा पाटनका बौद्ध धर्मका एक अनुयायी सुक्षम भारो भन्ने व्यक्तिद्वारा महाविहारको बाहिरी ढोकाको दांया बांया शारीपुत्र र मौदगल्याणको मूर्ति स्थापना गरियो । अन्तिम पटकको जिर्णोधार ने.सं. ११२७ मा यसै महाविहारका सम्पूर्ण सदस्यहरुको सकियतामा भएको थियो ।

जगतपाल महाविहारको संघ संरचना, चूडाकर्म संस्कार, आचार्यभिषेक कार्य, चिलंच्व चैत्यमा गर्ने नित्यपूजा, क्वाःपाद्यः (अक्षोभ्य बुद्ध) मा गर्ने नित्य पूजा, आचार्य गुठी, स्थविर लुयेगु, चक्रेश्वरको काम र कर्तव्य, महाविहारको आगमकोठामा गर्ने नित्यपूजा, दशमी (दिशि) पूजा, संल्हु पूजा आदि वारेमा यथास्थानमा उल्लेख गरिएको छ ।

अध्याय चारमा जगतपाल महाविहारमा हुने गरेको धार्मिक तथा सांस्कृतिक कार्यहरु वारे उल्लेख गरिएको छ । साँस्कृतिक पक्ष तर्फ दैनिक, साप्ताहिक, मासिक तथा वार्षिक कार्यक्रम जस्तै – आर्य नामसंगिति स्त्रोत्र पाठ, गुंला पर्व, सनाः गुठी, पञ्चदान, वसन्त पञ्चमी, बुद्ध जयन्ति, सम्यक पञ्चदान आदि पर्दछन् । यस्तै जगतपाल महाविहार संघवाट विभिन्न समयमा तल उल्लेख गरिएका कार्यक्रमहरु पनि गरिँदै आएको छ, जस्तै–द्यो थाय्गु (देवताको मूर्ति बनाउने), गोदाः मत

`

बाल्ने, सकिमना पुन्हि (कार्तिक पूर्णिमा), धलं दनेगु (व्रत वा उपवास बस्ने), पता चढाउने, बौद्ध प्रार्थना ध्यान र प्रवचन, चक्रसंम्वर त्रि–समाधि ध्यान आदि ।

जगतपाल महाविहार संघ भित्र नियमित रुपमा गुठी एवं अन्य धार्मिक तथा सांस्कृतिक कार्य गर्नकालागि गुठीयारहरुको एउटा व्यवस्थापन समिति रहेको छ । व्यवस्थापन समिति विधिवत रुपमा सरकारी कार्यालयमा दर्ता गरिएको छ ।  समितिको नाम “जगतपाल महाविहार संरक्षण संघ, चिलंचो, किपू” रहेको छ । यस समितिले समय सापेक्ष निति नियम बनाईएको छ । हाल महाविहारमा संचालन हुंदै आएको कार्यक्रम सोहि निति नियम अनुसार चल्दै आइरहेको छ । यसै समितिको रेकर्ड अनुसार महाविहार परिसर भित्र हुने कार्यक्रमहरु कस्को पालो हो र कस्ले के गर्ने भन्ने वारेमा सम्पूर्ण विवरणहरु स्पष्ट खुलाईएको छ । जगतपाल महाविहार संरक्षण संघको वार्षिक कार्य सूचि यस प्रकार छ । जस्तै – जगतपाल महाविहार (दिगी छें) जिर्णोधार, जगतपाल महाविहारमा चिलंचो चैत्य, क्वापाद्यः र आगम देवस्थानमा नित्य पूजा गर्ने, हरेक महिनाको शुक्लपक्ष अष्टमिका दिन ठाउं ठाउंमा गई अष्टमि व्रत, उपोषध व्रत संचालन गर्ने, प्रत्येक वर्ष श्री पञ्चमिका दिन सामूहिक व्रतवन्ध र वेलविवाह कार्य संचालन गर्ने, प्रत्येक वर्ष वैशाष पूर्णिमाको दिन बुद्ध जयन्ति समारोह मनाउने, जगतपाल महाविहार परिसर भित्र कुनै पनि संघ संस्थाहरुले आयोजना गर्ने काममा सहयोग गर्ने र आगामि वर्ष देखि यस महाविहार परिशर भित्र निर्माण कार्य को लागि यू.डि.एल.ई. र जि.टी.जेड.संग समन्वय राखि कार्य गर्दै जाने उल्लेख छ ।

केहि वर्ष पूर्व सम्म महाबिहारको अनगिन्ति अमूल्य देवदेवी मूर्तिहरु लगायत महाविहार स्थापना, गुठी आदि सित सम्बन्धित ताडपत्र, भोजभत्र, शिलापत्र, शिलालेख तथा अन्य बिभिन्न ऐतिहासिक एवं प्राचिन सामाग्रीहरु संग्रहित थिए । तर ति सामान र देवदेवीको मुर्तिहरुको चोरी हुने कम बढन थाल्यो । त्यस अवस्थामा बांकी रहेका ऐतिहासिक वस्तु चोरी हुनुवाट बचाउन सम्बन्धित पक्षले सुरक्षा व्यवस्थागर्न कठीन भएको महशुस गरे । अन्तमा उनिहरुले ती देवदेवीहरुका मूर्ति र अन्य प्राचिन सामाग्रीहरु नेपाल सरकार गुठी संस्थानको केन्द्रीय ढुकुटी हनुमान ढोकामा बुझाउने काम गरे । बांकी अन्य सामाग्रीहरु राष्ट्रिय संग्रहालयमा बुझाए । यी सामानहरुमा बिहार निर्माण हुनु भन्दा अगाडी अर्थात छैठौं, सातौं शताव्दीका अमूल्य सामानहरु पनि परे । यस्ता ऐतिहासिक सम्पदाहरु महाविहारमा नभएको हुंदा अध्ययन, अनुसन्धान र तथ्याङ्क

संकलन गर्न समस्या आइ परेको छ । यी सबै हुनुको मुख्य कारण गुठीयारहरुको एक आपसमा बैमनस्यता भएकोले हो । भाई फुटे गंवार लुटे भन्ने उखान जस्तै जगतपाल महाविहारमा दाजुभाईको झगडाले कीर्तिपुरको अमूल्य सम्पदा अव हाम्रा भविष्यका पुर्खाले देख्न र अध्ययन गर्न नपाउने स्थितिमा पुग्यो । यो कम पिडाजनक विषय होईन ।

एकातिर बिहारमा भएका प्राचीन धरोहरहरु आफ्नो बिहारले संरक्षण गर्न नसकी सरकारको जिम्मा लगाउने काम भै रहेको छ भने अर्कोतिर जगतपाल महाविहार परिशर भित्र अहिले नयां कृतिहरु थप्ने कार्य भै रहेको छ । धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्व बोकेको बौद्ध स्मारकमा अन्य नौला आयामहरु जथाभावी थपिनु कतिको उचित हो विचार गर्नु पर्ने देखिन्छ । यसरी नौला आयाम थप्नु भन्दा पुराना पुरातात्विक वस्तुलाई नै जिर्णोद्वार गर्न सकिएमा कीर्तिपुरको यस स्मारकलाई एक नमूनाको पुरातात्विक, धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलको रुपमा विकास गर्न सकिने थियो, यसमा दुई मत छैन ।

`

## परिशिष्ट

१ मूल नगरम् – प्राकार, खार, गन्ह, राजधानिक, देव, मण्डप, श्रोती, वेद, युदिशि आदि पंडित लोक थ्वतेसेन मण्डल जुव। शाखा नगरम् – थ्वथ्यंग्व नगर लिस्यं च्वंग्व चची नगर।

२ सं. ४६७ अस्विनि शुद्धि ३ श्री देवलदेवी सवो अनखरामसवो जीस्यं मनिंगलया राज काया मुप्तिँखा कीतपुरी, वलंवु, येताक्वाठ, ख्वयंप।

३ चिलंच्व चैत्यको शिलापत्रको मूल पाठ –

१. (ॐ नमो भग)वते परमधर्म्म धातुवागीश्वराय ............. प्रभाश्वर......................

२. ............प्रंथितः ........ स व .... सकलगणगुणमय .....................

३. ..........॥ नेपाले........दारण.......म्भागे........सदा...........

४. ............. श्री ........... मल्लनृपति ............धर्म्म....वन पाल ...कनक...पात्रवंश....

५. ....प्रशस्तिप्रभाश्वर.....सप्त.....पालके.....संपालि.....वश......वदार.....इ(त्यु)........

६. .......रमण महापात्र समस्त पद्म..... पात्रज....... लकः ॥ ..........जययोग्य मान........ श्रीदेवलक्ष्मीपति नेपाले खलु–

७. लस्य विजयी श्रीविश्वकर्मा...... यः॥ .......गुणनिधि........चूडामणिर्न्नाम्ना श्रीपरि.......पालक जगत्श्रीमज्जगत्पा–

८. लकः ॥ तत भार्याच विख्याता........ कीर्तिपुर ........ । श्रीरमलकीर्ति नाम्ना लक्ष्मी........ संयुक्त...........

९. स्मित......... नो भूसमो धीरः सर्वगुणाकरैकजलधिर्वशे ..........................

१०. त्नाम्ना श्रीमति............ विक्रम...........श्री........... पालो जयी । तेनेवामिततेजसा..... विराजित........ श्रीमत्कान्तिपुरं ........... पतनै ...........

११. ........भास्कर ..... रचना देदीप्यमानो........ तत्रैव ....... करणे..........मनः।

१२. अथ कीर्तिपुरे ..........त्रिषुलोकेषु विश्रुत । पद्मकाष्टगिरिर्नाम्ना भाति स्वर्ग्ग ...... तथा .......... महापात्र श्रीजगत्पालक

१३. वर्म्मणा। तनैव भक्तिभावेन बुद्धधर्म्मार्णवेत च ॥ ० ॥ भू.....कार ..... त्या खलु जगत्पाल .............. वेदशास्त्रविधानेन स्व.............

१४. श्रीपञ्चतथागतान् ॥ नाना.....वीणा....सुमंगलेः। पन्चचेत्यानि निर्भायविधानतः। प्रत्येक.......

१५. ..... च। त प्राकार ..... नानाचितैः सगोपने ॥ ॥ राजा प्रजापातु समस्तवृन्द ... धर्म्म.....श

१६. ......... विधाय ........ रिदगीतवाधै : ......... विलोभनीया । आरम्य ......... दिन ....... नानासम्भारपूरितं मया यज्ञं .........

१७. ......... त्तमशोभनै : । पंच ...... शिर स्वर्णचक्रध्वजावली । नाना मणिगणाकीर्णो ....... नोप श्रीजि...... सिंह

१८. पात्र जगत्पाल बर्म्मणेह निदेशिता । तथागतविशेषज्ञा बौद्धधर्म्मस्य पारगाः .... सवेदेश ...

१९. नाभोजनै ... भिक्षुसंघन विधिरस्य समापिताः । श्रीजयरुप क्रियावज्र आचार्य (जन) जीवकः । हृदयसेन ......

२०. पाध्याय इति ख्यातेश्वकर्मठः । जगत्पालः सपत्नीको यजमानोस्य कीर्तितः । अनेन महता पुण्यसंचयेन महात्म–

२१. नः । महापात्र जगत्पालवर्मनः परमार्थिन : । लोकाश्व सुखिनः सन्तु राष्ट्र मंगलमस्तु च । जगत्पालः सपत्नीको

२२. भुक्तिं मुक्तिं च विन्दतां । क्रियाचार्या .... लभतां विपुलं फलं ॥ कुण्लैः कण्ठकैः पट्टवस्त्रदानेरलंकृता । विश्वकर्म–

२३. .....सर्वे कर्म्मिणोऽपि विचक्षणाः ॥ ॥ वर्ष नेपालजाते शरगुणरशके जेष्ठशुक्लाष्टमीके नक्षेत्रे पूर्व फाल्गुन्य .......

२४. ..... वज्रयोगे ...... बारे चान्द्रे वृषष्ठे .... सिंहराशिस्थचन्दे पञ्च श्रीबुद्ध चैत्य प्रथितव–

२५. रशिरः स्वर्णच्छत्रावरोहः ॥ ॥ श्रेयोऽस्तु । सम्वत् ६३५ फाल्गुण शुक्ल प्रतिपद्यां तिथौ पूर्व भद्रनक्षत्रे ...

२६. शिव प्र साध्ययोगे बुधवासरे थ्व दिन कोन्हु पादस्थापन ॥ फाल्गुण शुक्ल दशम्यायां तिथौ आर्द्रानक्षत्रे सो ...

२७. भाग्ययोगे शुक्रवासरे थ्व कोन्हु द्वारस्थापन ॥ ० ॥ वैशाख शुक्ल द्वितीया प्र तृतीयायां तिथौ कृतिक प्ररोहिनि

२८. नक्षेत्रे सोभनयोगे सोमवाशरे थ्व दिन कोन्हु येतशि सोडा पिवखा देव स्थापन ॥ ० ॥ जेष्ठ शुक्ल सप्तमी प्र अष्ट–

२९. मी आदीत्यवाशरे थ्व कोन्हु अग्निस्थापना । थ्वनं सति प्रतिष्ठा ॥ थ्वनं सति रात्रिक्रिया थ्वन सँति पूर्णा दीन ॥

३० स्वस्ति श्रीललितपट्टने ॥ श्रीश्रीमत्पशुपतिचरणकमलशेवित श्रीश्रीमानेश्वरीवरलब्ध प्रसादित प–

३१. रमभट्टारक परमेश्वर महाराजाधिराज श्रीश्रीजयरत्न मल्लदेवस्य ॥ श्रीश्रीजयरण मल्ल देवस्य ॥ श्रीश्री–

३२. जयराममल्लदेवस्य विजयराज्ये ॥ ॥ श्रीश्रीमानीगलके ॥ श्रीमत्श्रीश्रीमदार्यावलोकितेश्वर चरण पंकजशे–

३३. वित श्रीश्रीमत् श्री ........ राधन ॥ श्रीमत् श्रीश्रीजलमण्डपथलचैत्यपंच तथागत सेवा तत्पर

३४. श्रीमत् श्रीश्री .... चक्रअर्च्चन श्रीमत् श्रीश्रीहरसिद्धिवरलब्धप्रसादित श्रीमत्श्री–

३५. श्रीमहावीर ... श्रीमत् श्रीश्रीइन्द्रायणी व्याघ्रेश्वर पूजननिरत तथाच श्रीमत्

३६. श्रीश्रीमानेश्वरीचरण ..... श्रीश्रीससक्तियोगाम्वराराधनतत्परमिति श्रीमत् श्रीश्री–

३७. चक्र सम्वर वज्रबाराही ..... जास्थापनाचार्य लुब्ध राज गजांकुश सरणागत रा–

३८. ज वज्रपंजर भ्रं ..... सप्तकुटुंवज प्रधान महापात्र असुर नाराय

३९. ण श्रीजय जग (त्पाल) ........................ ॥ तस्यात्मज चक्रनारायण श्रीजय–

४०. रक्षपालवर्मा ..............क्ष्मी ठकुरिणीसन मन्त्रि श्रीवच्छवहा–

४१. र वशुरा ................... विहार श्रीमत् श्रीश्रीपञ्चचैत्य भट्टार–

४२. कत्वं नि ..................... विहार मूलाचार्य श्रीज्ञानजीणजु

४३. त्वं ॥ कर्म्म ....................जयश्रीहृदयसेनजुत्वं ॥ पुनभापा

४४. ............... क्यवं बु प्येक ............ नकबहार दंज्या सिज्याक

४५. ............. कुसुमजु ...........नकविहारी श्रीबुद्धि .......... त्वं श्रीहृ–

४६. .................निवा (सि) ........... जुत्वं श्रीजय ..... जुत्वं ॥ ताम्वका(र)

४७. ............... नाठू भारो । कोविछें ..............................

४८. .....................॥ थ्वते ॥ कर्म्मस ..................

४९. .............. (रु) पसिंह भारो ॥ ० ॥

५०. ............... शुय ३० स .................... भिक्षुभोजनप दम्म–

५१. ...दम्म .......... भोजनपे ..... ॥ पुनभाखा ॥ वशु .....

५२. ......................... रुपजुसन वलि ......... श्रीहृदयसेन जुस्यं .....

५३. पाठ .......... जजमान ........ भारो ॥ चिताकार्ययाक जिवरख भारो थ्वतेस .....

५४. ख्येप .......... जजमानस्य स्वभार्या स्वपुत्रपोत्रादीनां .....

५५. खड्गसिद्धि प्रतापवृद्धि ..... धन ..... (ल) क्ष्मी ..... शुखसम्पदं अनुत्तर पदं भवतु ॥ ॥ शुभमस्तु ॥[36]

व्याख्या

५५ पङ्तिको यस अभिलेखको निकै भाग खण्डित भइसकेको छ । सुरक्षाको अभाव हुँदा जान्न सकिने राजनीतिक, धार्मिक, आर्थिक, सामाजिक कुरामा यस अभिलेखबाट पर्न सक्ने निकै प्रकाश अब धमिलो भएको छ । हुन पनि बिशाल यस अभिलेखमा तात्कालिक राजनीतिक कुरा पनि केही परेका छन् । हाम्रो परम्परागत धार्मिक उदारताको छाप पनि यसमा परेको पाइन्छ । साथै, यस अभिलेखबाट तत्कालिन अनेक कुरामा प्रकाश पारेकोछ । चैत्य बनाउँदा शुरुदेखि के के विधान पूरा गरे, त्यसको लागि कति समय लाग्यो, जगत्पाल र उनका पत्नी छोरा बुहारीहरुले अर्थात् पूरा परिवारले त्यसमा कसरी सक्रिय भई भाग लिए, इत्यादि कुरा यस अभिलेखबाट थाहा पाइन्छ । अभिलेख खण्डित नभई पूर्ण भएको भए अझ बढी कुरा थाहा पाइन्थ्यो । यस अभिलेखको बढी महत्व रहने थियो, तर निकै भाग सुरक्षाको

36 धनबज्र बज्राचार्य, *मध्यकालका अभिलेख* ( काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५६), पृ ४७३ ।

`

अभावले गर्दा खण्डित भइसकेको छ । केही वर्ष पहिले यसको बढी भाग पढ्न सकिएको थियो, छ सात वर्ष यता पहिलेभन्दा पनि बढी क्षतिग्रस्त भइसकेछ । यस्ता ऐतिहासिक महत्वको कुराको संरक्षण गर्ने व्यवस्था हुन आवश्यक छ ।[37]

४ स्वस्ति ॥ श्रीमाणिग्लाधिपति महाराजाधिराज श्री श्रीजयराज्यप्रकाश मल्ल देवस आज्ञा ॥ कीर्तिपुरीगढस सुनानं सिमा ध्यनेमदु, श्री श्रीराजायात काय दु । ग्वम्हसेन थ्व आज्ञा नाघेय् याङाव............... ।

५ ॐ नमो बुद्धाय ॥ सम्बत ७६२ जेष्ठ कृष्ण अष्टम्यांतिथौ उत्रभद्र

पुनेवति नक्षेत्रे । शोभन योगे शुक्र वासरे । थ्वकुन्हु श्रीशाक्य

वंश हाकुदानपतिन ॥ श्रीशाक्यमुनि ॥ श्रीधर्मधातुवागिश्वर ॥

अहोरात्र यज्ञ याङ स्ठापना याना जुरो ॥ तस्य भार्या मनिका

द्वितीय भार्या वरुणा ॥ तृतीय जमुना पुत्र सहिते पुण्यन जन धन सन्तान लक्ष्मी आयुआरोग्यमस्तु ॥शुभ॥

६ राग : मालश्री ताल : जति

नेपाल मण्डले पद्मकाष्ठपुरे जगतपाल महाविहारे दहन रिद्धि सिद्धि ॥ ॥

सत्कारीत करुणाकर नाम विहारे विराजित, स्वयम्भू मूनि शाक्य सिंह ॥ ॥

नमामि २ श्री स्वयम्भू सतत् श्री शाक्य कुलाधि तथागत सरण ॥ ॥

धर्मचक्र प्रवर्धक प्राच्यादिविदिक्षु दुःखजालछेदक ज्ञान स्कण्डा सोधक ॥ ॥

श्री बुद्ध शाषने प्रज्वलित गगणे रवि शशि सहस्रे आगम विराजित ॥ ॥

निरञ्जन निराकार सून्य सोरुपे समरु महिरे रिद्धि सिद्धि प्रसार ॥ ॥

शसिकर सिद्धि नेपाल हाय्ने माघ पूर्णदिने प्रतिस्थाच कारा ॥ ॥

दानपति पूजिता परिजन सहिता भागिसिंह प्रमुस्थे शुषविण भगत्या ॥ ॥

श्री गुरु वज्रधृक कुलदत्त देवा निसुत धनदत्त भाषित गणिता ॥ ॥

७ ॐ नमो रत्न त्रयाय त्रयोरि सतत्

नम सर्व्व बुद्ध नमस्यामि धर्मञ्च ............. जिन

37 धनबज्र बज्राचार्य, *पूर्ववत* (पाद टीपणाी संख्या ७), पृ ४७७ ।

`

भाषितं संघञ्च शीर संप्रन्न रत्न त्रय नमस्तुते

श्रेयोस्तुसम्बत् ७६७ जेष्ठकृष्ण चतुर्थी धनेष्ठ

नक्षेत्रे विस्कम्भयोङ्गे, शुक्र वासरे थ्वकुन्हु श्री जि

व धर्म महाविहार स्थापना ॥ श्री ३ शाक्यमुनि धर्मधातु

चैत्य ध्वजा लोहन श्री २ (सिद्धिनर) सिंह मल्ल ठाकुर विज्याचक

अहोराज्ञ यज्ञ याङ प्रतिष्ठा याङा जुरो ॥ दानपति

श्री बज्राचाज्य राध्वस्यनजु, त्रस्य भार्ज्या रक्ष्मी माता

तस्य पुत्र श्री जिवराज देव ॥ तस्य भार्ज्या

धवनि, द्वि (भा) ज्या रुकुमनि तस्य

पुत्र श्री चन्द्र ज्योति भात्रे इन्द्र जो

ति थ्वते समुहन याङा जुरो ॥०॥

पद दिवंगत श्री जिवराज देव जुयात, ना

मन : श्री संम्वर देव देवि श्री बोद्ध धर्म संघ

गणेश महाकार दयक प्रतिस्था याङा जुरो ॥ संम्वत ७८३ भाद्र पद शुक्र दसमि

कुन्हु, दानपति तस्यपुत्र श्री चन्द्र जोति, इन्द्र जोति, निम्ह समुहन दय

का जुरो ॥०॥ पुन भाषा थ्वते देव बाहार व्रख प्रति यज्ञयाङ वोसार्द्धन यायमार,

पुनरसपति दसमि पुजा याय मार, कतिनिपुनिसि कुन्हु घृ

तदिवा छोयकेमार ॥ नृत्य पुजा यायमाल ॥ देवया मुरछे वहार रि

विस्य ल्हामत का ( ) जुरो, थ्वतेयात आय, कभ्फर बुरोव १॥ बुरोवु

(रो) व ३ थ्वते दि जुरो ॥०॥ पुन संवत ८०६ पौष शुक्र पञ्चम्यां

तिथो, वृहस्पति वाल, थ्वकुन्हु, थ्व घेत दिवा, शारिक तया ॥ पुन ग

जुरिस, स्वतछत्र दोहरपा ॥ पुनः क्वचपालस न्ह्वने चोङ त

थागतयाके, मतुक दोहोलपा ॥ थ्वतेया दानपति ॥

श्री चन्द्रजोति ॥ तस्यभाय्र्या मजुनि ॥ तस्य जेष्ठपुत्र श्री दान जो

ति ॥ दितिय पुत्र श्री रजोति ॥ तृतिय पुत्र ज्ञान जोति, थ्वते
समोहन दयका जुरो ॥०॥ शुभ मस्तु सर्व्वदा ॥०॥ शुभ

८ श्रेयोस्तु सम्वत ७९९ श्रावण
शुक्ल ॥ पूर्ण्णमास्यांतिथौ ॥ श्रलव
ण नक्षेत्रे ॥ शनैश्चर वासरे ॥ थ्व कुन्हु ॥
किर्तिपुर विहारि व्रम्ह चय्र्य वि
क्षु ॥ श्री देवरथनजुस्व श्रीमत श्री ३ ग
न्धुरि देवस्के खादरुथि प्वात १ दुन्ता
जुरो ॥ शुभ

९ ॐ नमो रत्न त्रयाय ॥ त्रिभ्योपिसततं नमः सर्व बुद्धं
न्मस्यामि ॥ धर्मन्चजिन भाषितं संघच शील ......सम्पन्नंर
त्न त्रय नमोस्तुते ॥ श्रेयोस्तुसम्वत ७९३ (माघ) मासे शुक्र
पक्ष सप्तम्यां तिथौ अशुणि नक्षत्रे शुभ योग यथाक
र्ण मुहुतके, बुधवासरे (मक्र) राशि (गते) सवितरि मे
ष रासिंगते चन्द्रमसि ॥ (तस्मि) न्दिने, महाराजाधिरा
ज श्रीश्री निवास मल्लस्य (विजय राज्य) समये ॥ श्रीचै
त्य रङ न्हथुजवस ॥ श्री ३ बुध धर्म संघ प्रतिमा दयकं
प्रतिष्ठा याङा दिन जुरो ॥ दानपति श्रीचैत्यरङ पच्छिम (य)
तागृहाधिवासित ॥ शाक्यवंश श्री (ज्ञान) जोति तस्य भार्या ल
यिता तस्य भातृ श्रीज्ञारवु द्वितिय भा श्री रुंबुतृतीय भा
तृ श्री रत्नसिंह ॥ पुत्र श्री रत्नजोति, श्री धर्मजोति ॥ थुति
समुहन, दिवंगत पिता श्रीज्ञानचन्द्रजु माता रमनी
जुं पुत्र गुणजोतिजु। थ्व स्वम्हस्त नामन थ्व बुद्ध धर्म्म
संघ प्रतिमा स्ठापना याङा जुरो ॥ शुभ ॥ थुति पुण्यया
प्रभावन शास्त्रोक्त फल प्राप्त मस्तु । जनधन सन्तान
लक्ष्मी बृद्धिरस्तु । प्रान्ते सुखावती प्राप्त मस्तु ॥०॥
गोम्हनं थ्व देव खोन याङा सेनकरसां पन्च महापातक

राक जुरो ॥०॥ गोम्हनं भिनक निदान यातसा पुजा या
तसा पुने राक जुरो, शुभमस्तु सर्व्वजगतां ॥०॥
कथिनियात कुन्हु पुजा याय निसराव जुछिं १ मत
प्वात छि १ छोयके, दानविय सियाफरकी कु
द नसि २ रा पर छि १ थ्वते वच्छि ॥ थुति याय
माल जुरो ॥ ० ॥ शुभ ॥
(हेर्नुहोस फोटो संख्या १५)

१० ॐ नमः ॥ श्रीधर्मधातु वागिश्वराय नमः ॥ नमस्ते पन्चबुद्धोनामात्यादि कुलत्रयमध्यवेलोच नानाकर्थ प्रंचबुद्धं नमोस्तुते ॥ स्वस्ति ॥ अद्यसुवेत वाराहकरपूयादि श्रेयोस्तु सम्वत ८७६ वैशाख मास्य शुक्लपक्ष ॥ षष्टयांतिथौ पुनवसुनक्षत्रे शूलयोगे बुधवासरे ॥ मेषरासि गतेस वितरि ॥ ऋक्ट रासिकते चन्द्रमसि ॥ तस्मिंपर्वदिने घण्ठ ग्वदाल पतिष्ठा गतेस भूय ॥ सम्वत ८७७ श्रावणमाइ शुक्लपक्ष ॥ चतुदसि पर पूर्णमास्यांतिथौ ॥ उत्राषढाय यर । श्रवण नक्षत्रे प्रीतिप्र आयुष्यमान योगे शनिश्चर वासरे ॥ ऋक्टरासि कते सवतरि मक्ररासिकते चन्द्रमसि ॥ अस्मिंचन्द्रग्रास पर्व्वदिने ॥ दानप्रति श्रीकिर्तिपुरि देश भुतिगा म त्वाल ॥ चाफरे यता टोर गृह ॥ बज्राचार्य श्री त्रैलोक्रजुसव ॥ भाज्या धनलक्ष्मी मात्राजुसव द्विभार्या चिकति मात्राजुसव ॥ मातुलसिंह दुवाल, रासियुत गृह बज्राचार्य श्री भागिसिंहजुसव भार्ज्या चिकति मात्रा जुसव त्राते श्रीजयसिंह जुसव भार्ज्या चिकधिक मात्राजुसव ॥ थ्वते समोहन स्वहस्तेन ॥ चैत्ररडस ॥ घंठग्वदाल दुन्ता जुलो ....... घण्ठस प्वात मत सि १२ मत ग्वदारस मतप्वा ॥ त १४२ भूय थव थव छेया चैत्र वहारस ॥ मतप्वात १ छोयेके ॥ श्रीव्यांघ्रश्वलस्के प्वात १ मतग्व १ क ररी चकंयने जुरो ॥ आश्विनी शुल्कया पुर्णमासिकुन्हु घंठ ग्वादार वोसाधन यास्यं जजमान ॥ वोसाधन यातवस्य जोरन थ्वते ॥ जु १ पुजाभरि दिन जज्ञयात अष्टविहिरि मालक्व कुड २ च्याविहय २ सा दुदु ॥ अष्ठा १ साघेर जज्ञ १ क्वछि मारक्व शुकियाओषधि जोरेङाय देवदक्षिना दुंथेसहरिस दं २ गुरुवाहाकन कमुरिज दं ४ दक्षना ॥ उपाध्या महेपातिजु, द ४ दक्षना वासके कुडा तिन विये ॥ घंठ पुजा याय जु १ पुजाभरि ॥ कुढ १ संख्वार पाय । केफं १ जुस्यं मथिरय । जु १ निस रा दं २ दक्षना ॥ चैत्रस दं १ दक्षना ॥ जुन निस्ला ॥ क्व .... दानयात दं १ दक्षना । जु १ निसरादि गीस

जु ॥ पुजाभरि ॥ वोकादि सिमाध्वन पुजा याय जुरो ॥ दं २ दक्षना गुरुवाहा उपाध्याउपिनं ॥ पन्थ थोरिनायक पनि स्यन चौजाहारि मार ॥ पुत्रे २ दक्षना जुरो ॥ यात २ स्वकंधरि, ग्वत्र २ व्य अष्टा २ ङा फं १ वजि सम्हेच ॥ थ्वते धुनका ..... नायकम्ह १४ नकिं म्ह ४ पंचथोरिया । गु रुवाहा, उपाध्या थ्वसजावथ्य जुरो ॥ म्हं १ त्रजु गुरुवाहारया ॥ म्हं १ देव पाराक म्हं १ भिछुजु ॥ थ्वते छेस विज्याचकं पुजन याय जुरो ॥ दं १ दक्षना विय भोजन याचकं यंजमाल श्रीभिछुसु र्यमुनिजु व वर्षप्रति ग्वदार स्वाय ल्होने ॥ विज्याय मार ॥ थ्वते धुनकाव, पुजन यास्यं दं १ दक्षना विस्यं भोपयंके जुरो ॥ चेकन फं ६ वर्षपतिं थ्वते न चाछि जुरो ॥ थ्वतेयात आय स्वहस्तेन दुन्ता ओपिभुर वु रोव षु ६ सेधु वु रोवनि सित्या २॥ थ्वते वुंस प्रदुन्ताभवति थ्वतेवुया वरसान न वर्षप्रतिं आश्विन शुक्लया पुर्णमासिकुन्हु वन्हिस मत छोयकं, दानपिते फं ४ सि यावजि ॥ के फं १ षपनादि ॥ कुड २ ॥ कु १ म्वा ॥ ता १ सरा धारा ॥ थ्वते दानपितानरिपुस्य षन गुथि भाडपनि स्यन भक्षा भोजन जुरो ॥ थ्वतेया चिन्ता याक जजमान श्रीत्रिलोक्यजु श्रीभागी सिंहजु थुथि भाद श्रीधर्मसिरिजु ॥ मतकुर धगुमि लक्ष्मीसिंह भावो, रहंदेव भावो, हाकुदेव भावो देसिंहर भावो

राम भावो थ्वतेग्वदार चिन्ता याक जुरो, थ्वतेया चिन्ता याकम्ह माझर लक्ष्मीसिंह भावो जुरो ॥ थ्वते चिन्ताया

क जजमान गुथि वाहसन वर्षपतिं चिस्त ........ यजमान

कनिष्ठ पहंहाल ग्व प्रहनादि पन्च महापातक

राक जुरो निस्तपहंतारे जुर धनलक्ष्मि संतुति संतान बृद्धिलस्तु थ्वतेया साछि

......... ......... चन्द्र सूर्यतुं जुरो ॥ शुभं ॥

(हेर्नुहोस फोटो संख्या १६)

११ श्रेयोस्तु सम्वत ७८९ आश्विनी शुक्र पन्चम्यातिथौ अनुराध नक्षत्रे

आयुष्मान योगे सोम वासरे थ्वकुन्हु धर्म्मधातु वागीश्वर भट्टार

कसके लोहोन जवखव किसि नेम्ह प्रतिष्ठा याङ तया दिन जुरो ॥०॥

.................... राम भारो ............... राम भारो रस ........... भारो सुषरसिंह
भारो थुति समोहन तया जुरो ॥ शुभमस्तु सर्व्वदा ॥

(हेर्नुहोस फोटो संख्या १७)

१२ ॐ नमः श्रीधर्म धातु वागीश्वराय ॥ आकाशो निर्म्मलोभूत
निष्पप्रन्च गुणाशयः ॥ पन्चस्कन्ध मनशान्तास्तस्मैस्तु पापात्मने न
म ॥ श्रेयोस्तु सम्वत ७८८ अश्विनी शुक्र पूर्णमास्यांतिथौ
रेवति नक्षत्रे, हर्षन योगे शुक्र वासरे ॥ थ्वकुन्हु श्रीचैत्य
रङ धर्मधातु भट्टारकसके, लोहोन मशिरि दयकं प्रति
स्ठा याङा दिन जुरो । दानपति चैत्य रङ पछिं गृहाधिवासित
श्री वज्राचार्य गुनचन्द्र प्रमुखन, श्री देवजोति, श्री ग्यारवु, श्री
सुनादेव श्री जयजोति श्री गुरुदेव श्री जयमुनि श्री हृद
इपार श्री देवजोति, श्री रत्न, श्री देवजोति, श्री धनपति
थुति बुद्धगीत गोष्ठि समुहन दयका जुरो । भुय थुतिसे
नं घण्ठ गोत्र १ दोहरपा जुरो । भुयमशिरिया देवस सूव
र्ण चक्र तयाया चिन्ता याक, श्री जयदेव श्री गुनचन्द्र श्री
धनदेवया, सिजर जुक्व जुरो ॥ बुद्धगीतया गुरु श्री पुन
देव जुरो ॥ शुभ ॥ श्रीश्रीश्री निवास मल्ल देवस्य विजय रा
ज्ये समय वेलस दयका जुरो । थुति पूण्यया प्रभाव
नं शास्त्रोक्त फल प्राप्त मस्तु । शुभमस्तु सर्वदा ॥

(हेर्नुहोस फोटो संख्या १८)

१३ ॐ नमः श्रीशाक्यमुनि नमः ॥
श्रेयोस्तु सम्वत ८३६ फाल्गुण शुक्र पंचमि ॥ वृहस्पति वारे थ्वकुन्हु
चत्रे लक्ष्क्ष ल्होनाव यज्ञ याङन क्वाचपारस पुजा, आगमस पुजा याङ
ओहोया परेस्वान फोर पि ४ स्वभिमं छास्यं जिमङा वाहारया छत्रधारि

वूंगया सूयमि भाव सर्वसंग इष्टमित्र दक्व पुजन याङन सिंह तस्यं धू नकाया, दानपति चुसथलि त्वार वाहार गृह श्री वज्राचार्य शिल जोति भार्ज्या लक्षना पुत्र शिमुन्त देव तस्य भार्ज्या कमरावति थ्वते समुहन देवस्के भक्त याङन प्रतिष्ठा याङा दिन जुरो ॥ शुभ ॥

(हेर्नुहोस फोटो संख्या १९)

१४ त्रि–चक्र चःचा

राग – श्रंगारमालश्री ताल – माथ

त्रिचक्र रविशशि मण्डल माझेः स्थिति आनन्दमुरुति धरा २

वज्रवाराहि आलिङ्गण सँवराः नाना रश्मि महोज्वला ॥

तेना हुं हुं २, तेना ते ते हुं हुं हुं ॥ धु ॥

निलवर्ण चतुर्वत्र प्रतिमुख त्रिनेत्रः परमानन्द मुरुति धरा २

विश्वबज्र अर्धचन्द्र जटामुकुट धरा, हाडाभरण सुशोभिता ॥

वज्र घण्टा, गजचर्म, डमरु खट्वाङ्गे, विरमानन्द मुरुति धरा २

करति कपाल परशु पास त्रिशुल ब्रम्हशिर धराः, ब्याघ्रचर्म कटि वेष्ठिता ॥

दिग्विदिगं काकाश्यादि यमडाकिनी देवी सहजानन्द मुरुति धरा २

नमामि २, श्री चक्रसम्बरः सदगुरु चरण आराधिता ॥

१५ पहिलो – मनुष्य भएर अरुको प्राण नलिनु, दोस्रो – नसालु चीजको सेवन नगर्नु,

तेस्रो – झुठा कुरा नगर्नु, चौथो – अरुको धन सम्पतीमा लोभ नगर्नु,

पांचौ – व्यभिचार(काम वासना) नगर्नु ।

१६ ॐ चतुरत्नमयं मेरुमष्टद्वीपोप शोभितम् ।

नानारत्न समाकीर्ण तद्येऽनुत्तरदायिनः ॥१॥

गुरुभ्यो बुद्धधर्मेभ्यः सङ्घेभ्यश्च तथैव च ।

निर्यातयामि भावेन सम्पूर्ण रत्नमण्डलम् ॥२॥

१७ ॐ बज्रसत्व समय मनुपालय, बज्रसत्वत्वेनो पतिस्थो दृढो मे भव,

सुतोष्यो मे भव सुपोष्यो मे भव अनुरक्तो मे भव, सर्वसिद्धिं मे प्रयच्छ सर्वकर्मसु च मे चित्तश्रियं,

कुरु हुं हहहह होः भगवन् सर्वतथागत, वज्रमामे मुञ्च बज्रीभव महासमयसत्व आः॥

१८ दापा्यां सर्व दिक्षान्त, दीपज्वाला तमप्रभा । घोषयामि प्रशान्त, सर्वज्ञानं प्रसिद्धये ।

रुंजेशवीज निर्यातं सुविशुद्धं महोज्वलम्, वैश्वानरमहं वन्दे सर्व सिद्धि प्रदायकम् ॥

१९ यत्मङ्गलम् सकलसत्वा हृदयिस्थितस्य सर्वात्मकस्य वर धर्मकुलाधिपश्य । निः शेषदोषरहितस्य तत्मङ्गलम् भवन्तु ते परमाभिषेकः ॥१॥ ॐ प्रतिविम्बसमाः धर्माः अच्छा शुद्धा ह्यनाविलाः । अग्राह्याः अनभिलाष्या च हेतुकर्म समुद्भवः ॥२॥

२० ओं नमो भगवते अपरिमितायुर्ज्ञान सुविनिश्चित तेजोराजाय तथागतायार्हन्ते सम्यक्सम्बुद्धाय ।

तद्यथाः ॐ पूण्य पूण्य महापूण्य अपरिमित पूण्य अपरिमितापूण्य ज्ञान संभारो पचिते ॐ सर्व संस्कार

परिशुद्ध धर्म्म ते गगन समुद्गते स्वभावविशुद्धे महानय परिवारे स्वाहा ॥

२१ स्वागत गर्ने नकिञ्चिदुष्णो दकपाद्यमेवच, सशीतलं स्वच्छ सुगन्धिकं तथा ।

करोंति पादौ सुगतस्य श्रद्धया, ततः कुवेरत्वमुपैत्यसौ नरः ॥

टीका लगाउने श्रीखण्ड कुंकुम सुशोभित चन्दनानि, कुर्वन्ति ते सतिलकानि च बुद्ध संघे ।

ये प्राप्नुवन्ति जगतां तिलकापपत्वं, सौन्दर्य रुप मृदु दिव्य विशाल वंशः ॥

अन्न दानमा : सौवर्ण रौप्य विविध धातुज मृण्मयं वा, साल्योदनैः सुपरिपूर्ण सुपिण्डपात्रम ।

भक्त्या ददन्ति सततं जिन साङ्घिकेभ्यः स्यात्तस्य पुण्यमसमं फलमप्रमेयम् ॥

गेडागुडी दानमा :ब्रीहिञ्च धान्यं भुवि संप्रजातं, श्रद्धान्वितं यः प्रददाति संङ्घे ।

इष्टं फलं तस्य भवेत्स नित्यं सर्वार्थ कामं समुपैत्यसौ नरः ॥

वस्त्र दानमा : यज्ञोपदीतं सुकुमार वासं, सम्पादयन्तीह गणोत्तमेभ्यः ।

भूरिष्ट कोषं समवाप्य भूयस्ते प्राप्नुवन्तीन्द्रपदं विशालम् ॥

क्षीर दानमा : माहिष गोरसवरं कनिकान्वितं ये, वैकृत्य तण्डुल सितार्दक लावणते ।

तस्मै ददाति सततं जिन साङ्घिकाय, सं प्राप्नुवन्त्युचित भोग्य सराज लक्ष्मीः ॥

दक्षिणा दानमा : यथानुलभ्यते द्रव्यं दक्षिणां यः प्रयच्छति । धर्मार्थ काममोक्षञ्च प्राप्नोति भक्ति मानसं ॥

दान–प्रशंसा दानं विभूषणं लोके दानं दुर्गति निवारणम्, दानं स्वर्गस्य सोपानं दान शान्तिकरं शुभम्
दरिद्र नाशनं दानं शीलं दुर्गति नाशनम्, अज्ञान नाशनं प्रज्ञा भावना भव नाशनम् ॥

आशीर्वाद पराभवन्तु सदा सुखी आयु आरोग्य सम्पदम् ॥

२२. ॐ नमो भगवत्ये मञ्जुश्री कुमार भूताय बोधिसत्वाय महासत्वाय महाकारुणिकाय तद्यथा: ॐ अरजे विरजे शुद्धे विशुद्धे शोधनी विशोधनी अमरे विमरे जयवाहिनि रुरुचरे हूं हूं फट् फट् स्वाहा ॥

२३. बुद्ध, धर्म र संघलाई नमस्कार ॥ श्री बुद्ध भगवानले सबैलाई मंगल गरुन, कल्याण गरुन ॥ इन्द्रादि देवताहरुले सबैलाई पञ्च महाभूत पृथ्वी, जल, तेज, वायु र आकासले सदा सर्वकाल शुभ मङ्गल र कल्याण गरुन ॥

`

**सन्दर्भ सामाग्री**


१. आचार्य, कूलदत्त — *क्रियासंग्रह पंञ्जिका,* संस्कृत पाण्डुलिपि (सर्वज्ञराज बज्राचार्यको संकलन), ।

२. तेवारी, रामजी समेत (सं) — *ऐतिहासिक पत्र संग्रह,* काठमाडौं नेपाल सांस्कृतिक परिषद वि.सं. २०२१ ।

३. प्रधान, भुवनलाल — कीर्तिपुरको स्थापना, *मधुपर्क,* वर्ष ६, अंक १०, २०३२ (वि.सं.) ।

४. बज्राचार्य, चन्द्रमान(सं.) — *प्राचीन कीर्तिपुर,* कीर्तिपुरः जन चेतना प्रकाशन, १११५ (ने.सं.) ।

५. बज्राचार्य, धनबज्र — *मल्लकालका अभिलेख,* काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.,काठमाडौं, नेपाल २०५६ (बि.सं.) ।

६. बज्राचार्य, हेराकाजी — *क्रियासंग्रह पंञ्जिकामा उल्लेखित प्रवज्याविधिको सम्पादन तथा अध्ययन,* (शोधपत्र), बौद्ध अध्ययन केन्द्रीय विभाग त्रि.वि.कीर्तिपुर, २०६२ ।

७. शाक्य, पं.हेमराज — *स्वयम्भू महाचैत्य,* काठमाडौंः स्वयम्भू विकास मण्डल, काठमाडौं, नेपाल १०९८ (ने.सं.) ।

८. श्रेष्ठ, शुक्रसागर — *कीर्तिपुरको सांस्कृतिक र पुरातात्विक इतिहास,* काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि. २०५७ (वि.सं.) ।

९. बज्राचार्य, कविन्द्र — किपूया गुंला धर्मः छगु म्हसिका, *लकस* कीर्तिपुरः वर्ष ३, अंक ४६, ११२४ (ने.सं.) ।

१०. बज्राचार्य, कविन्द्र, समेनन्द बज्राचार्य, हिरारत्न बज्राचार्य, — *किपूया जगतपाल महाविहार (चिलंचो बहाः) दुनेया बज्राचार्य समुदाय छगु अनुसन्धान,* तेजमान बज्राचार्यः चिलंचो विकास समिति, ११२३ (ने.सं.) ।

११. बज्राचार्य, नरेशमान(सं) — *श्रीहेरुकत्रिसमाधि,* येंः त्रिरत्न प्रकाशन, ११२७ (ने.सं.) ।

१२. बज्राचार्य, सर्वज्ञरत्न — *वज्रयान पूजाविधि संग्रह,* येंः नेपाल बौद्ध संस्कृति संरक्षण केन्द्र, म्ह्यपि, २०६२ (वि.सं.) ।

१३. बज्राचार्य, 'शास्त्री' सद्धर्मराज — वज्रयान छगू अध्ययन, *पलेस्वां,* यलः लोटस रिसर्च सेन्टर, ल्याः १६ ।

१४. शाक्य, पं.हेमराज — सम्यक् महादानया परम्परा व इतिहास, *पलेस्वां,* यलः लोटस रिसर्च सेन्टर, ल्याः २१ ।

१५. श्रेष्ठ, सुख सागर, — *केपूया चिलन्चो बहाः (जगतपाल महाविहार),* कीर्तिपुरः जन चेतना प्रकाशन, १११५ (ने.सं.) ।

१६. Bapat, P.V. — *2500 Years of Buddhism*, Sixth Reprint, Delhi : Publications Division, Ministry of Information and Broadcasting, Govt. of India. 1997 (A.D.).

१७. John K. Lock, — *Buddhist Monasteries of Nepal,* Kathmandu: Publications, Sahayogi Press (P.) Ltd., Nepal 1985 (A.D.).

१८. Karkpatric, William — *An Account of The Kingdom of Nepal*, Kathmandu: Publications, Ratna Pustak Bhandar, Nepal 1969 (A.D.).





१. कीर्तिपुर क्षेत्रको टोपो नक्सा ।




२. जगतपाल महाविहार क्षेत्रको टोपो नक्सा ।


स्रोतः नापी विभाग, मिनभवन ।







३. कीर्तिपुर क्षेत्रको भौगर्भिक नक्सा ।

स्रोतः शुक्रसागर श्रेष्ठ, कीर्तिपुर ।



४. जगतपाल महाविहार प्राङ्गणको हवाई तस्वीर ।



५. जगतपाल महाविहार प्राङ्गणको नक्सा ।



६. ४० वर्ष अगाडी जगतपाल महाविहारको प्राङ्गण । श्रोतः  निल गुत्सो



७. अहिले जगतपाल महाविहारको प्राङ्गण ।

`





८. ४० वर्ष अगाडी चिलंचो चैत्य ।



९. अहिले चिलंचो चैत्य ।


`





१०. जगतपाल महाविहारको स्केच नक्सा ।

`



११. ४० वर्ष अगाडी जगतपाल महाविहारको अगाडीको भाग ।



१२. अहिले जगतपाल महाविहारको अगाडीको भाग ।

`



१३. जगतपाल महाविहारको शिलापत्र (हाल राष्ट्रिय संग्राहलयमा) ।



१४. चिलंचो चैत्यको शिलापत्र ।



१५. चिलंचो चैत्यमा भएको ढुङ्गाको खम्बामा टांसिएको शिलापत्र ।



१६. चिलंचो चैत्यको ठूलो घण्टको तलको शिलापत्र ।

`



१७. चिलंचो चैत्यमा भएको ढुङ्गाको हात्तीमा लेखिएको शिलापत्र



१८. जगतपाल महाविहार प्राङ्गणमा भएको शिलापत्र ।

`



१९. महाविहारमा स्थापित सिंहमा लेखिएको शिलापत्र ।



२०. चिलंचो चैत्यमा भएको शिलापत्र ।



२१. जगतपाल महाविहारको श्रीहेरुक (चक्रसम्बर)।

`



२२ जगतपाल महाविहारको अहिले नयां राखेको र चोरि भएको पुरानो वज्रदेवी ।



२३. चूडाकर्ममा मामाद्वारा शिखा(टुप्पी) काटीरहेको ।



२४. आचार्याभिषेक गरी सके पछि बज्रयानी वस्त्रमा ।



२५. छत्रप्राप्त गरेका स्थविर आजुहरु ।

`



२६. वज्रयान पूजा विधि अनुसार पूजाका सारजाम ।



२७. महाविहारको क्वाःपा द्यो ।

`



२८ आचार्य गुठीको अन्तिम दिन सिङ्गबाट मध्यपान गर्दै एक गुठीयार ।



२९. जगतपाल महाविहारमा दिनहुं नामसंगीति वाचन गर्दै गरेका भक्तजनहरु ।



३० गुंला महिनामा बजाउने धा:बाजा बजाउदै ।



३१. श्रीपञ्चमी पर्वमा सामूहिक व्रतवन्ध र बेलबिबाहमा सहभागि केटाकेटीहरु ।



३२.  बुद्ध जयन्ति जात्रामा सहभागी हुंदै श्रद्धालुहरु ।



३३. जगतपाल महाविहारका दिपंकर तथागत ।